सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१० चैत २०८२, मंगलबार (24 March 2026, Tuesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक ३३४ ■ पृष्ठ १० nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

साँघुरो हलमा नयाँ संसद्

नवनिर्वाचित सांसदहरूको शपथ सिंहदरबारस्थित निर्माणाधीन संसद् भवनको २९५ सिट क्षमता रहेको साँघुरो हलमा हुँदै, पाँच रो रहेको त्यही हलमा २७५ सदस्यीय प्रतिनिधिसभाको बैठक पनि चल्ने



सिंहदरबारस्थित निर्माणाधीन नयाँ संसद् भवनभित्रको बहुउद्देश्यीय सभा कक्ष, जहाँ बिहीबार सांसदहरूलाई शपथ गराइँदै छ। यही साँघुरो हलमा नयाँ भवन पूर्ण नहुन्जेलसम्म संसद् बस्नेछ। तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

■ साढे ६ वर्ष बितिसक्दा पनि पूरा भएन नयाँ संसद् भवन, छैटौँपटक थपियो म्याद

सिंहदरबारस्थित पुतली बर्गैचामा निर्माणाधीन संघीय संसद् भवनको म्याद छैटौँपटक थपिएको छ। पाँचौँपटक थपिएको म्याद १६ पुसमा सकिएकोमा सहरी विकास तथा भवन निर्माण विभागले फागुनदेखि लागू हुने गरी ९० दिन समय थपेको छ। विभागका प्रवक्ता रोशन श्रेष्ठले भवनको भौतिक प्रगति विवरण ९५ प्रतिशत रहेको र ९० दिन समय थपिएको बताए। उनका अनुसार वित्तीय प्रगति ९० प्रतिशत छ। १ असोज ०७६ मा तत्कालीन प्रधानमन्त्री केपी ओलीले तीन वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी शिलान्यास गरेको संसद् भवन अझै पूरा भएको छैन।

'प्रतिनिधिसभाको हल तयार हुँदै छ। भौतिक प्रगति ९५ प्रतिशत छ। ९० दिन थप्न प्रक्रिया अगाडि बढाएका छौं। बहुउद्देश्यीय हल तत्काललाई शपथग्रहणका लागि तयारी गरेका छौं,' उनले भने, 'आवश्यकताअनुसार केही बैठकसमेत सञ्चालन गर्न सक्ने गरी प्रतिनिधिसभामा रहने करिब-करिब सबै सुविधा राख्ने गरी भिडियो कन्फ्रेन्सिङ, अडियो सिस्टम राखेर हल अहिले तत्काललाई तयार गरेका छौं।' प्रवक्ता श्रेष्ठका अनुसार भवन निर्माणको काम तीन सिफ्टमा भइरहेको र औसत चार सय श्रमिकले काम गरिरहेका छन्। 'सिभिलको काम करिब सकिएको छ। भित्रको अलिअलि फिनिसिङको काम बाँकी छ। हलको काम पनि अन्तिम चरणमा छ। ८-९ जेठतिर सकिन्छ। सकिएन भने जरिवाना गर्छौं,' उनले भने। ठेकेदार कम्पनी दुदी सेप जेभीले पाँच अर्ब ३९ करोड लागतमा भवन बनाउँदै छ। सिंहदरबारस्थित पुतली बर्गैचाको १५१ रोपनी क्षेत्रफलमा निर्माणाधीन भवनमा आठवटा ब्लक छन् भने १२ वटा छुट्टाछुट्टै भवन छन्। जसमा चार सय सिट क्षमताको प्रतिनिधिसभा र एक सय सिट क्षमताको राष्ट्रिय सभा छ। यी दुवैका बिचमा मुख्य प्रवेशद्वार छ, जसको दाहिनेतिर राष्ट्रिय सभा र देब्रेतर्फ प्रतिनिधिसभा छ।

मुख्य भवनसँगै सहायक भवन छन्। जहाँ संसदीय दलका कार्यालय, समितिको हल, दुइटा संसद् सचिवालय भवन, पुस्तकालय, संग्रहालय र चमेना-गृहलगायत छन्। भिभिआइपीका लागि छुट्टै भवन, विशाल पार्किङ र सुरक्षाकर्मी बस्ने ठाउँसहित आवश्यक सबै सेवा समेटिने संरचना तयार हुँदै छ। राष्ट्रिय महत्त्व बोकेको भवनको डिजाइन स्टकचरल, आर्किटेक्चर, इलेक्ट्रिकल र स्यानिटरी पक्ष समायोजन गरेर भूकम्पीय हिसाबले सुरक्षित बनाइँदै छ। राष्ट्रिय भवन संहिताअनुसार निर्माणाधीन भवनमा नेपाली मौलिकता झल्काउने शैली पनि देख्न पाइनेछ। मल्लकालीन वास्तुकलाको प्रतिनिधित्व गर्ने हिसाबले भवन बनिरहेको विशेष भवन निर्माण आयोजना समन्वय कार्यालयले जनाएको छ।

१६ चैतमा संसद्को हिउँदे अधिवेशन बोलाउने तयारी

संसदीय दलको अस्थायी व्यवस्थापन, माओवादीले प्रयोग गर्दै आएको कार्यालय अब रास्वपालाई

कमलराज भट्ट/नयाँ पत्रिका

तीन वर्षमा सम्पन्न गर्ने भनिएको संसद् भवन साढे ६ वर्षसम्म पूरा नभएपछि नयाँ संसद् सिंहदरबारस्थित साँघुरो हलमा बस्दै छ। २७५ सांसद छन्, तर हलको कुल क्षमता २९५ सिटको मात्र छ। झन्डै साढे पाँच अर्बको ठेक्काको अधिकांश रकम निर्माण कम्पनीले लगिसकेको छ। ६ पटक म्याद थपिसकियो, तर भवन पूर्ण हुन सकेको छैन।

» पृष्ठ ९ मा क्रमशः

■ ज्येष्ठ सदस्य केसीको बुधबार, अन्य सांसदको बिहीबार र नयाँ प्रधानमन्त्रीको शुक्रबार शपथ

प्रतिनिधिसभाका ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीले बुधबार ११:१५ बजे राष्ट्रपति रामचन्द्र पौडेलबाट शपथ लिने कार्यक्रम राष्ट्रपति कार्यालयले तय गरेको छ। बिहीबार २ बजे सिंहदरबारस्थित निर्माणाधीन संसद् भवनको बहुउद्देश्यीय हलमा ज्येष्ठ सदस्य केसीले २७४ सांसदलाई शपथ गराउने कार्यसूची संसद् सचिवालयले तयार गरेको छ। प्रतिनिधिसभामा रास्वपा १८२, कांग्रेस ३८, एमाले २५, नेकपा १७, श्रम संस्कृति सात, राप्रपा पाँच र स्वतन्त्र एक सदस्य निर्वाचित भएका छन्। संसद्ले शपथ लिएको अर्को दिन १३ चैतमा रास्वपा वरिष्ठ नेता बालेन्द्र शाहले प्रधानमन्त्री पदको शपथ लिनेछन्। यसअघि संसद्को शपथपूर्व नै प्रधानमन्त्रीले शपथ लिने गरिएको भए पनि यसपटक शाहले संसद्पछि मात्र प्रधानमन्त्रीको शपथ लिने भएका छन्। संसद् सचिवालयका अनुसार शपथसँगै प्रतिनिधिसभाका केही बैठक शपथ लिएकै अस्थायी हलमा हुनेछन्।

किन रोकियो अर्यालको राष्ट्रिय सभामा नियुक्ति ?

ढिलाइप्रति प्रधानमन्त्री कार्की असन्तुष्ट



काठमाडौं/ मन्त्रिपरिषद्ले राष्ट्रिय सभा सदस्यमा सिफारिस गरेका गृहमन्त्री ओमप्रकाश अर्यालको नियुक्तिमा विलम्ब भएको छ। अर्यालको नियुक्तिमा भएको ढिलाइप्रति प्रधानमन्त्री सुशीला कार्कीले असन्तुष्टि जनाएकी छिन्।

राष्ट्रिय सभामा राष्ट्रपतिबाट मनोनीत हुने रिक्त पदका लागि मन्त्रिपरिषद्ले १ चैतमा अर्यालको नाम सिफारिस गरेको थियो। तर, राष्ट्रपति रामचन्द्र पौडेलले उक्त सिफारिस स्वीकृति नगर्दा नियुक्ति प्रक्रिया लम्बिएको छ। राष्ट्रपतिका कानुनी सल्लाहकार बाबुराम कुँवरले प्रक्रियामै रहेकाले रोकेको भन्न नमिल्ने बताए। तर, उनले मन्त्रिपरिषद्बाट सिफारिस अर्यालको नियुक्ति सहज नरहेको भने स्पष्ट संकेत गरे। 'नियमित प्रक्रियाबाट प्रवेश भएको छ। राष्ट्रपतिले निकासा दिन बाँकी छ,' उनले भने, 'राष्ट्रपतिले अन्तर्निहित अधिकार हेरेर देशको हितमा सोचिरहनुभएको होला।'

राष्ट्रपतिले सरकार बनेदेखि नै प्रधानमन्त्रीलाई स्वतन्त्रतापूर्वक काम गर्न सहयोग गरेको उनको दलिल छ। 'यसै पनि राष्ट्रपति कार्यालय सचिवविहीन थियो। सचिव आज मात्रै हाजिर हुनुभएको छ। उहाँले पेस गर्नुहोला,' उनले भने, 'ज्येष्ठ सदस्यको शपथपछि अरू कुरा अगाडि बढ्ला।'

प्रधानमन्त्रीका प्रेस सल्लाहकार राम रावलले मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन हुने अपेक्षा प्रधानमन्त्रीको रहेको बताए। 'मन्त्रिपरिषद्बाट निर्णय भई सिफारिस भई गएको छ,' उनले भने, 'संवैधानिक मर्यादाबमोजिम राष्ट्रपतिज्यूले त्यो निर्णयको सम्मान गर्नुहुनेछ भन्ने विश्वासमा प्रधानमन्त्री हुनुहुन्छ।' गत शनिबार विभिन्न कानुनविद् हरूसँगको भेटमा प्रधानमन्त्री कार्कीले मन्त्रिपरिषद्को सिफारिस रोकेकोमा असन्तुष्टि जनाएकी थिइन्।

नयाँ सरकारको गृहकार्यबिच सुस्ताए चुनावी सरकारका मन्त्री

औपचारिक जिम्मेवारीमा सीमित मन्त्रीहरू सक्रिय भूमिकाबाट ओझेल पर्दै छन्, प्रधानमन्त्रीले पर्यटकीय र धार्मिक क्षेत्रहरूको भ्रमण भ्याएकी छिन्



रामेश्वर खनाल (अर्थमन्त्री) | ओमप्रकाश अर्याल (गृहमन्त्री) | अनिलकुमार सिन्हा (उद्योग, कानुन र पर्यटनमन्त्री) | मदनप्रसाद परियार (कृषि र खानेपानीमन्त्री) | डा. सुधा गौतम (स्वास्थ्यमन्त्री)

कुमार इङ्नाम (भूमि र सहरी विकासमन्त्री) | राजेन्द्रसिंह भण्डारी (श्रममन्त्री) | माधवप्रसाद चौलागाईं (वन र भौतिक पूर्वाधारमन्त्री) | श्रद्धा श्रेष्ठ (महिला, बालबालिकामन्त्री) | बालानन्द शर्मा (परराष्ट्रमन्त्री)

सुवास भट्ट/नयाँ पत्रिका

नयाँ सरकार गठनको प्रक्रिया अघि बढिरहेका बेला चुनावी सरकारका प्रधानमन्त्री र मन्त्रीहरू आफ्नो सक्रिय भूमिकाबाट ओझेलमा परेका छन्। प्रधानमन्त्री सुशीला कार्कीदेखि अन्य मन्त्रीहरूसम्म पूर्ण सक्रिय छैनन्, औपचारिक जिम्मेवारीमा सीमित देखिएका छन्।

झन्डै दुईतिहाइ सिटको जनादेश पाएको रास्वपा नयाँ सरकार गठनको अन्तिम तयारीमा लागेको छ। निर्वाचनको जनादेशअनुसार वरिष्ठ नेता बालेन्द्र शाह १३ चैतमा प्रधानमन्त्रीमा नियुक्त हुने तय भइसकेको छ।

हाल प्रधानमन्त्रीसहित ११ सदस्यीय मन्त्रिपरिषद् छ। रक्षा, सञ्चार तथा सूचना प्रविधि, शिक्षा र युवा तथा खेलकुद मन्त्रालयको जिम्मेवारी प्रधानमन्त्री कार्कीले सम्हालिरहेकी छिन्। अन्य धेरै मन्त्रीहरू पनि विभिन्न मन्त्रालयको दोहोरो जिम्मेवारीमा छन्।

» पृष्ठ ९ मा क्रमशः

दुई खिल्ली चुरोटको पैसा माग्दा हत्या

हत्या आरोपी किशोर लागुऔषध सेवनकर्ता



प्रहरीले घटनास्थलबाट बरामद गरेको फलामको कैंची। यही कैंचीले आक्रमण गरी हत्या गरेको खुल्न आएको रुपन्देही प्रहरीका सूचना अधिकारी कृष्णकुमार चन्दले बताए।

बुटवलमा **विष्णु घिमिरे**

रुपन्देहीको शुद्धोधन गाउँपालिका- १, सिसै बस्ने ६० वर्षीया रेनु पटवार पसल चलाउँथिन्। पसलमै सुतेको अवस्थामा २ चैतको राति करिब ११ बजेतिर एक किशोर चुरोट किन्न आइपुगे। पसल खोलेर दुई खिल्ली चुरोट दिइन्। तर, पैसा माग्दा नदिएपछि भएको विवादमा

» पृष्ठ ९ मा क्रमशः

कर्नर किक

● रवि मिश्र



नेपालमा प्रतिलाखमा २२७ जना क्षयरोगका बिरामी



वार्षिक थपिन्छन् ६७ हजार बिरामी, स्थानीय तहसम्म नियन्त्रण कार्यक्रम नपुग्दा महामारी रोक्न कठिन

(विस्तृत पृष्ठ ३)

इरानप्रति चीन मौन रहनुको अर्थ



बेइजिङको मौन प्रतिक्रियाले आफ्ना मुख्य स्वार्थ खतरामा हुँदा नजिकका साझेदारले पनि बेवास्ता गर्दा रहेछन् भन्ने देखाउँछ

पृष्ठ ५

सात प्रदेशको बजेट खर्च २१ प्रतिशत मात्रै

चालू आव ०८२/८३ को आठ महिनामा सात प्रदेशको औसत बजेट खर्च २१ प्रतिशत मात्रै भएको छ। फागुन मसान्तसम्म मधेश प्रदेश बजेट खर्च गर्नमा सबैभन्दा कमजोर करिब ११.८३% मात्रै रहेको छ। सबैभन्दा बढी लुम्बनी प्रदेशको भने २७.६३% बजेट खर्च भएको छ।

(विस्तृत पृष्ठ ७)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

'डंकी रुट'का भुक्तभोगीले त्यही बाटोबाट चलाएको ठगी धन्दा

रुकुम पश्चिमका कलबहादुर बस्नेत 'डंकी रुट'बाट अमेरिका पुगेका थिए, अमेरिकाले निकाला गरिदिएपछि नेपाल फर्किएका उनले २५० युवालाई त्यही रुटबाट अमेरिका पठाएर पौने अर्ब ठगे


टेकराज थामी/नयाँ पत्रिका

रुकुम पश्चिम बाफीकोट गाउँपालिका- २ का ३८ वर्षीय कलबहादुर बस्नेत 'डंकी रुट' हुँदै १८ महिनाको यात्रापछि अमेरिका पुगे। शरणार्थी शिविरमा बसेका उनलाई अमेरिकाले ११ महिनापछि देश निकाला गरिदियो। नेपाल फर्किएका उनले अन्य युवालाई 'डंकी रुट'को कहालीलाग्दो जोखिम नमोल्न सुझाएनन्। बरु, सोही रुट प्रयोग गरी आफैं तस्करीमा लागे।

नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरोका अनुसार कलबहादुरले करिब आठ वर्षमा २५० भन्दा धेरै नेपाली युवालाई 'डंकी रुट' प्रयोग गरी अमेरिका पठाए। त्यसमध्ये कति अझै पनि अमेरिकी जेलमा छन्। कति बाटैमा अलपत्र छन् भने कति निकालामा परेर स्वदेश नै फर्किएका छन्। यो अवधिमा उनले मात्रै ती युवाबाट ७० करोड ६० लाख ५३ हजार ७२२ रुपैयाँ अवैध रूपमा संकलन गरेको अनुसन्धानमा खुलेको छ।

ब्युरोका प्रमुख एसएसपी कृष्ण पंगेनी भन्छन्, 'कलबहादुर पहिले आफैं डंकी रुटमार्फत अमेरिका पुगेर देश निकालामा परेको व्यक्ति हो। नेपाल फर्किएपछि त्यही रुट प्रयोग गरी

» पृष्ठ ९ मा क्रमशः



■ सिभिल इन्जिनियरिङका विद्यार्थी कलबहादुर कसरी बने मानव तस्कर ?

प्रहरीका अनुसार कलबहादुर सिभिल इन्जिनियरिङका विद्यार्थी थिए। अमेरिका जाने हुटहुटीपछि उनले डिभी भरे। नभन्दै उनलाई डिभी पऱ्यो। दाङ बस्दै आएका उनले आफ्नो खुसी साथीभाइ मात्रै होइन, गाउँसम्म बाँडे। तर, दुर्भाग्य उनलाई डिभीको दोस्रो लेटर आएन। अमेरिका जाने सपना चकनाचुर भयो। निराश भएका उनी कुनै हालतमा अमेरिका जाने अठोटमा लागे। 'डंकी रुट'मार्फत अमेरिका पठाउने दलालको खोजीमा जुटे। यही क्रममा बिचौलिया हस्तबहादुर गौतमसँग भेट भयो। हस्तले कुनै हालतमा अमेरिका पठाइदिने वचन दिए। लोभिएका उनले हस्तले भनेको मान्छेको हातमा २७ लाख थमाए। त्यसलगत्तै दुबई उडेका उनी त्यहाँबाट जहाजमार्फत फ्रान्स, हाइटी, डोमेनिकन रिपब्लिक हुँदै ब्राजिल पुगे। त्यहाँबाट बोलिभिया, पेरू, इक्वेडरदेखि कोलम्बियासम्म भने गाडीमा यात्रा गरे। कोलम्बियादेखि पानामाबिचको जंगल तीन महिना पैदल हिँडेर पार गरे। त्यहाँबाट निकारागुवा, होन्डुरस, ग्वाटेमाला हुँदै बल्ल मेक्सिको पुगे। १८ महिनाको कठिन यात्रापछि उनी बल्लतल्ल अमेरिका त प्रवेश गरे, तर उनलाई अमेरिकी प्रहरीले पक्राउ गरेर जेल हाल्यो। त्यसपछि करिब ११ महिना शरणार्थी शिविरमा बसेपछि अमेरिकाले उनलाई रित्तोहात नेपाल डिपोर्ट गरिदियो।



सबै सपना गुमाएका उनी काठमाडौंस्थित साथीको डेरामा बस्न थाले। यही क्रममा उनको भेट गाउँका साथीहरूसँग भयो। साथीहरूले उनलाई अमेरिका पठाइदिन आग्रह गरे। तर, आफूले भोगेको दुःख उनले साथीहरूलाई सुनाएनन्। बरु, त्यही अनुभवलाई प्रयोग गरी मानव तस्करी गर्ने सोच बनाए। योजनाबद्ध ढंगले युवा बटुल्न जुटे। अमेरिका पठाउने बिचौलियासँग सम्पर्क बढाए। युवासँग ५० लाखदेखि ७० लाखसम्म असुले। केही युवालाई अमेरिका पठाउन सफल भए। उनीहरूले काम पनि राम्रै पाए। त्यसपछि कलबहादुरको सम्पर्कमा आउने युवाको ताँती लाग्यो। उनी युवाहरूको सोही मनोविज्ञानमा खेलेर अझ संगठित र सशक्त भएर मानव तस्करीमा लागे।

चार दशकदेखि टहरामा वास

सल्यान/ सल्यानको कालीमाटी गाउँपालिका- ७ वनगाउँका जितबहादुर सार्कीको परिवार चार दशकदेखि टहरामा जीवन बिताउँदै आएको छ। आयआर्जनको माध्यम केही नभएपछि सार्कीको पाँचजनाको परिवार टहरोमै जीवन गुजारा चलाउँदै आएको हो। घना जंगलको बिचमा रहेको टहरो खुला भएकाले जंगलीको जनावरको त्रास पनि उत्तिकै छ। 'वर्षातृको समयमा पानी र हिउँदमा हुरीबतास र चिसोले सताउँछ। जंगली जनावरले कतिबेला आक्रमण गर्ने हो भनेर मनमा चिसो बसिरहन्छ,' सार्कीले भने।

बाँके राष्ट्रिय निकुञ्जबाट छिरेको बाघले आतंक मच्चाइरहेका वेला उनको परिवार असुरक्षित छ। सरकारले आर्थिक अवस्था कमजोर भएका विपन्न, दलित समुदायलाई जनता आवास कार्यक्रममार्फत घर बनाउँदै आए पनि उनको परिवार भने छुट्दै आइरहेको छ।

जितबहादुरले आयआर्जनका लागि छेवैमा सानो टहरो बनाएर गाईबाख्रा पालेका छन्। 'आम्दानीको माध्यम अरु केही छैन। पुर्ख्यौली सम्पत्ति छैन। ऐलानी जग्गामा लगाएको बाली जंगली जनावरले पाक्न नपाउँदै सखाप पार्छन्,' उनले भने, 'बाख्रा बेचेर र मजदुरी गरेर पाँचजनाको परिवारलाई बिहान बेलुकी छाक टार्न हम्मेहम्मे हुन्छ।'

सरकारले घरबारविहीन दलित, विपन्न परिवारलाई घर बनाउने सुने पनि अहिलेसम्म कसैले सहयोग नगरेको सार्कीको गुनासो छ। आर्थिक अवस्था कमजोर भएका कारण विभिन्न किसिमको जोखिम मोलेर टहरोमा बस्दै आएका उनले घरनिर्माणका लागि सहयोग गर्न सम्बन्धित निकायसामु अपिल गरेका छन्।

वर्षाले कैलालीका ईँटा उद्योगमा तीन करोडको क्षति

धनगढीमा **तेजराज भट्ट**

गत साता भएको वर्षाले कैलालीका अधिकांश ईँटा उद्योगमा क्षति पुगेको छ। सेती-महाकाली ईँटा व्यवसायी संघका अध्यक्ष विनोदकुमार शाहका अनुसार कैलालीका ईँटा उद्योगमा वर्षाले करिब तीन करोडबराबरको क्षति पुगेको छ। अधिकांश उद्योगमा आगो लगाउन तयार पारेका काँचो ईँटा गलेर नष्ट भएको उनले बताए। 'आगो लगाउनुअघि ठुलो संख्यामा काँचो ईँटा तयार पारिने भएकाले छोपेर राख्न सम्भव हुँदैन,' शाहले भने, 'आगो लगाउने सिजनमै पानी पर्दा क्षति व्यहोर्नुपर्‍यो।'

कैलारी गाउँपालिकामा रहेको गणेश ईँटा उद्योगका सञ्चालक मनोज महतोले वर्षाले उद्योगमा करिब पाँच लाख काँचो ईँटामा क्षति पुग्दा २० लाखभन्दा बढी घाटा लागेको बताए। उनले भने, 'भट्टामा राखेर केही दिनमै आगो लगाउने तयारी थियो। पानीले सबैजसो ईँटा गलेका छन्।'

सेती-महाकाली ईँटा व्यवसायी संघका अनुसार कैलालीमा ५१ वटा ईँटा उद्योग छन्। ईँटा उद्योगमा क्षति पुगेकाले मागअनुसार ईँटाको आपूर्तिमा समस्या हुन सक्ने ईँटा व्यवसायीहरू बताउँछन्। अहिले यहाँ प्रतिईँटा १२ रुपैयाँसम्ममा कारोबार भइरहेको छ। सरकारले पुस मसान्तपछि मात्र ईँटा उद्योगमा आगो लगाउन पाउने व्यवस्था गरेकाले समयमा आगो लगाउन नपाउँदा वर्षाका कारण बढी क्षति व्यहोर्नुपरेको ईँटा व्यवसायीको भनाइ छ। संघका अध्यक्ष शाहका अनुसार निर्माणको सिजन हुने भएकाले यसअघि कात्तिक-मंसिरमा काँचो ईँटा तयार गरेर मंसिर अन्त्य र पुससम्ममा आगो लगाउने गरिन्थ्यो।

'पहिले उद्योगले चाहेअनुसार भट्टामा आगो लगाउन पाइन्थ्यो। अहिले पुस मसान्तसम्म आगो लगाउन पाइँदैन,' उनले भने, 'माघमा चिसो हुने भएकाले ईँटा तयार पार्न समस्या हुन्छ।' उनका अनुसार यहाँ प्रतिईँटा उद्योगमा करिब सयजना मजदुरले रोजगारी पाएका छन्। त्यसमध्ये करिब ३० प्रतिशत भारतीय मजदुर छन्। बर्खापछि पुससम्म भट्टामा आगो लगाउन नपाइने व्यवस्थाले कामदार पाउन समस्या भएको ईँटा व्यवसायीले बताएका छन्। 'पहिले ईँटाभट्टामा आठ महिना काम पाइन्थ्यो। अहिले मंसिर-पुसमा आगो लगाउन नपाइने भएपछि ६ महिना मात्र काम हुन्छ,' ईँटा व्यवसायी महतोले भने।

ग्लोबल आइएमई बैंक लिमिटेडको

तपसिलमा उल्लिखित ऋणीहरुलाई ऋण कर्जा भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८२/१२/१० गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट तपसीलमा उल्लिखित ऋणीले उपभोग गर्नु भएको ऋण/कर्जा निज ऋणीले बैंकसँग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, हर्जाना तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरु उल्लंघन गर्नुभएकोले कर्जासँग सम्बन्धित सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तारताकेता गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले तपसिलमा उल्लिखित ऋणी तथा व्यक्तिगत/संस्थागत/ धितो जमानतकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस बैंकमा सम्पर्क राखी कर्जाको सम्पूर्ण बाँकी साँवा, ब्याज, हर्जाना तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नु होला। अन्यथा यस बैंकसँग भए गरेको सम्झौता तथा लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना/बाँकी बक्यौता रकम असुलउपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशन, परिपत्र, सूचना अनुसार सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ।

साथै सुरक्षण वापत रहेको धितोबाट समेत बैंकको सम्पूर्ण बाँकी बक्यौता लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानतकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

कुरीनटार शाखा, चितवन

ऋणीको विवरण	संचालक तथा व्यक्तिगत जमानत दिनेको विवरण		
नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. १९१२५९/७४/०७५ अन्तर्गत मिति २०७५/०२/२५ मा दर्ता कायम भएको **समृद्धि कोल्ड स्टोर प्रा.लि** कम्पनी दर्ता ठेगाना : इच्छाकामना गा.पा. -०३, चितवन स्थायी लेखा नं. ६०६६८७८४५, मिति २०७५/०२/२७ **संचालक अध्यक्षः प्रल्हाद पोखरेल** **कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा**	**प्रल्हाद पोखरेल** ना.प्र.नं. ९४२/०६० जारी मिति : २०६०/०५/११ जि.प्र.का. चितवन बाबुको नाम : श्रीरेन्द्र प्रकाश पोखरेल बाजेको नाम : बलराम पोखरेल स्थायी ठेगाना : दारेचोक -७, चितवन हालको ठेगाना : इच्छाकामना गा.पा. -०३, चितवन	**केदार रिजाल** ना.प्र.नं. २३/३१९ जारी मिति : २०६२/०९/२८ जि.प्र.का. धादिङ बाबुको नाम : गणेश प्रसाद रिजाल बाजेको नाम : कुल प्रसाद रिजाल स्थायी ठेगाना : खाल्टे -३, धादिङ हालको ठेगाना : खैरहनी न.पा.-९, चितवन	**शर्मिला उप्रेती** ना.प्र.नं. ९५१२ जारी मिति : २०५२/०५/२३ जि.प्र.का. धादिङ बाबुको नाम : धन बहादुर उप्रेती पतिको नाम : प्रल्हाद पोखरेल ससुराको नाम : श्रीरेन्द्र प्रकाश पोखरेल स्थायी ठेगाना : नौबिसे-९, धादिङ हालको ठेगाना : इच्छाकामना गा.पा. -०३, चितवन

थानकोट शाखा, काठमाडौं

ऋणीको विवरण

१. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, काठमाडौंमा प्रा.फ.र.नं. १४६६९४/०७५/७६ अन्तर्गत मिति २०७५/११/२८ मा दर्ता कायम भएको **लसता स्टोर्स** फर्म दर्ता ठेगाना : चन्द्रागिरी न.पा.-७, काठमाडौं स्थायी लेखा नं. ६०४८६६१२९, मिति : २०७३/०४/१२ **प्रोप्राइटर : प्रविना श्रेष्ठ** **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा आवधिक कर्जा**	२. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २९२०४२/७८/०७९ अन्तर्गत मिति २०७९/०२/२६ मा दर्ता कायम भएको **प्रकाश फिड प्रोडक्ट्स प्रा.लि.** कम्पनी दर्ता ठेगाना : चन्द्रागिरी न.पा. -३, थानकोट, काठमाडौं स्थायी लेखा नं. ६१०२९७०३४, मिति : २०७९/०३/२४ **संचालक : शान्त प्रकाश श्रेष्ठ** **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा आवधिक कर्जा**	**३. उमेश प्रकाश श्रेष्ठ** **कर्जा शिर्षक : आवधिक कर्जा** **४. शान्त प्रकाश श्रेष्ठ** **कर्जा शिर्षक : आवधिक कर्जा**

व्यक्तिगत जमानत दिनेको विवरण

प्रविना श्रेष्ठ ना.प्र.नं. २७१०४६/१९९७१ जारी मिति : २०६५/०२/२३ जि.प्र.का. काठमाडौं बाबुको नाम : नरसिंह श्रेष्ठ पतिको नाम : उमेश प्रकाश श्रेष्ठ ससुराको नाम : शान्त प्रकाश श्रेष्ठ स्थायी ठेगाना : सतुगंल-९, काठमाडौं हालको ठेगाना : चन्द्रागिरी न.पा.-३, काठमाडौं	**शान्त प्रकाश श्रेष्ठ** ना.प्र.नं. ६६९१/२०२२, जारी मिति : २०३५/०५/२५ जि.प्र.का. काठमाडौं बाबुको नाम : चन्द्रलाल श्रेष्ठ बाजेको नाम : बेखालाल श्रेष्ठ स्थायी ठेगाना : थानकोट-८, काठमाडौं हालको ठेगाना : चन्द्रागिरी न.पा.-३, काठमाडौं	**उमेश प्रकाश श्रेष्ठ** ना.प्र.नं. ११९४४, जारी मिति : २०५७/०१/१६ जि.प्र.का. काठमाडौं बाबुको नाम : शान्त प्रकाश श्रेष्ठ बाजेको नाम : चन्द्रलाल श्रेष्ठ स्थायी ठेगाना : थानकोट-६, काठमाडौं हालको ठेगाना : चन्द्रागिरी न.पा.-३, काठमाडौं
सुरेश प्रकाश श्रेष्ठ ना.प्र.नं. ९३६६, जारी मिति : २०५२/०१/०७ जि.प्र.का. काठमाडौं बाबुको नाम : शान्त प्रकाश श्रेष्ठ बाजेको नाम : चन्द्रलाल श्रेष्ठ स्थायी ठेगाना : थानकोट-६, काठमाडौं हालको ठेगाना : चन्द्रागिरी न.पा.-३, काठमाडौं	**कविता श्रेष्ठ** ना.प्र.नं. ७८८७७, जारी मिति : २०५५/०५/२५ जि.प्र.का. काभ्रेपलाञ्चोक पतिको नाम : सुरेश प्रकाश श्रेष्ठ ससुराको नाम : शान्त प्रकाश श्रेष्ठ स्थायी ठेगाना : गौरीविसौना देउपुर-४, काभ्रेपलाञ्चोक हालको ठेगाना : चन्द्रागिरी न.पा.-३, काठमाडौं	**श्रीमती लक्ष्मी श्रेष्ठ** ना.प्र.नं. २१३३/१०८९, जारी मिति : २०४३/०४/१६ जि.प्र.का. काठमाडौं पतिको नाम : शान्त प्रकाश श्रेष्ठ ससुराको नाम : चन्द्रलाल श्रेष्ठ स्थायी ठेगाना : थानकोट-६, काठमाडौं हालको ठेगाना : चन्द्रागिरी न.पा.-३, काठमाडौं

नोट : १. ऋणी लसता स्टोर्सका लागि प्रविना श्रेष्ठ, शान्त प्रकाश श्रेष्ठ, उमेश प्रकाश श्रेष्ठ, सुरेश प्रकाश श्रेष्ठ र कविता श्रेष्ठको व्यक्तिगत जमानत रहेको।
२. ऋणी प्रकाश फिड प्रोडक्टस् प्रा.लि.का लागि प्रविना श्रेष्ठ, शान्त प्रकाश श्रेष्ठ, उमेश प्रकाश श्रेष्ठ, सुरेश प्रकाश श्रेष्ठ, कविता श्रेष्ठ र श्रीमती लक्ष्मी श्रेष्ठको व्यक्तिगत जमानत रहेको।
३. ऋणी उमेश प्रकाश श्रेष्ठका लागि प्रविना श्रेष्ठ, शान्त प्रकाश श्रेष्ठ, सुरेश प्रकाश श्रेष्ठ, कविता श्रेष्ठ र श्रीमती लक्ष्मी श्रेष्ठको व्यक्तिगत जमानत रहेको।
४. ऋणी शान्त प्रकाश श्रेष्ठका लागि प्रविना श्रेष्ठ, कविता श्रेष्ठ र श्रीमती लक्ष्मी श्रेष्ठको व्यक्तिगत जमानत रहेको।

इन्द्रसरोवर शाखा, मकवानपुर

ऋणीको विवरण

१. प्रदेश सरकार, प्रदेश नं. ३, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय हेटौंडा, मकवानपुरमा प्रा.फ.द.न.५३/३५/०७६/०७७ अन्तर्गत मिति २०७६/०८/११ मा दर्ता कायम भएको **एस.आर.सिस्नेरी बाखा फर्म** फर्म दर्ता ठेगाना : इन्द्रसरोवर गा.पा -३, मकवानपुर स्थायी लेखा नं. ६१२५३५९१६, मिति : २०७६/०८/१२ **प्रोप्राइटर : शान्ति दानी** **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा आवधिक कर्जा**	२. **राजकुमार नगरकोटी पहरी** ना.प्र.नं. ३१३०२६/३६, जारी मिति : २०६३/१०/१९ जि. प्र. का. मकवानपुर बाबुको नाम : ढलक बहादुर पहरी बाजेको नाम : वृषलाल पहरी स्थायी ठेगाना : सिस्नेरी -३, मकवानपुर हालको ठेगाना : इन्द्रसरोवर गा.पा -३, मकवानपुर **कर्जा शिर्षक : घर कर्जा**

व्यक्तिगत जमानत दिनेको विवरण

ढलक बहादुर पहरी ना.प्र.नं. ९८१, जारी मिति : २०३८/०३/३१ जि. प्र. का. मकवानपुर बाबुको नाम : वृषलाल पहरी बाजेको नाम : सेते पहरी स्थायी ठेगाना : सिस्नेरी -३, मकवानपुर हालको ठेगाना : इन्द्रसरोवर गा.पा -३, मकवानपुर	**वेलु कुमारी पहरी** ना.प्र.नं. १०३, जारी मिति : २०४६/०२/०५, जि. प्र. का. मकवानपुर पतिको नाम : ढलक बहादुर पहरी ससुराको नाम : वृषलाल पहरी स्थायी ठेगाना : सिस्नेरी -३, मकवानपुर हालको ठेगाना : इन्द्रसरोवर गा.पा -३, मकवानपुर	**शान्ति दानी** ना.प्र.नं. ३१-०१-७०-०६७०९, जारी मिति : २०७०/०६/२३, जि. प्र. का. मकवानपुर बाबुको नाम : चुहदेव दानी पतिको नाम : राजकुमार नगरकोटी पहरी ससुराको नाम : ढलक बहादुर पहरी स्थायी ठेगाना : इपा पञ्चकन्या -८, मकवानपुर हालको ठेगाना : इन्द्रसरोवर गा.पा -३, मकवानपुर **ऋणी एस.आर.सिस्नेरी बाखा फर्मका लागि मात्र जमानत रहेको**

जितपुर कपिलवस्तु शाखा, कपिलवस्तु

ऋणीको विवरण	संचालक तथा व्यक्तिगत जमानत दिनेको विवरण	
नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २५४७२५/०७७/०७८ अन्तर्गत मिति २०७७/१०/२० मा दर्ता कायम भएको **ओम सुपा देउराली खाद्यान्न उद्योग प्रा.लि** कम्पनी दर्ता ठेगाना : बाणगंगा न.पा. -०६, कपिलवस्तु स्थायी लेखा नं. ६०९९२४६२४, मिति : २०७७/१०/२० **संचालक अध्यक्ष : बुद्धि बहादुर खत्री** **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा आवधिक कर्जा**	**बिष्णु के.सि.** ना.प्र.नं. ९८२२, जारी मिति : २०६३/०२/२५ जि.प्र.का. अर्घाखाँची बाबुको नाम : हुम प्रसाद खनाल पतिको नाम : यम बहादुर के.सी. ससुराको नाम : खिम बहादुर खत्री स्थायी ठेगाना : नुवाकोट -६, अर्घाखाँची हालको ठेगाना : बाणगंगा न.पा.-७, कपिलवस्तु	**पुरुषोत्तम भुषाल (शर्मा)** ना.प्र.नं. ६२०९/६१३९ जारी मिति : २०५७/१०/२३ जि.प्र.का. अर्घाखाँची बाबुको नाम : जीवनारायण भुषाल बाजेको नाम : ज्ञानीराम भुषाल स्थायी ठेगाना : अर्घा -२, अर्घाखाँची हालको ठेगाना : बाणगंगा न.पा.-७, कपिलवस्तु

संचालक तथा व्यक्तिगत जमानत दिनेको विवरण

रुपेश खनाल ना.प्र.नं. ३८-०१-७२-००२६४ जारी मिति : २०७२/०१/१४, जि.प्र.का. कपिलवस्तु बाबुको नाम : कृष्ण खनाल बाजेको नाम : काशीराम खनाल स्थायी ठेगाना : वाणगंगा न.पा-१३, कपिलवस्तु हालको ठेगाना : बाणगंगा न.पा.-७, कपिलवस्तु	**बुद्धि बहादुर खत्री** ना.प्र.नं. २३२७४ जारी मिति : २०५९/०२/२५, जि.प्र.का. कपिलवस्तु बाबुको नाम : रन बहादुर खत्री बाजेको नाम : टेक बहादुर खत्री स्थायी ठेगाना : कोपवा-८, कपिलवस्त हालको ठेगाना : बाणगंगा न.पा.-७, कपिलवस्तु	**सन्तोष सुनार** ना.प्र.नं. ३८५८३४ जारी मिति : २०६२/०८/०१, जि.प्र.का. कपिलवस्तु बाबुको नाम : प्रेम बहादुर सुनार बाजेको नाम : नेत्र लाल सुनार स्थायी ठेगाना : मोतिपुर-२, कपिलवस्तु हालको ठेगाना : बाणगंगा न.पा.-७, कपिलवस्तु

कोटेश्वर शाखा, काठमाडौं

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २००६४२/०७५/०७६ अन्तर्गत मिति २०७५/०६/२२ मा दर्ता कायम भएको **इनर्जेटिक ब्वाईज होस्टल प्रा.लि.** कम्पनी दर्ता ठेगाना : का.म.न.पा.-३२, काठमाडौं स्थायी लेखा नं. ६०६५७०२९५, मिति : २०७५/०६/२७ **संचालक : मान बहादुर नेपाली** **कर्जा शिर्षक : आवधिक कर्जा**	**मान बहादुर नेपाली** ना.प्र.नं. १०३३४/७२५ जारी मिति : २०५४/०९/१५, जि.प्र.का. रुकुम बाबुको नाम : प्रविर नेपाली बाजेको नाम : कमारा नेपाली स्थायी ठेगाना : आठविसकोट -५, रुकुम हालको ठेगाना : आठविसकोट न.पा.-७, रुकुम	**अम्बिका पुन** ना.प्र.नं. ९९१९-९३० जारी मिति : २०५४/०५/०४, जि.प्र.का. रुकुम बाबुको नाम : गन्ज बहादुर पुन पतिको नाम : मान बहादुर नेपाली ससुराको नाम : प्रविर नेपाली स्थायी ठेगाना : प्वाङ -१, रुकुम हालको ठेगाना : आठविसकोट न.पा.-७, रुकुम

नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लिखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

कर्पोरेट कार्यालयः कमलादी, काठमाडौं
फोन नं.: ०१-५३२८६७१/५३२६३४७
ग्लोबल कनेक्टः ०१-५९७०६००

कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र संचालित

कालंगा हाइड्रो लिमिटेड
Kalanga Hydro Limited

रजिष्टर्ड कार्यालय : ल.पु.म.न.पा.-३, धोबिघाट, ललितपुर, नेपाल, फोन नं.०१-५५२९९२७ र ५५२४३३५
इमेलः hydrokalanga@gmail.com वेवसाइटः www.kalangahydro.com.np

आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु र वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको निमित्त साधारण शेयर निष्काशन तथा बिक्री खुल्ला गरिएको बारे सूचना

कालंगा हाइड्रो लिमिटेडले आफ्नो जारी पूँजी रु.१,४०,००,००,०००/- (अक्षेरपी एक अर्ब चालीस करोड मात्र) मध्ये ३५% अर्थात रु.४९,००,००,०००/- (अक्षेरपी उनान्पचास करोड रुपैंया मात्र) रकम बराबर प्रति शेयर अंकित मूल्य रु.१००/- दरको ४९,००,००० कित्ता शेयर सर्वसाधारणलाई छुट्याइएको मध्ये आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरुलाई धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ समेतको अधिनमा रही जारी पूँजीको १०% अर्थात रु.१४,००,००,०००/- (अक्षेरपी चौध करोड रुपैंया मात्र) रकम बराबरको प्रति शेयर अंकित मूल्य रु.१००/- दरको १४,००,००० कित्ता शेयर तथा बाँकी रहेको २५% अर्थात रु.३५,००,००,०००/- (अक्षेरपी पैत्तिस करोड रुपैंया मात्र) रकम बराबरको प्रति शेयर अंकित मूल्य रु.१००/- दरको ३५,००,००० कित्ता शेयर मध्ये नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुको लागि १०% अर्थात् ३,५०,०००कित्ता शेयरहरु **आज मिति २०८२ चैत्र १० गते मंगलबारदेखि** निष्काशन तथा बिक्री खुल्ला गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ।

अति प्रभावित क्षेत्र	शेयर संख्या
अति प्रभावित क्षेत्र अर्थात सुदुर पश्चिम प्रदेश, बझाङ्ग जिल्ला अन्तर्गतका केदारस्यूँ गा.पा.को वडा नं. ४ र ५ (साविकको बाँझ -३ समेत), त्यस्तै बित्थडचिर गा.पा. वडा नं. ६ र ८ (साविकको सुनकुँडा गा.वि.स. वडा नं. ३ र ५ समेत), बुंगल न.पा. को वडा नं. ३, ४, ६, ८ र ५ (साविकको खिरातडी गा.वि.स. वडा नं. ९ समेत), वैतडी जिल्लाको डिलासैनी गा.पा को वडा नं. १ र २ तथा दार्चुला जिल्लाको शैल्यशिखर न.पा.को वडा नं. १	९,१०,००० कित्ता
प्रभावित क्षेत्र	**शेयर संख्या**
प्रभावित क्षेत्र अर्थात सुदुर पश्चिम प्रदेश, बझाङ्ग जिल्लाका केदारस्यूँ गाउँपालिका, वित्थडचिर गाउँपालिका र बुंगल नगरपालिकाका अति प्रभावित क्षेत्रमा नपरेका वडाहरु, बैतडी जिल्लाको डिलासैनी गाँउपालिकाको अति प्रभावित क्षेत्रमा नपरेका वडाहरु, दार्चुला जिल्लाको शैल्यशिखर नगरपालिकाको अतिप्रभावित क्षेत्रमा नपरेका वडाहरु।	४,९०,००० कित्ता

आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुका लागिः		वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागिः	
दरखास्त दिनु पर्ने न्यूनतम शेयर संख्या	१० कित्ता	दरखास्त दिनु पर्ने न्यूनतम शेयर संख्या	१० कित्ता
दरखास्त दिन पाउने अधिकतम शेयर संख्या	२०,००० कित्ता	दरखास्त दिन पाउने अधिकतम शेयर संख्या	२०,००० कित्ता

दरखास्तसाथ प्रति शेयर रु.१००/- का दरले शतप्रतिशत भुक्तानी गर्नुपर्ने

क्र.सं.	विवरण-पत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थानहरु :
१.	सानिमा क्यापिटल लिमिटेड, सम मार्ग, नक्साल-१, काठमाण्डौ र वेवसाइटः www.sanima.capital
२.	कालंगा हाइड्रो लिमिटेडको कार्यालय, ल.म.न.पा.-३, धोबिघाट, ललितपुर, तथा आयोजना स्थल र वेवसाइटः www.kalangahydro.com.np
३.	श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर र वेवसाइटः website: www.sebon.gov.np बाट Download गरेर पनि प्राप्त गर्न सकिनेछ।

आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि देहाय बमोजिमका स्थानहरुबाट भौतिक रुपमा दरखास्त फाराम प्राप्त गर्न र बुझाउन सकिने व्यवस्था गरिएको छ ।

सि.नं.	विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना
१.	कालंगा हाइड्रो लिमिटेड, सुनकुँडा, खिरातडी र बाँझ गाँउपालिका, बझाङ। (आयोजना स्थल कार्यालय)।
२.	नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड, केदारस्यू-१, बझाङ्ग
३.	ग्लोबल आईएमइ बैंक लिमिटेड, जयपृथ्वी नगरपालिका-१०, बझाङ्ग, गोकुलेश्वर, शैल्यशिखर-९, दार्चुला।
४.	कुमारी बैंक लिमिटेड, छबिसपाथिभरा गाउँपालिका, बझाङ्ग र डिलासिनी गाउँपालिका, बैतडि।
५.	कृषि विकास बैंक लिमिटेड, बुँगल नगरपालिका-४, बझाङ्ग
६.	सानिमा क्यापिटल लिमिटेड, सममार्ग, नक्साल, काठमाण्डौ।

आवश्यकता अनुसार नेपाल धितोपत्र बोर्डलाई जानकारी गराएर अन्य संकलन केन्द्रहरु थप गर्न सकिनेछ।

आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाले शेयर खरिद आवेदन प्राप्त गर्नका लागि दरखास्त फाराम वापत रु.२/- (दुई रुपैयाँ) शुल्क बुझाउनु पर्नेछ।

वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरुः

नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण सि-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "**मेरो शेयर**" अनलाइन प्रयोग गरी सि-आस्बा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ।

आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि साधारण शेयरको बिक्री खुल्ला अवधिः		वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि साधारण शेयरको बिक्री खुल्ला अवधिः	
निष्काशन खुल्ला हुने मिति	२०८२/१२/१० गतेदेखि	निष्काशन खुल्ला हुने मिति	२०८२/१२/१० गतेदेखि
निष्काशन बन्द हुने मिति (छिटोमा)	२०८२/१२/२४ गते (बैंकिङ्ग समय पश्चात्) सम्म	निष्काशन बन्द हुने मिति (छिटोमा)	२०८२/१२/१५ गते (बैंकिङ्ग समय पश्चात्) सम्म
निष्काशन बन्द हुने मिति (ढिलोमा)	२०८३/०१/०९ गते (बैंकिङ्ग समय पश्चात्) सम्म	निष्काशन बन्द हुने मिति (ढिलोमा)	२०८२/१२/२४ गते (बैंकिङ्ग समय पश्चात्) सम्म

संस्थापक/संचालक तथा कर्मचारीहरुले यस निष्काशनमा आवेदन दिन पाईने छैन।

संक्षिप्त वित्तीय विवरण :

विवरण	वास्तविक			*२०८२/२०८३	प्रक्षेपित		
	आ.व. ०७९/८०	आ.व. ०८०/८१	आ.व. ०८१/८२	पौष मसान्त	आ.व. ०८२/८३	आ.व. ०८३/८४	आ.व. ०८४/८५
प्रति शेयर नेटवर्थ (रु.)	११६.५१	१००.२४	९८.५६	१०५.०५	१०५.८३	११६.६६	१२५.०८
प्रति शेयर आम्दानी (रु.)	(१०.९३)	(१५.४४)	(१.४८)	६.५३	६.७७	१०.८३	१२.४२
संचित नाफा (नोक्सान) (रु. हजारमा)	१४३,६८०	२,१६०	(१३,१४४)	४६,२९९	८१,६८२	२३३,२६३	४०७,१४४

*नोट : *अपरिष्कृत वित्तीय विवरण कम्पनीको लेखापरीक्षकबाट प्रमाणित भएको हो।*

आयोजनाको नाम	उत्पादन क्षमता	कुल लागत रकम	प्रति मेगावाट लागत रकम	विद्युत उत्पादन अनुमति प्राप्त गरेको मिति
कालंगागाड जलविद्युत आयोजना	१५.३३ मे.वा.	रु.४,३३,९३,४२,३१०।०३	रु.२८,३०,६२,१२०।६८	२०७२/१२/१४ गते

अनुमति बहाल रहने मिति	विद्युत उत्पादन अनुमतिको बाँकी अवधी	साधारण लगानी फिर्ता हुने अवधि	डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि	सरकारलाई आयोजना हस्तान्तरण गर्ने मिति
२१०७/१२/१३ गते	२५ वर्ष १ महिना	९.२९ वर्ष	१८.०१ वर्ष	२१०७/१२/१३ गते

परियोजनाको आन्तरिक प्रतिफल दर (IRR) र खुद वर्तमान मूल्य (NPV) सम्बन्धी विवरणः

आयोजनाको आन्तरिक प्रतिफल दर (IRR) ९.७८% र खुद वर्तमान मूल्य (NPV) रु.७०.१६ करोड रहेको छ।

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था

स्वीकृत विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूअर रेटिङ्ग गराउनु पर्ने भएकोले "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग्स नेपाल लिमिटेड, काठमाण्डौबाट मिति २०८०/०१/२१ मा क्रेडिट रेटिङ्ग गराई "[CARE-NP BB- (Is) [Double B Minus (Issuer)]" प्रमाणपत्र प्राप्त गरेकोमा मिति २०८२/०९/१५ मा उक्त रेटिङ्ग (Upgrade) भई "[CARE-NP BB (Is) [Double B (Issuer)]" प्राप्त भएको छ। "[CARE-NP BB (Is) [Double B (Issuer)]" ले Moderate risk of default regarding timely servicing of financial obligations in Nepal बुझाउँछ। यो २०८२/०९/१५ मा सोहि रेटिङ्ग एजेन्सीबाट (Upgrade) भएको हो र यसको बैधता २०८३/१०/०९ (जनवरी २३, २०२७) सम्म रहनेछ। केयर रेटिङ्ग्स नेपाल लिमिटेडले "CARE-NP AAA (Is)" देखि "CARE-NP D (Is)" सम्मको रेटिङ्ग प्रदान गर्दछ। जसमा रेटिङ्ग "CARE-NP AAA (Is)" ले बलियो आधार जनाउँछ भने "CARE-NP D (Is)" ले कमजोर आधारहरू जनाउँछ। रेटिङ्ग संकेत पछाडि रहने +(जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ। सो सम्बन्धी विवरण स्वीकृत विवरणपत्रको दफा ग.२२(ट) पृष्ठ नं. ६० मा उल्लेख गरिएको छ।

रेटिङ्ग प्रदान गरेको मिति : डिसेम्बर ३०, २०२५ (मिति २०८२/०९/१५) **बहाल रहने अवधि : जनवरी २३, २०२७ (मिति २०८३/१०/०९)**

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनु हुन अनुरोध गर्दछौं ।

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि **मिति २०८२ चैत्र ०२ गतेको "नयाँपत्रिका"** राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित आह्वान-पत्र वा निष्काशनकर्ता कम्पनीको वेवसाइट www.kalangahydro.com.np, नेपाल धितोपत्र बोर्डको वेवसाइटः www.sebon.gov.np अथवा निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइट www.sanima.capital मा रहेको "विवरणपत्र" हेर्नुहुन अनुरोध गर्दछौं।

स्वीकृत विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु, कर्मचारीहरुलाई र संस्थापक शेयरधनीहरुलाई साधारण शेयर बाँडफाँड भएको मितिले तीन वर्ष पूरा नभएसम्म र सामुहिक लगानी कोषले ६ महिना पूरा नभएसम्म बिक्री वा हस्तान्तरण गर्न पाइने छैन ।

निष्काशन तथा बिक्री प्रबन्धक :

SanimaCapital
(A wholly owned subsidiary of Sanima Bank Ltd.)
रजिष्टर्ड कार्यालयः सममार्ग, नक्साल-१, काठमाण्डौ, फोन नं. ०१-४५४०५०८/०१-४५३६३७५/०१-४५३५९३६
Email: sanimacapital@sanimacapital.com, Website: www.sanima.capital

नेपालमा प्रतिलाखमा दुई सय २७ जना क्षयरोगका बिरामी

वार्षिक थपिन्छन् ६७ हजार बिरामी, स्थानीय तहसम्म नियन्त्रण कार्यक्रम नपुग्दा महामारी रोक्न कठिन

शिवहरि घिमिरे/नयाँ पत्रिका

नेपालमा वार्षिक ६७ हजारजनामा क्षयरोग संक्रमण हुने गरेको छ। राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रको तथ्यांकअनुसार हाल नेपालमा प्रतिएक लाख जनसंख्यामा २२७ जनामा क्षयरोग हुने गरेको छ। क्षयरोगको सबैभन्दा डरलाग्दो पक्ष भनेको यसका ४२ प्रतिशत बिरामी उपचारभन्दा बाहिर हुनु हो।

समाजमा छरिएर रहेका बिरामी उपचारको पहुँचमा नआउँदा एकले अर्कोलाई सार्ने र क्षयरोग फैलाउने कार्य बढिरहेको केन्द्रका निर्देशक डा. भुवन पौडेलले बताए। नेपालमा हाल करिब ३० हजार क्षयरोगका विरामीलाई उपचारको पहुँचमा ल्याउन नसक्नु, यसको उपचारमा बजेटको अभाव हुनु र स्वास्थ्य जनशक्ति कम हुनु मुख्य चुनौतीका रूपमा रहेको उनको भनाइ छ।

'क्षयरोग नियन्त्रण कार्यक्रमलाई स्थानीय तहसम्म पुऱ्याउन सकिएको छैन, जबसम्म यो कार्यक्रम देशैभरका पालिकामार्फत समुदायस्तरमा पुऱ्याउन सकिँदैन, तबसम्म यो महामारी रोक्न सकिँदैन,' पौडेलले भने, 'हाल १४९ पालिकाले मात्रै क्षयरोग नियन्त्रणसम्बन्धी कार्यक्रम गरिरहेका छन्, अधिकांश स्थानीय तहले क्षयरोगको कार्यक्रमलाई प्राथमिकतामै राखेको छैन, अझ स्थानीयस्तरमा क्षयरोग भएकाहरूलाई हेयका दृष्टिले हेर्दा कतिपय बिरामीहरू खुल्दैनन्।' उनले क्षयरोगको सबैभन्दा मुख्य डर सुषुप्त रूपमा समाजमा रहेको क्षयरोग पत्ता लगाउनु रहेको बताए। हरेक वर्ष २४ मार्चका दिन विश्व क्षयरोग दिवस मनाउने गरिन्छ।

नेपालमा सरकार तथा विभिन्न साझेदारी निकायले सन् २०१०, २०१५ र २०१८ मा सर्भिलेन्स सर्भे गरेका थिए। तर त्यसयता स्थानीयस्तरसम्म पुगेर सर्भिलेन्स सर्भेसमेत गरिएको छैन। मुख्यतः बजेटकै अभावका कारण क्षयरोगसम्बन्धी थप रिसर्च गर्न नसकिएको डा. पौडेलको भनाइ छ। 'नेपालमा क्षयरोगको महामारी सन् २०२६ सम्म रोक्ने योजना थियो, तर स्थानीय निकायहरूसँग प्रभावकारी समन्वय नहुँदा सम्भव भएन। रोकथामका लागि भएका प्रयत्नहरू कमजोर भए,' उनले भने, 'सन् २०३५ सम्म महामारीको रूपमा रहेको यो रोग नियन्त्रण गर्ने र एक प्रति लाख जनसंख्यामा १० जनामा झार्ने लक्ष्य छ। अहिले हामीले उपचारमा नआएका संक्रमित खोज्न नै सकिरहेका छैनौं, यसले अझै संक्रमण फैलाउने डर देखिन्छ।'

पछिल्लो सन् २०२५ को तथ्यांकअनुसार नेपालमा क्षयरोग संक्रमित मधेश प्रदेशमा बढी छन्। २५ प्रतिशत मधेश, २३ प्रतिशत बागमती र लुम्बिनी प्रदेशमा २० प्रतिशत क्षयरोगका बिरामी छन्। गण्डकी, कोशी, कर्णाली र सुदूरपश्चिममा सीमित बिरामी छन्।



क्षयरोग संक्रमणबाट नेपालमा बर्सेनि १६ हजारले गुमाउँछन् ज्यान

क्षयरोग संक्रमणबाट नेपालमा बर्सेनि १६ हजारले मृत्युवरण गरिरहेको छ। मृत्युदर हेर्दा प्रतिएक लाख जनसंख्यामा ५३ जना रहेको छ। गत आर्थिक वर्ष ०८१/८२ मा राष्ट्रिय क्षयरोग कार्यक्रमअन्तर्गत औषधि नै खुवाउनुपर्ने अवस्थाका ३९ हजार ५१५ जना बिरामी फेला परेका थिए। हाल क्षयरोग हुनेमध्ये सबैभन्दा बढी ७२ प्रतिशतमा फोक्सोसम्बन्धी देखिने गरेको छ।

नेपालमा क्षयरोग नियन्त्रणका लागि ६ हजार २४१ स्वास्थ्य संस्थाबाट उपचार हुने गरेको छ। ७८५ संस्थाबाट माइक्रोसकोपी सेवा र १४२ संस्थाबाट द्रुत परीक्षण सेवा प्रदान गरिएको छ। औषधि प्रतिरोधी क्षयरोग उपचारका लागि ३१ केन्द्र र ९८ उपकेन्द्र सञ्चालन भइरहेका छन्। क्षयरोग पत्ता लगाउन नौवटा डिजिटल एक्सरेमार्फत हराइरहेका बिरामीको खोजीकार्य भइरहेको छ।

विश्व स्वास्थ्य संगठनका अनुसार विश्वको एक तिहाइ जनसंख्या क्षयरोगबाट ग्रसित छ। अझ यो समुदायस्तरमा समेत सुषुप्त बनेर बसेका कारण विश्वका विकसित देशलाई समेत नियन्त्रणमा चुनौती बनिरहेको डा. पौडेलको भनाइ छ। विश्व स्वास्थ्य संगठनकै तथ्यांकअनुसार विश्वमा क्षयरोगका कारण वार्षिक १२ लाखको मृत्यु हुन्छ। करिब सात लाख मानिस गरिबीको रेखामुनि धकेलिने गरेका छन्। नेपालले सन् २०३५ सम्म क्षयरोग महामारी अन्त्य गर्ने र सन् २०५० सम्म देशलाई क्षयरोगमुक्त बनाउने लक्ष्य लिएको छ।

आधाजसो बिरामी सक्रिय उमेर समूहका

क्षयरोगका विरामीमध्ये अधिकांश व्यक्ति सक्रिय उमेर समूहका छन्। ६७ हजार संक्रमितमध्ये ३३ हजार पाँच सयजना ५० वर्षभन्दा कम उमेरका छन्। सक्रिय उमेरमै क्षयरोग लाग्दा त्यसले परिवारलाई नै गरिबीतर्फ उन्मुख गराइरहेको केन्द्रका छातीरोग विशेषज्ञ डा. नोबलप्रसाद साहको भनाइ छ। उनका अनुसार परिवारमा कमाउने तथा अभिभावककै भूमिकामा रहेको व्यक्तिमा क्षयरोग हुँदा परिवारको दैनिक गुजारामै कठिनाइ हुने गरेको छ। 'क्षयरोग लागेकामध्ये आधा त सक्रिय उमेर समूहका छन्, यसो हुनु परिवार र समाजका लागि राम्रो होइन, यसको परीक्षण पनि महँगो छ, एकजनामा क्षयरोग छ भन्ने पत्ता लगाउन दुई हजार खर्च हुन्छ,' साहले भने, 'केन्द्र परिसरमै रहेको छातीरोग अस्पताल जनशक्ति र अन्य बजेट अभावका कारणले सञ्चालन गर्न सकिएको छैन, यो अस्पताल सिधै स्वास्थ्य मन्त्रालयले सञ्चालन गर्नुपर्छ।'

राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रका निर्देशक डा. **भुवन पौडेल** भन्छन्-



नेपालमा क्षयरोगको महामारी सन् २०२६ सम्म रोक्ने योजना थियो, तर स्थानीय निकायहरूसँग प्रभावकारी समन्वय नहुँदा सम्भव भएन, रोकथामका लागि भएका प्रयत्नहरू कमजोर भए। सन् २०३५ सम्म महामारीको रूपमा रहेको यो रोग नियन्त्रण गर्ने र एक प्रति लाख जनसंख्यामा १० जनामा झार्ने लक्ष्य छ। अहिले हामीले उपचारमा नआएका संक्रमित खोज्न नै सकिरहेका छैनौं, यसले अझै संक्रमण फैलाउने डर देखिन्छ।

सभापति थापाकै अध्यक्षतामा आज कांग्रेस केन्द्रीय समिति बैठक

मुख्य एजेन्डा नियमित महाधिवेशन



उक्त बैठकको अध्यक्षता उपसभापति विश्वप्रकाश शर्माले गरेका थिए। चुनावमा हारका कारण अन्तर्घातलगायत अन्य विषय भएको र विशेष महाधिवेशन नभएको भए पार्टीको हालत झनै खराब हुने निष्कर्ष निकालेको थियो।

कांग्रेस महामन्त्री गुरुराज घिमिरेले मंगलबार बस्ने केन्द्रीय कार्यसमिति बैठकको अध्यक्षता सभापति थापाले नै गर्ने बताए। 'राजीनामा अस्वीकृत भइसक्यो। उहाँ (सभापति थापा) बैठकमा आउनुहुनेछ,' उनले भने, 'पार्टीको १५औँ नियमित महाधिवेशन र यसको प्रक्रियामा छलफल गर्न बैठक बोलाइएको हो। बोल्ने साथीहरू धेरै हुनुभयो भने महाधिवेशनको समयतालिका अलिक पछि आउँछ, नभए एउटा समयतालिकाका बारेमा छलफल होला।'

नियमित महाधिवेशनको तालिकाबारे छलफल हुन्छ



गुरुराज घिमिरे
महामन्त्री, कांग्रेस

राजीनामा अस्वीकृत भइसक्यो। उहाँ (सभापति थापा) बैठकमा आउनुहुनेछ। पार्टीको १५औँ नियमित महाधिवेशन र यसको प्रक्रियामा छलफल गर्न बैठक बोलाइएको हो। बोल्ने साथीहरू धेरै हुनुभयो भने महाधिवेशनको समयतालिका अलिक पछि आउँछ, नभए एउटा समयतालिकाका बारेमा छलफल होला।

नयाँ पत्रिका

पार्टीले राजीनामा अस्वीकृत गरेपछि सभापति गगन थापाकै अध्यक्षतामा मंगलबार कांग्रेस केन्द्रीय कार्यसमिति बैठक बस्दै छ। बैठकमा पार्टीको १५औँ नियमित महाधिवेशनको एजेन्डामा छलफल हुने जनाइएको छ।

निर्वाचनमा पार्टीको हारप्रति नैतिक जिम्मेवारी लिँदै सभापति थापाले राजीनामा दिएका थिए। चुनावी हारबारे समीक्षा गर्न यसअघि बसेको कार्यसमिति बैठक थापाको राजीनामा अस्वीकृत गर्दै आइतबार सकिएको थियो। थापा अनुपस्थित थिए। ०७८ असोजमा भएको फैसला उच्च अदालत विराटनगर पुगेपछि उच्चले चोरीमा मात्र कसुर कायम गरी फैसला गरेको थियो। चोरीको कसुरमा ०७९ भदौमा उच्चले जनही दुई वर्ष कैद तथा २० हजार रुपैयाँ जरिवानाको सजाय सुनाएको थियो। तर, डाँकाको अपराधमा कसुरदार नठहऱ्याएको भन्दै सरकार सर्वोच्च पुगेकोमा यो फैसला आएको हो।

विधायिकाले चोरी, नकाबजनी चोरी र डाँकाको कसुरलाई फरक-फरक कसुर कायम गरेका कारण घटित वारदातको प्रकृति र आपराधिक कार्यका आधारमा तीमध्ये कुन कसुर हो भनी कानुनी व्यवस्था तथा त्यसमा सन्निहित विधायिकी मनसायसमेत पहिचान गरिनुपर्ने न्यायाधीशद्वयको मत छ। डाँका चोरीभन्दा गम्भीर कसुर मानिन्छ र सजाय पनि यसको बढी छ। कानुनी व्यवस्थाको व्याख्या गर्दा एकांकी र यान्त्रिक गर्न नहुने भएको भन्दै सर्वोच्चले कानुन तर्जुमा, पृष्ठभूमि र आवश्यकतासमेतलाई हेरी समुचित रूपमा व्याख्या गर्नुपर्ने जनाएको छ।

'...यदि तीनजना वा सोभन्दा बढी व्यक्तिहरूले चोरी गर्ने क्रममा वा चोरी गर्दाको अवस्थामा वारदातस्थलमा रहेका मालधनी वा अन्य कुनै व्यक्तिलाई सो चोरी गर्ने तीनजना वा सोभन्दा बढीको जमातबाट हुलहुज्जत वा बल वा जबर्जस्तीजस्ता जमातको चरित्र देखाई चोरी गरेमा डाँकाको कसुर हुने गरी विधायिकाले व्यवस्था गरेको सहजै बोध गर्न सकिन्छ,' सर्वोच्चले भनेको छ।

दलितका लागि अधिकार ऐन ल्याउन सरकार उदासीन भएको आरोप, आन्दोलनको चेतावनी

विराटनगर/ सामाजिक, आर्थिक र राजनीतिक पहुँचबाट सबैभन्दा पछाडि पारिएको दलित समुदायका अधिकार ऐन ल्याउन कोशी प्रदेश सरकारले सधैँ बेवास्ता गरेको भन्दै दलित समुदायले आन्दोलनको चेतावनी दिएका छन्। आठ वर्षदेखि कोशी प्रदेशमा बने का सरकारले दलित अधिकार ऐन ल्याउने झुटो आश्वासन मात्रै दिएको भन्दै दलित सांसदहरूले प्रदेश सभामा गैरसरकारी विधेयक दर्ता गराउने भएका छन्। साथै, दलित समुदायले सरकार र संसद्विरुद्ध आन्दोलनको चेतावनी दिएका छन्। कोशी प्रदेशमा आठ वर्षदेखि दलित अधिकार ऐन निर्माण गर्न पटक-पटक दलितहरूले दबाब दिँदै आए पनि सरकारले चाँडै ल्याउने आश्वासन मात्रै दिँदै आएको छ।

सोमबार अन्तर्राष्ट्रिय जातीय विभेद उन्मूलन दिवसको सन्दर्भमा आयोजित दबाब छलफलमा कोशी प्रदेश सांसद सपना परियारले भनिन्, 'हामी संसद्बाट आवाज उठाउँदा र सरकारलाई प्रत्यक्ष भेटेर अनुरोध गर्दा थाकिसक्यौं, यसैले अब छिट्टै गैरसरकारी विधेयक दर्ता गराउने तयारीमा छौं, सधैँभरि झुटो आसमा बसिरहन सक्दैनौं।' संघीयता कार्यान्वयन भएसँगै संविधानको हकअधिकार सुनिश्चित गराउन सबैभन्दा पछाडि पारिएको दलित समुदायका लागि दलित अधिकार ऐन निर्माण गर्न कोशीका दलितहरूले पटकपटक ज्ञापन, अन्तर्क्रिया र भेटघाटमार्फत सरकारहरूलाई दबाब दिँदै आएका छन्। तर सर कारले तयार भएको दलित अधिकार विधेयक पनि प्रदेश सभामा दर्ता गराएको छैन। ' पहिलो कार्यकालदेखि नै दलित अधिकार ऐन ल्याउन हामीले संसदमा आवाज उठाएका हौं, तर पार लागेन। अब गैरसरकारी विधेयक दर्ता गराउनुको विकल्प छैन,' सांसद सुनीता गुरुङ रामले भनिन्। सांसद गोपाल विश्वकर्माले सरकारले विभिन्न बहाना बनाएर दलित अधिकार ऐन नल्याउनु भनेको दलितहरूमाथि भइरहेका अत्याचार र विकासको वञ्चितीकरणलाई मौन समर्थन गर्नुभएको बताए।

■ डाँकासम्बन्धी कसुरमा सर्वोच्चको व्याख्या

तीनजना मात्र भएर हुँदैन, हिंसा वा बल प्रयोग भएको हुनुपर्छ

शिल्पा कर्ण/नयाँ पत्रिका

सर्वोच्च अदालतले डाँका मुद्दामा कसुर कायमका लागि तीनजनाको संलग्नता मात्रले नहुने व्याख्या गरेको छ। सर्वोच्चको संयुक्त इजलासले मुलुकी अपराध संहितामा रहेको डाँकाको परिभाषा गर्दै चोरीमा हिंसा वा जबर्जस्तीको अवस्था पनि विद्यमान हुनुपर्ने उल्लेख गरेको हो।

'डाँकाको कसुर हुनका लागि सो संख्याको अतिरिक्त त्यस्तो संख्याको जमातबाट न्यूनतम रूपमा भए पनि वारदातका अवस्थामा शक्ति प्रयोग गरिएको वा त्यस्तो डर, त्रास, धम्की वा हुलहुज्जत गरी जबर्जस्ती चोरी गरिएको वा सम्पत्तिको हरण गरिएको अवस्थाको विद्यमानता हुनु आवश्यक छ,' हालै जारी फैसलाको पूर्णपाठमा छ। मनोजकुमार शर्मा र महेश शर्मा पौडेलको इजलासले गरेको फैसलामा विभिन्न देशहरूको कानुन तथा परिभाषासमेत हेरी यस्तो व्याख्या भएको हो।

प्रमोद दाहालको जाहेरीले नेपाल सरकार पुनरावेदक वादी तथा राजीव राजवंशी, दीपेन्द्रकुमार राजवंशी र धीरेन राजवंशी भएको डाँका मुद्दामा सर्वोच्चले डाँका ठहर नहुने भन्दै उच्च अदालतबाट भएको फैसला सदर गरेको हो। मुलुकी अपराध संहिताको दफा २४४ (२) ले डाँकाको परिभाषा गर्दा चारवटा आधार दिएको छ। यसको (घ)मा तीनजना वा तीनजनाभन्दा बढीको जमात भई चोरी गरेमा पनि डाँकाको सजाय मानिने उल्लेख छ। यसैअनुसार डाँकाको कसुर पनि कायम हुनुपर्ने माग सरकारी पक्षको थियो।

'चोरीको कसुर गर्दाका बखत केही खास परिस्थितिमा सो चोरीको कसुर डाँकाको कसुर हुन पुग्छ र यसका लागि सो चोरीको कसुरमा कतिजना व्यक्तिहरू संलग्न थिए भन्ने संख्याको कुनै स्थान रहँदैन। सो खण्ड (क) देखि (ग) सम्मका अवस्था रहेमा एकजना व्यक्तिबाट पनि डाँकाको कसुर हुने हुन्छ,' फैसलामा थप छ।

मोरङमा बिहेमा गएका उमेश वस्तीको मोटरसाइकल तीनैजना प्रतिवादी मिलेर चोरेका थिए। मोटरसाइकल लिएर भाग्दा बाटोमा प्रहरीले रोकेर सोधपुछ गरेको थियो, जसक्रममा चोरीको घटना खुलेको थियो। संहिताअनुसार तीनजनाको संलग्नतालाई डाँका मान्न मिल्ने भएकाले उक्त कसुरमा अभियोजन भएको थियो। 'प्रस्तुत मुद्दामा बल वा जबर्जस्तीका तत्त्वविना तीनजना वा सोभन्दा बढी संख्या संलग्न भएकै आधारमा विधायिकाले डाँकाको कसुर कायम गरेको हो भन्ने कुरा अपराधीकरणको सिद्धान्त र यसको आधारभूत मान्यताका आधारमा पनि स्वाभाविक मान्न सकिँदैन,' सर्वोच्चले गरेको फैसलामा छ।

सरकारले चोरी र डाँकाको कसुरमा अभियोजन गरेकोमा जिल्ला अदालत मोरङले ठहर हुने फैसला गरेको थियो। तीनैजनालाई जनही पाँच वर्ष कैद तथा ५० हजार रुपैयाँ जरिवानाको सजाय सुनाइएको

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय बालाजुको

कागजात, फाटवारी तथा प्रमाणहरू उपलब्ध गराउने सम्बन्धी अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मितिः २०८२/१२/१०

यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत दर्ता रहेका तपसिलमा उल्लेखित करदाताको तोकिएको आय वर्षको कारोवारको सम्बन्धमा छानविन, अनुसन्धान तथा कर परीक्षण गर्नुपर्ने भएकोले कार्यालयको दर्ता अभिलेख बमोजिमको टेलिफोनमा सम्पर्क गर्दा, कारोबारस्थलमा खोजी गर्दा नभेटिएको र उक्त ठेगानामा पत्राचार गर्दा समेत हालसम्म सम्पर्कमा नआएको तथा कागजात पेश नगरेकोले आयकर ऐन, २०५८ को दफा ७९ को उपदफा (३), मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ३१ को उपनियम (२) एवं अन्तःशुल्क नियमावली, २०५९ को नियम ६ख. को उपनियम (३) बमोजिम यो सूचना सार्वजनिक गरिएको छ। उल्लिखित वर्षको मूल्य अभिवृद्धि कर/आय विवरण बमोजिमको खरिद बिक्री, आम्दानी खर्च र सम्पत्ति तथा दायित्वलाई प्रमाणित गर्ने खरिद बिक्री खाता, बिल भर्पाई प्रमाण तथा बैंक स्टेटमेन्टहरु लगायत कारोबारसँग सम्बन्धित कागजातहरु लिई आफैं वा कानून बमोजिम आधिकारिक प्रतिनिधि यो सूचना प्रकाशित भएको मितिबाट १५(पन्ध्र) दिनभित्र यस कार्यालयमा उपस्थित हुनुहुन आयकर ऐन, २०५८ को दफा ८३(१), मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २३(२) एवं अन्तःशुल्क ऐन, २०५८ को दफा १०घ.(४) बमोजिम यो सूचना जारी गरिएको छ। उल्लिखित माग गरिएका कागजातहरु तोकिएको म्यादभित्र पेश हुन नआएमा कार्यालयमा उपलब्ध तथ्याङ्क तथा सूचनाहरु एवं विवरणका आधारमा आयकर ऐन, २०५८ को दफा १०१, मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० तथा अन्तःशुल्क ऐन, २०५८ को दफा १०घ. बमोजिम कर निर्धारण गरिने व्यहोरा समेत सम्बन्धित सबैको लागि जानकारी गराईन्छ।

तपसिलः

क्र.सं.	फर्मको नाम	स्थायी लेखा नं.	फर्मको ठेगाना	प्रोप्राइटर/सञ्चालक	आय वर्ष
१.	एस.जि.ट्रेडर्स एण्ड कन्स्ट्रक्सन प्रा.लि.	६१०४००१५१	टोखा न.पा.-०८, काठमाडौं	शैलेन्द्र घिमिरे	२०७९/०८०

Lumbini Province Government
Ministry of Industry, Tourism and Transport
Tourism Division Office
Kohalpur, Banke, Nepal

Invitation for Bids/ Sealed Quotation

Date of First Publication: 2082/12/10 (2026/03/24)

1. The **Tourism Division Office, Banke** invites electronic bids from eligible bidders for the following works under Bids/ Sealed Quotation (SQ) procedures specified in Public Procurement Act and Regulations. All other information and Bid Documents can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit bid by electronic only with the requested documents within mentioned period. The Name and Identification of the contract are as follows.

Contract ID No.	Name of Contract	Estimated amt. without VAT,PS & Contingencies in NRs.	Bid Security Amount in NRs.	Bid Fee(Non-Refundable) NRs.
BANKE/TDO/WORKS/NCB-18/2082/083	Construction of Infrastructure on Barakune Jyamere Daha, Gorahi-13 dang	2062776.75	60000.00	3000.00
BANKE/TDO/WORKS/SQ-19/2082/083	Construction of Structure of Sishmahal on Benkatesh Laxminarayan Mandir Tulsipur-06, Dang	2400801.85	70000.00	3000.00
BANKE/TDO/WORKS/SQ-41/2082/083	Construction of Infrastructure of Sworgadwari Jalkunda Area Sworgadwari-02, Pyuthan	1712754.24	50000.00	1000.00
BANKE/TDO/WORKS/SQ-42/2082/083	Construction of Infrastructure of Bhubanot Park Sworgadwari-05, Pyuthan	1370140.51	40000.00	1000.00
BANKE/TDO/WORKS/SQ-43/2082/083	Construction of Infrastructure of Raniban Park, Tulsipur-18, Dang	1052415.26	30000.00	1000.00

Office Chief

निर्वाचनमा वामपन्थी दलहरूको हालत र अबको बाटो

अघिल्ला निर्वाचनमै वामपन्थी दललाई रास्वपा र स्वतन्त्र उम्मेदवारले 'काउन्टर' दिन थालिसकेका भए पनि त्यसबाट पाठ सिक्न नसक्नुको परिणाम हो यो निर्वाचन



● प्रेमलकुमार खनाल

अग्रलेख

भर्खरै सम्पन्न निर्वाचनबाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवारले झन्डै दुईतिहाइको विजय हासिल गरेका छन् । निर्वाचन परिणामपछि वामपन्थी राजनीतिक दल एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) भने सानो आकारमा खुम्चिएका छन् । मधेशवादी दलको त संसद्मा उपस्थिति नै भएन भने नयाँ शक्तिका रूपमा श्रम संस्कृति पार्टी संसद्मा उपस्थित भएको छ ।

यो निर्वाचनमा नेकपाले कुल समानुपातिक मत आठ लाख ११ हजार प्राप्त गरेको छ भने रास्वपाले ५१ लाख ८३ हजार, कांग्रेसले १७ लाख ५९ हजार, एमालेले १४ लाख ५५ हजार, श्रम संस्कृति पार्टीले तीन लाख ८५ हजार र राप्रपाले तीन लाख ३० हजार मत प्राप्त गरेको छ । यस्तै साना वामपन्थी दलमा जनार्दन शर्माको प्रगतिशील लोकतान्त्रिक पार्टीले २४ हजार ६४८, विप्लव समूहको माओवादीले २३ हजार ८५२, जनमोर्चाले २० हजार ४४८, नेपाल मजदुर किसान पार्टीले ४२ हजार ४६१, नेकपा मालेले ६ हजार १६३ र नेपाल कम्युनिस्ट पार्टी संयुक्तले चार हजार ५१० मत प्राप्त गरे ।

नेकपाले आठ निर्वाचन क्षेत्रमा विजय हासिल गरेको छ भने समानुपातिक मतबाट नौजनासमेतको प्रतिनिधित्व हुँदा प्रतिनिधिसभामा १७ जनासहित संसद्मा चौथो दलको हैसियत प्राप्त गरेको छ । यसपटकको निर्वाचनमा नेकपाले समानुपातिक मत ८.१ प्रतिशत प्राप्त गरेको छ र गत निर्वाचनभन्दा यसपटक ६ लाख ६२ हजार २२८ कम मत पाएको छ । यस्तै यो पार्टीले १५ निर्वाचन क्षेत्रमा दोस्रो, २५ निर्वाचन क्षेत्रमा तेस्रो, ६२ निर्वाचन क्षेत्रमा चौथो हैसियत प्राप्त गरेको छ भने ९९ वटा निर्वाचन क्षेत्रका उम्मेदवारले खसेको सदर मतको १० प्रतिशतभन्दा कम मत प्राप्त गरेका छन् । यस्तै एमालेले प्रत्यक्षमा आठ र समानुपातिकमा १७ गरी २५ सिट प्राप्त गरेर संसद्मा तेस्रो दल बनेको छ । एमालेले ४२ क्षेत्रमा दोस्रो, ६१ क्षेत्रमा तेस्रो र ४२ निर्वाचन क्षेत्रमा चौथो हैसियत प्राप्त गरेको छ । यस्तै एमालेले ४९ क्षेत्रमा खसेको सदर मतको १० प्रतिशतभन्दा कम मत प्राप्त गरेको छ ।

नेपालका वामपन्थी दलले मुलुकको लोकतान्त्रिक र गणतान्त्रिक आन्दोलनमा निर्वाह गरेको भूमिकाको परिणामस्वरूप जनताले विश्वास प्रकट गरेको पाइन्छ । ०४८ मा भएको आमनिर्वाचनमा एमालेले संसद्मा ६९ सिट जितेर प्रमुख प्रतिपक्षी दल बनेको थियो भने तत्कालीन संयुक्त जनमोर्चाले नौ सिट, नेपाल मजदुर किसान पार्टीले दुई सिट प्राप्त गरेका थियो । यस्तै २०५१ को निर्वाचनमा एमालेले ८८ सिट प्राप्त गरेर संसद्मा ठुलो दलको हैसियतले पहिलोपटक एकल हैसियतमा सरकारको नेतृत्व गरेको थियो । नेमकिपाले चार सिट जितेको थियो । ०५६ मा एमालेले ७१, जनमोर्चाले पाँच, नेमकिपाले एक र संयुक्त जनमोर्चाले एक सिटमा विजय हासिल गरेका थिए । गणतन्त्रपछि ०६४ मा संविधानसभाका लागि भएको निर्वाचनमा माओवादी एक्लैले २२९ सिट, एमालेले १०८ सिट, नेकपा माले र नेमकिपाले पाँच-पाँच सिट, राष्ट्रिय जनमोर्चाले चार सिट, नेकपा एकीकृतले एक सिट र जनमोर्चाले आठ सिट जितेका थिए । ०७४ को निर्वाचनमा माओवादी र एमालेले वाम गठबन्धन गरेर निर्वाचन लड्दा एमालेले ८० र माओवादीले ३६ गरी ११६ सँगै समानुपातिकसहित झन्डै दुईतिहाइको सिट संख्यामा विजय हासिल गरेका थिए । ०७९ को आमनिर्वाचनमा भने बेग्लाबेग्लै लड्दा एमालेले ७८, माओवादी केन्द्रले ३२ र नेकपा एकीकृत समाजवादीले १० सिट जितेका थिए ।

नेपालमा वामपन्थीलाई जनताले पटक-पटक बहुमत दिएर सरकारको नेतृत्व गर्ने अवसर दिएका भए पनि यसपटकको निर्वाचनमा भने वामपन्थीले कायम गर्दै आएको कतिपय निर्वाचन क्षेत्रको 'लालकिल्ला' भत्किएको छ । एमाले अध्यक्ष केपी ओलीले झापाबाट ०४८ देखि (०६४ मा बाहेक) लगातार विजय हासिल गर्दै आएकामा यसपटक रास्वपाका बालेन्द्र शाहभन्दा ४९ हजार ६१४ मतान्तरले पराजित हुनुपऱ्यो । जब कि २०७९ मा ओलीले सोही क्षेत्रबाट ३२ हजार २४७ मतको फराकिलो अन्तरले कांग्रेसका उम्मेदवारलाई पराजित गरेका थिए । तर, यसपटक उनले अत्यन्त न्यून मत प्राप्त गरेका छन् । यस्तै नेमकिपाको २०४८ सालदेखिको गढ मानिएको भक्तपुर १ मा रास्वपाले पाँच हजार २८९ मतान्तरले जित हासिल गऱ्यो । जब कि २०७९ को निर्वाचनमा नेमकिपाका उम्मेदवार एमालेका उम्मेदवारभन्दा ३० हजार ७९३ मतान्तरले विजयी भएका थिए । यस्तै विगतमा सहज रूपमा पटक-पटक विजय हासिल गर्दै आएका थुप्रै वामपन्थी उम्मेदवार यसपटक पराजित भए । यसबाट लोकप्रियता हासिल गर्न नसक्दा वामपन्थी मत सधैं स्थिर नहुने प्रवृत्ति देखिएको छ । यसले नेपालको वाम आन्दोलन भारतको पश्चिम बंगालको वामपन्थी आन्दोलनजस्तो लगभग विघटनको अवस्थामा पुग्ने आशंका गर्न थालिएको छ ।

०४८ देखि नेपालका कम्युनिस्ट पार्टी संसदीय राजनीतिमा पदार्पण गरेका हुन् । ०४८ को आमनिर्वाचनमा जनताले पहिलोपटक नै वामपन्थीलाई उत्साहजनक ढंगले विजयी गराएका थिए । खासगरी राष्ट्रियता र देशभक्तिको भावनासाथ राष्ट्रियताका विषयमा गरेको संघर्ष र आन्दोलन, जनजीविकाको पक्षमा गरेको आन्दोलन, मुलुकमा लोकतन्त्र बहाली तथा गणतन्त्र तथा समावेशी लोकतन्त्र प्राप्तिका लागि गरेको नेतृत्वकारी संघर्षप्रति सम्मान गर्दै जनताले वामपन्थीलाई जिताउँदै आएका छन् ।



०५१ को निर्वाचनमा त संसद्मा एमालेले ठुलो दलको हैसियत प्राप्त गरेको थियो र पहिलोपटक कम्युनिस्ट पार्टीको निर्वाचित सरकारको नेतृत्व मनमोहन अधिकारीले गरेका थिए । अल्पमतको सरकार भएर पनि नौ महिनाको अवधिमा सो सरकारले सुरुवात गरेको ज्येष्ठ नागरिक भत्ता, आफ्नो गाउँ आफैं बनाऔं अभियानअन्तर्गत सिंहदरबारको बजेट सोझै प्रत्येक पालिकामा पुऱ्याउने अभियान, नौ 'स'को अभियानअन्तर्गत एकीकृत तवरबाट शिक्षा र साक्षरता, सुलभ स्वास्थ्य, सिँचाइ, सडक, कृषि, सरसफाइ, स्वच्छ पिउने पानी, सीपमूलक तालिम र रोजगारी, साना जलविद्युत्बाट ग्रामीण विकास र साना घरेलु उद्योगको विकासका कार्यक्रम अगाडि सारेको थियो ।

> विभाजित अवस्थामा रहेका वामपन्थी दलले अब पनि बेग्लाबेग्लै चुल्हो बालेर नेपालमा समाजवादी क्रान्ति सम्पन्न गरी समाजवाद स्थापना हुने सपना देख्नु कोरा कल्पना मात्रै हुनेछ

०७४ अगाडि वामपन्थी नेतृत्वका सरकारले विशेषतः संविधान निर्माण र शान्ति प्रक्रिया व्यवस्थापनमै काम केन्द्रित गरेका थिए । तर, संविधान निर्माणपश्चात् वामपन्थीले सरकारमा गएर समाजवादी आर्थिक नीति तथा कार्यक्रमसाथ जुन ढंगबाट राष्ट्र र जनताका आवश्यकताअनुसार काम गर्नुपर्थ्यो, त्यो हुन सकेन । खासगरी शिक्षा, स्वास्थ्य, स्वच्छ खानेपानी, आवास, रोजगारी, सामाजिक सुरक्षाका साथै कृषिको विकास र औद्योगिकीकरण गरेर मुलुकमा भ्रष्टाचार र अनियमितता अन्त्य गरी सुशासनका मूल्य-मान्यतासाथ आर्थिक-सामाजिक विकास अगाडि बढाउनुपर्थ्यो । तर, वामपन्थीले ०४८ सालदेखिकै नवउदारवादी आर्थिक नीतिलाई अवलम्बन गरे । ०७४ मा वामपन्थीको एकल बहुमतको सरकार गठन भयो । तर, नेकपाभित्रको आन्तरिक समस्या र दुई-दुईपटक संसद् विघटन भएपछि त्यो सरकार टिक्न सकेन ।

यसरी राष्ट्र र जनताका पक्षमा वामपन्थीबाट उल्लेखनीय काम हुन नसकेपछि जनतामा आक्रोश बढ्दै गयो । ०७९ को निर्वाचनमा रास्वपा राजनीतिक दलले काम गर्न नसकेको, अनियमितता र भ्रष्टाचार बढेको मूल नारासाथ निर्वाचनमा पहिलोपटक होमिएको थियो । त्यस निर्वाचनमा रास्वपाले संसद्मा २० सिट र समानुपातिक मत झन्डै ११ लाख प्राप्त गरेको थियो । यस्तै, २०७८ को स्थानीय तह निर्वाचनमा काठमाडौं, धरान र धनगढीमा कांग्रेस र वामपन्थीको विकल्पमा स्वतन्त्र उम्मेदवारले विजय हासिल गरे । यसरी अघिल्लो निर्वाचनमै मूलधारका राजनीतिक दल र वामपन्थी दललाई स्वतन्त्र उम्मेदवारले 'काउन्टर' दिन थालिसकेका थिए । तर, वामपन्थी दलले यसबाट पाठ सिकेनन् ।

युवापुस्ताको निराशा र आक्रोशलाई स्वतन्त्र पहिचानबाट राजनीतिमा उदाएका स्वतन्त्र व्यक्तिले आधुनिक प्रविधिको उपयोग गरी सामाजिक सञ्जालबाट संगठित गरे । गत भदौमा युवापुस्ताको आन्दोलन यसैको परिणाम थियो । यसपटकको निर्वाचनमा पुराना दलको विकल्प भनेर रास्वपाको पक्षमा देशव्यापी जनलहर सिर्जना भयो । परिणामस्वरूप वामपन्थी दलले यस्तो अकल्पनीय परिणाम व्यहोर्नुपऱ्यो । यस्तै, विभाजित अवस्थामा वेग्लाबेग्लै ढंगबाट वामपन्थीले निर्वाचन लडे । राष्ट्रिय वा प्रदेशस्तरमा प्रगतिशील एवं वाम शक्तिबिच आपसमा तालमेल गरेको भए झन्डै थप ६० निर्वाचन क्षेत्रमा वामपन्थी विजयी हुने थिए ।

अब वाम आन्दोलनले यसबाट गम्भीर पाठ सिक्नुपर्छ । नेपालमा समाजवादी क्रान्ति गरेर समाजवादी व्यवस्था लागू गर्ने ध्येयका साथ क्रियाशील वामपन्थी दलले आफ्नै कारणले यस निर्वाचनमा पराजय भोग्नुपरेको हो । खासगरी, सरकारमा गएर जनताको शिक्षा, स्वास्थ्य, आवास, स्वच्छ खानेपानी, रोजगारी र सामाजिक सुरक्षाका लागि समाजवादी आर्थिक सामाजिक कार्यक्रम लागू गर्न नसक्नु, पछिल्लोपटक पुष्पकमल दाहालको नेतृत्वको सरकारले अनियमितता र विभिन्न भ्रष्टाचार काण्डविरुद्ध चालेका कदम कांग्रेस-एमालेले रोक्नु र कम्युनिस्ट आदर्शअनुरूप राष्ट्रिय हितका पक्षमा सन्धि-सम्झौता गरी राष्ट्रियताको संरक्षण र संवर्द्धनमा भूमिका निर्वाह गर्न नसक्नु नै वाम जनमत खस्किनुको प्रमुख कारण हो ।

विभाजित अवस्थामा रहेका वामपन्थी दलले अब पनि बेग्लाबेग्लै चुल्हो बालेर नेपालमा समाजवादी क्रान्ति सम्पन्न गरी समाजवाद स्थापना हुने सपना देख्नु कोरा कल्पना मात्रै हुनेछ । वामपन्थी दलको सिद्धान्त र विचार एउटै छ, तर बेग्लाबेग्लै चुल्होचौको बालेर वाम जनमतलाई विभाजित गरिरहँदा बुर्जुवा पुँजीवादी र लोकरिझ्याइँवादी शक्तिलाई नै फाइदा पुग्ने निश्चित छ । यसले नेपालको समाजवादी क्रान्ति झनै दशकौं पछाडि धकेलिनेछ । देश र जनताले झन् दुरूह अवस्था भोग्नुपर्नेछ । मुलुकको राष्ट्रियता, स्वाधीनता, सार्वभौमिकता र अखण्डतामा झन् गम्भीर चुनौती खडा हुँदै जानेछ ।

अतः यतिबेला वामपन्थीले विगतका कमी-कमजोरीको गम्भीर र निर्मम आत्मसमीक्षा गरी धुलो टकटकाउँदै वाम आन्दोलनलाई एकताबद्ध रूपमा अगाडि बढाउन आवश्यक छ । यसका लागि प्रथमतः ठुलासाना वामपन्थी दलभित्रै सिद्धान्त, विचार, कार्यक्रम, संगठन, नेतृत्वमा रूपान्तरण र हस्तान्तरण, क्रान्तिकारी कार्यशैली र सर्वहाराकृत जीवनशैली अवलम्बन गर्ने गरी पुनर्गठन गरेर नयाँ ढंगको पार्टी निर्माणको अभियानमा जुट्नुपर्छ । यसरी वामपन्थी दल सिद्धान्त र विचारका आधारमा एकता र सहकार्य गरी कम्तीमा पनि आगामी स्थानीय र प्रदेश सभा निर्वाचनअगावै एकीकृत र ध्रुवीकृत हुनुको विकल्प छैन ।

साथै परिवर्तित भूराजनीतिक जटिलता र चुनौतीबिच नेपालको राष्ट्रिय सुरक्षा तथा राष्ट्रियताको संरक्षण र संवर्द्धनका लागि देशमा सुशासन कायम गर्न र जनताको जनजीविकाका लागि वामपन्थी शक्तिले सहकार्य गरी सशक्त भूमिका निर्वाह गर्नु आवश्यक छ ।

(खनाल नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का नेता हुन्)

---

३ प्रश्न

राजनीतिक विश्लेषक **प्रा. लोकराज बरालला**ई



निर्वाचनमा कांग्रेस पराजय हुनुमा नेतृत्वलाई मात्र दोष दिन मिल्छ त ?

कांग्रेसको अहिलेको हारका लागि वर्तमान नेतृत्वको कुनै दोष छैन । पहिल्यैदेखि पुराना नेताका सत्तालिप्सा, कुशासन, सत्ताको म्युजिकल चियरका कारण जनतामा थिग्रिएको असन्तुष्टिको एकसाथ विस्फोट हो यो हार । पुरानो नेतृत्वका कारण पार्टीमा पुगेको 'इ्यामेज कन्ट्रोल' गर्ने प्रयास वर्तमान सभापति गगन थापा र उनको टिमले गरेको हो । तर, एकदमै छोटो समय पाएको हुनाले उनीहरूले पार्टीमा जान लागेको पहिरो रोक्न नसकेका मात्र हुन् । शेरबहादुर देउवाकै नेतृत्वमा पार्टी चुनावमा गएको भए योभन्दा पनि तल झर्ने पक्का थियो । धन्न नयाँ नेतृत्वले पार्टी सम्हालेको हुनाले मात्र यति सिट आएको हो । त्यसैले, यो पराजयका लागि वर्तमान नेतृत्वलाई दोष दिनु अन्याय हो ।

कांग्रेसभित्रको वर्तमान किचलोले पार्टीलाई कहाँ पुऱ्याउला ?

यसले पार्टीलाई कहीँ पनि पुऱ्याउँदैन । पुरानो संस्थापन समूहका नेताको यो समानान्तर गतिविधि भनेको उनीहरूको हातबाट पार्टीको सत्ता खोसिनुको पीडा र हारको मानसिकता मात्र हो । नयाँ सभापति गगन थापाको हस्ताक्षरबाट निर्वाचनमा सहभागी हुने अनि अहिले विशेष महाधिवेशन मान्दैनौं भन्नु भनेको अत्तो थाप्ने काम मात्र हो । उनीहरू सर्वोच्च अदालतले आफूहरूको पक्षमा निर्णय दिन्छ कि भन्ने झिनो आशाको त्यान्द्रोमा झुन्डिइरहेका छन् । त्यसैलाई बहाना बनाएर उनीहरूले पार्टीमा किचलो बढाएका हुन् । यसले निर्वाचन परिणामपछि कमजोर भइसकेको पार्टीलाई थप कमजोर बनाउँछ ।

अहिलेको अवस्थाबाट माथि उठ्न कांग्रेसले के गर्नुपर्ला ?

कांग्रेस माथि उठ्न जनतामा आशा र भरोसा दिलाउन नसक्ने विशेष महाधिवेशनबाट आएको नेतृत्व थप सक्रिय हुनुपर्छ । निर्वाचनमा हारजित स्वाभाविक हो । हारबाट विचलित हुनुहुँदैन । आन्तरिक विवादमा नअल्झी नियमित महाधिवेशन गरेर वर्तमान नेतृत्वलाई नै अघि लगाएर जाने हो भने भावी दिनमा कांग्रेस उठ्न कठिन छैन ।

प्रेरक प्रसंग

सन्त र फर्सीको तरकारी

हाम्रो समाजमा तीर्थयात्राको निकै ठुलो महत्त्व छ । पहिले-पहिले यस्तो यात्रामा जान निकै कठिन थियो । अधिकांश तीर्थयात्रा पैदलै गर्नुपर्ने बाध्यता थियो । थोरै-थोरै यात्रापछि नै विश्राम गर्नुपर्ने हुन्थ्यो । अनेक प्रकारका मानिससित भेटघाट हुन्थ्यो । अनेक भाषा, विविध रीतिरिवाजको अनुभव लिन पाइन्थ्यो । विविधतामय समाज देख्न पाइन्थ्यो । अनेकौं कठिनाइसित पनि जुध्नुपर्ने हुन्थ्यो ।

धेरै अघि तीर्थयात्रामा निस्कन लागेका केही मानिस आफ्नो सहरका एक विख्यात सन्तकहाँ पुगे । उनीहरूले सन्तलाई पनि आफूहरूसँगै तीर्थयात्रामा जान अनुरोध गरे । सन्तले आफ्नो असमर्थता देखाउँदै उनीहरूलाई एउटा तितो स्वादको फर्सी दिँदै भने- माफ गर्नुहोला, कामविशेषले गर्दा म हजुरहरूसँग यो तीर्थयात्रामा सरिक हुन सकिनँ । तपाईंहरू यो फर्सी लिएर जानुहोस् र जहाँ-जहाँ स्नान गर्नुहुनेछ, त्यहाँ-त्यहाँ यसलाई पनि स्नान गराइदिनुहोस् । तीर्थस्थलमा ईश्वरको दर्शन पनि गराइदिनुहोस् । र, फर्किंदा साथमै ल्याउनुहोस् ।

तीर्थयात्रीले सन्तको अनुरोध स्विकारेर फर्सी साथमा लिएर तीर्थयात्रामा निस्किए । उनीहरूले आफूले जहाँ-जहाँ स्नान गरे, त्यहाँ-त्यहाँ फर्सीलाई पनि स्नान गराइदिए । मन्दिरमा पनि दर्शन गराए । यस्तो गर्दागर्दै उनीहरूको तीर्थयात्रा पूरा भयो । सबै घर फर्किए । उनीहरूले सन्तको फर्सी सकुशल फिर्ता गरे । सन्तले सबै तीर्थयात्रीलाई धन्यवाद दिँदै अर्को दिन आफ्नो आश्रममा प्रीतिभोजका लागि सबैलाई आमन्त्रित गरे ।

सन्तको आमन्त्रण स्विकार्दै तीर्थयात्री भोलिपल्ट निर्धारित समयमा प्रीतिभोजका लागि सन्तको आश्रममा पुगे । सबैलाई श्रद्धापूर्वक भोजन अर्पण गरियो । भोजमा अन्य परिकारका साथमा तीर्थयात्रामा लगिएको फर्सीको तरकारी पनि सामेल थियो । सबै तीर्थयात्रीले भोजन सुरु गरे । फर्सीको तरकारी मुखमा हाल्नासाथ सबैले एकै स्वरमा भने- ओहो ! फर्सीको तरकारी त कस्तो तितो रहेछ ।

सन्तले अचम्म मानेजस्तो गर्दै भने- हँ, फर्सीको तरकारी तितो छ रे ! यो त त्यही तीर्थ स्नान र दर्शन गरेर आएको फर्सीको तरकारी हो । तीर्थाटनपूर्व त यो साँच्चै तितो थियो । तर, के तीर्थाटनपछि त्यो तितो हराएनछ ? सन्तको प्रश्नले सबै तीर्थयात्रीका आँखा खुले । उनीहरूले मनको मैलो तथा विकार सफा नगरी तीर्थयात्रा गर्नुको कुनै अर्थ रहेनछ भन्ने बुझे ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

महान्यायाधिवक्तालाई प्रश्न

सात अर्ब करछली मुद्दामा वर्ल्डलिंकलाई उन्मुक्ति दिने निर्णय महान्यायाधिवक्ता सविता भण्डारीले किन र केका आधारमा गरिन् ? जब यति ठुलो करछली भएको प्रश्न उठिरहेको छ भने त्यसको निरुपण सम्बन्धित अदालतबाटै हुनुपर्ने होइन र ? अनि, सिआइबीले बलिया प्रमाणसहित फेक रेस्क्युका 'मास्टरमाइन्ड' भन्दै मुद्दा चलाउन सिफारिस गरेका राजेन्द्रबहादुर सिंहलाई पनि उनै महान्यायाधिवक्ता भण्डारीले उन्मुक्ति दिने निर्णय गरेको सुनियो । के यो देशमा जति पनि भ्रष्टाचारी छन्, जति पनि काण्डका नाइके छन्, ती सबैलाई सुनपानी छर्किएर चोख्याउने एकसूत्रीय ध्येयसहित भण्डारी महान्यायाधिवक्ता बनेकी हुन् ? होइन भने उनी किन अपराधीलाई दण्डसजाय दिलाउनभन्दा पनि उनीहरूलाई चोख्याउन कम्मर कसेर लागेकी छिन् ? के उनी आफ्नो करियरमै कालो धब्बा लगाउन चाहन्छिन् हो ? अनि प्रधानमन्त्री सुशीला कार्कीले पनि भण्डारीका यस्ता हर्कतमा पूरै छुट दिएकी हुन् ?

● **सुमिता गर्बुजा**, चिप्लेढुंगा, पोखरा

कांग्रेस नेता के चाहन्छन् ?

यतिखेर निर्वाचनमा लज्जास्पद हारपछि कांग्रेस बचेखुचेको साख र विगतको गौरवपूर्ण इतिहास पनि घाटमा लगी विसर्जन गर्ने बाटोमा गएको देखिन्छ । निर्वाचनमा पराजयपछि एकातिर पूर्वसभापति शेरबहादुर देउवा र उनको गुटका नेताहरू 'डेट एक्स्पायर्ड' भइसकेको आफ्नो छवि पुनः उजिल्याउन सकिन्छ कि भन्ने जिजीविषा लिएर सल्बलाउन थालेका छन् । तर, उनीहरूले बुझ्नुपर्छ, उनीहरू जति सल्बलाउँछन्, पार्टी त्यति नै रसातलमा पुग्नेछ । आखिर कांग्रेस नेताहरू के चाहन्छन् ?

● **सौरभ कार्की**, पाटनढोका, ललितपुर

भ्रष्टाचार मुद्दामा कडाइ गरियोस्

यतिखेर अखबारका पाना तथा अनलाइन मिडियाका भित्ता भ्रष्टाचारसित सम्बद्ध समाचारले भरिने गरेका छन् । एकातिर महान्यायाधिवक्ता सविता भण्डारीले वर्ल्डलिंकलाई करछली मुद्दाबाट उन्मुक्ति दिने निर्णय गरिन् भने अर्कातिर उनैले फेक रेस्क्युका मास्टरमाइन्ड राजेन्द्रबहादुर भण्डारीको अभियोगपत्र सच्चाएर उन्मुक्ति दिइयो । उता पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा भएको भ्रष्टाचारको कथा त्यस्तै छ । यस्ता कुनै पनि भ्रष्टाचार मुद्दाबारे कसैले पनि ढाकछोप नगरोस्, सक्दो कडाइ गरियोस् ।

● **गोपिका चौधरी**, टाँडी, चितवन


पाकिस्तान-अफगान युद्ध किन ?

८ चैतको नयाँ पत्रिकामा पाकिस्तान र अफगानिस्तान युद्धबारे लेखिएको लेख पढें । जिन्नाले भारतबाट पाकिस्तानलाई अलग गर्दा भनेका थिए- हामी अफगानिस्तान र अन्य इस्लामिक देशसँग मिलेर भारतभन्दा पनि बढी समृद्ध बन्नेछौं । तर, पाकिस्तानको हालत देख्दा आज दया लाग्छ । कुनै मुस्लिम देश उसको साथमा छैन र अफगानिस्तानसँग त उसको युद्ध नै चलिरहेको छ । आज स्थिति यो छ कि उसले धम्की दिँदै छ, युएसले हमला गऱ्यो भने हामी भारतमा बम खसाल्छौं । धान खाने मुसो चोट पाउने भ्यागुतो, किन ? यसले प्रमाणित गर्छ कि तुलसी गवार्डले पाकिस्तानबारे संसद्मा जे भनेकी छिन्, त्यो बिल्कुल सत्य हो । पहिले पाकिस्तानले अफगानिस्तानमाथि जित हासिल गरेर त देखाइदेओस् । जुन अफगानिस्तानबाट रुस र अमेरिका पनि पुच्छर लुकाएर भाग्नुपरेको थियो । अफगानिस्तान वा अन्यको रिस भारतमाथि खन्याएर पाकिस्तान के साबित गर्न चाहन्छ ? खाडी युद्धले पाकिस्तान र अफगानिस्तानबिचको युद्ध अवश्यै ओभेलमा परेको छ । तर, कति दिनसम्म ? छिटै पाकिस्तान पनि रुस र अमेरिकाले जस्तै पुच्छर लुकाएर भाग्नेछ । आफ्नो देशको विभाजन लुकाउन उसले अफगानिस्तानसँग युद्ध लडिरहेको छ । तर, त्यही युद्ध नै उसको विभाजनको कारण बन्न बेर छैन ।

● **डा. शिवशंकर यादव**, छपकैया, वीरगन्ज
sy4256206@gmail.com

पछिल्लो चुनावको सन्देश

२१ फागुनको निर्वाचन परिणामले मतदाता दलका कारिन्दा होइनन्, सार्वभौम मालिक हुन् भन्ने प्रस्ट सन्देश दिएको छ



● मनोज सुवेदी

नेपालमा भर्खरै सकिएको चुनावले दीर्घकालीन सन्देश दिएको छ । नेपाली जनतामा वर्षौंदेखिको आक्रोश चुनावमा पोखिएको छ । ठुला र स्थापित भनिएका दललाई यस निर्वाचनले गतिलो झट्का दिएको छ । यसपटकको निर्वाचन परिणाम पूर्वसत्ताको अन्यायको फलमाथि उभिएको छ । वर्षौंदेखि सिलौटामा पिसिएका जनताको आक्रोशको झल्को हो यो चुनावको परिणाम । चुनावले मतदाता दलका कारिन्दा होइनन्, असली सार्वभौम मालिक हुन् भन्ने प्रस्ट सन्देश दिएको छ । दलहरूले जहाँ भन्छन्, जनताले त्यहीँ स्वस्तिक छाप लाउँदा रहेनछन्, आफ्नो विवेक प्रयोग गर्दा रहेछन् भन्ने प्रस्ट सन्देश यसपटकको मौन विद्रोहले दिएको छ ।

जनता समाजका ठालु भनाउँदाहरूका पिछलग्गु होइनन्, आफैं निर्णायक शक्ति रहेछन् भन्ने पनि यस निर्वाचनले देखाइदिएको छ । जनताले वर्षौंदेखिका गढ र कोर एरियाबाट माथि उठेर भूगोलको राजनीतिमा सीमित नभई राष्ट्रिय राजनीतिमा आफ्नो सशक्त भूमिका खोज्दा रहेछन् । वास्तवमा जनतालाई कसैले झुक्याउन सक्दो रहेनछ, उल्टै जनताले नै दलहरूलाई झुक्याइदिँदा रहेछन् भन्ने पनि यो चुनावले प्रस्ट पारेको छ । यो चुनावले देखायो नेताका 'गणेश प्रवृत्ति'का उम्मेदवारको हविगत के हुने रहेछ ।

यहाँ बहुमत पाउने दल र उसका उम्मेदवार पूरै ठिक भन्न खोजिएको होइन । उनीहरूको परीक्षण त समयले गरि नै हाल्छ । प्रश्न त मत परिवर्तनको पो हो । चाहे त्यो रिस थियो या परिवर्तनको हुटहुटी, मत परिवर्तनचाहिँ भयो । मत परिवर्तनका लागि कसैको सिन्डिकेटले रोक्दो रहेनछ । मत परिवर्तनका लागि न पारिवारिक विरासत, न अमुक दलको छाया, न आफ्नै जाति, न धर्म, न भूगोल, त्यसका लागि जनताको अन्तरात्मा नै काफी हुँदो रहेछ । त्यो मत सहीलाई दिए वा गलतलाई, त्यो त समयले बताउला तर प्रमुख मुद्दा त मत परिवर्तन रहेछ । सर्धै एउटै ठेकेदारलाई मतको ठेक्का दिने रहेनछन् ।

अब पुराना दलले के सन्देश लिने भन्ने विषयमा चर्चा गरौं । सर्वप्रथम कांग्रेसले के सन्देश लिने ? एउटा प्रश्नचाहिँ विशेष महाधिवेशनको सन्देश जनतामा पुऱ्याउन नसक्नु र त्यसबाट कार्यकर्ताबाहेक आमजनताले के पाए भन्ने प्रश्नको जवाफ नपाउनु हो । अब फेरि त्यही दलभित्र एउटा पक्ष बडो जोडतोडले विशेष महाधिवेशनको औचित्य समाप्त भयो भन्दै झ्याली पिट्दै हिँडेको देखिन्छ । समयमै यिनको सद्बुद्धि आओस् । विशेष महाधिवेशनले नै कांग्रेसको यतिको उपस्थिति बनाएको हो, अन्यथा एमालेभन्दा गतिले अवस्था देखिने थिएन । यतिखेर सभापतिको राजीनामा, राजीनामा फिर्ता, पूर्वसंस्थापनको बैठक आदिको दोहोरी अन्त्य गरी नियमित महाधिवेशनबाट व्यापक युवा जनशक्ति कांग्रेसमा समाहित हुन आवश्यक छ । टाउको परिवर्तन मात्र होइन, व्यापक संरचनागत सुधार आवश्यक छ । अनि अनुहारमा कालो दाग हुँदा ऐना पुछ्ने प्रवृत्ति हट्नुपर्छ । कांग्रेसभित्रको गुटगत राजनीति र दाइ प्रवृत्तिको अन्त्य हुनु आवश्यक छ । सडक र सदन दुवैमा उसले सशक्त प्रतिपक्षको भूमिका निर्वाह गर्नुपर्नेछ ।

हुन त एमालेमा सुझाव लिनेभन्दा सुझाव दिने धेरै



छन् । पिएचडी गर्नुलाई फगत कागजको खोस्टो न हो भन्दिने पनि त्यहीँ छन् । यसको संगठनात्मक दर्शनको मूल मर्म जनवादी केन्द्रीयता अहिलेको अवस्थामा त छ तर जनवादी छैन । यसलाई जनवादी केन्द्रीयता नै व्यवहारतः पालना गर्नुपर्छ । विवादित नेतृत्वलाई बहिष्कार गर्नुपर्छ । हुन त कोर टिमभित्रैबाट नेतृत्व परिवर्तनको मसिनो स्वर सुनिन्छ । तर, त्यसलाई सशक्त रूपमा कार्यान्वयन गर्नुपर्छ । नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले पनि 'सुप्रिमो' नेतृत्व होइन, कार्यकर्ता र जनता 'सुप्रिमो' हुन् भन्ने मानक स्थापित गर्नुपर्नेछ । यहाँ पनि नेतृत्व परिवर्तन अपरिहार्य छ । सत्ताको चुम्बक हानिकारक छ भन्ने सन्देश लिनुपर्छ अनि आफ्नो विचारको धुरी मान्ने माओको भनाइ 'जनताको सेवा गर'लाई व्यवहारतः पालना गर्नुपर्छ । जंगलमा सिंह निस्केसी के हुन्छ होइन, सिंह बुढो भएपछि के हुन्छ, त्यता सोच्नुपर्ने देखिन्छ । मधेशवादी दलहरूले पनि भूगोल र क्षेत्रीयता केवल सत्ता स्वार्थको पुल होइन, त्यो त जनताको पहिचान हो भन्ने मानकलाई पुनः आत्मसात् गर्नुपर्छ ।

यस निर्वाचनमा पुराना दलका आस्थावान् कार्यकर्ताको मत मात्र परिवर्तन भएको हो, विचार होइन । विचार यथावत् रहेको यो चुनावले ठुलो सन्देश दिएको छ । ठुलो जनसमर्थन अझै पनि पुराना दलसँगै छ । भनिन्छ नि, सदनभन्दा सडक बलियो सडकभन्दा राजनीतिक मुद्दामा जेलभित्र रहेको नेता सशक्त हुन्छ । यही मानक यी दलले स्थापित गर्नुपर्नेछ । त्यसैले, सडक र सदनबाट जनताको आवाज सुन्ने र जुरुक्क उठाउने काम अपरिहार्य छ । अन्यथा, कार्यकर्ताले मत परिवर्तन गरेजसरी दल नै परिवर्तन गर्ने स्थिति आउन धेरै टाढा छैन । आशा गरौं, त्यो दिन नआओस् ।

दुईतिहाइनिकट बहुमत ल्याउने दललाई सत्ताको उन्माद नलागोस् । जनमतले सत्ताको उन्माद सहनेछैन दुईतिहाइ फगत सत्ता सञ्चालनका लागि हो । इतिहासमा दुईतिहाइ पाएका उदाहरण नेपालमा पनि छ । शक्तिशाली सरकार बनेका उदाहरण पनि छन् । विगतमा ती कसरी पतनोन्मुख भए, त्यसबाट सिकेर नयाँ दल त्यसैको नयाँ 'भेरिएन्ट' नबनोस्, शुभकामना छ ।

इरानप्रति चीन मौन रहनुको अर्थ


बेइजिङको मौन प्रतिक्रियाले आफ्ना मुख्य स्वार्थ खतरामा हुँदा नजिकका साझेदारले पनि बेवास्ता गर्दा रहेछन् भन्ने देखाउँछ



● याङ सियाओटोङ
लेखक 'होराइजन इनसाइट्स सेन्टर'का अनुसन्धानकर्ता हुन् ।

भविष्यमा फेब्रुअरी २८, २०२६ लाई 'जंगलराज' फर्किएको दिनको रूपमा सम्झिइनेछ । त्यस दिन अन्तर्राष्ट्रिय कानुन र संयुक्त राष्ट्र संघको बडापत्रको स्पष्ट उल्लंघन गर्दै संयुक्त राज्य अमेरिका र इजरायलले इरानमा 'मृत्यु र विनाशको वर्षा' सुरु गरे । 'अपरेसन एपिक फ्युरी' नामको सो सैन्य अभियान सुरु गर्नुअघि अमेरिका र इजरायलले प्रतिद्वन्द्वीलाई वार्तामा भुलाएका थिए । अमेरिकाले शत्रु पक्षलाई वार्ता चलिरहेकाले आक्रमण हुँदैन भन्ने भ्रम दिएको यो पहिलोपटक थिएन । यसका बाबजुद अमेरिका-इजरायली आक्रमणले इरान स्तब्ध बनेको थियो ।

अमेरिका-इजरायलको आक्रमणमा इरानका सर्वोच्च नेता अली खामेनीसहित धेरै उच्च पदस्थ अधिकारीहरू मारिए । तथापि, यसले अमेरिका र इजरायलले चाहेजस्तो शासन परिवर्तनको लक्ष्य हासिल हुन सकेन । चोटग्रस्त इरानी सरकारले डटेर युद्धको सामना गरिरहेको छ । प्रतिक्रियामा, इरानले मध्य-पूर्व र इजरायलमा रहेका अमेरिकी सैन्य प्रतिष्ठान र कूटनीतिक नियोगमा ड्रोन र क्षेप्यास्त्रद्वारा आक्रमण गरिरहेको छ । प्रतिशोधले केही क्षति पुऱ्याए पनि, प्रतिद्वन्द्वी पक्षको ठुलो सैन्य श्रेष्ठताको कारण थप आक्रमण रोक्न असफल देखिन्छ । उता अमेरिकी आक्रमण निरन्तर तीव्र भइरहेको छ, जुन मार्च १० मा अहिलेसम्मकै सबैभन्दा ठुलो रह्यो । परिणामस्वरूप इरानी क्षेप्यास्त्र भण्डार र लन्चर तीव्रगतिमा खस्किरहेको छ । बाह्य हस्तक्षेप नभए पनि इरान आफ्नो अन्तिम श्वास रहेसम्म लड्ने सुरमा देखिन्छ ।



■ चीनको मौन प्रतिक्रिया

रुस आफ्नै युद्धमा व्यस्त हुँदा, इरानले अमेरिकासँगको युद्धमा आफ्नो एक मात्र सहयोगी चीनतर्फ आशाको नजरले हेरेको थियो । तर, युद्धको दुई दिनपछि, चिनियाँ विदेश मन्त्रालयमा नियमित पत्रकार सम्मेलनको क्रममा सामान्य प्रतिक्रिया दिएर इरानलाई हिस्स बनाइदियो । चीनको प्रतिक्रिया हेर्दा मानौ अमेरिका र इजरायलले आफ्नो व्यापक रणनीतिक साझेदारमध्ये एकमाथि आक्रमण गरेकै थिएन । पत्रकार सम्मेलनमा चीनले युद्धबारे केही नबोलेपछि उपस्थित एकजना इरानी पत्रकारले विरोध जनाए । त्यसपछि मात्र मन्त्रालयका प्रवक्ता माओ निङले निच्छुकताका साथ अमेरिका-इजरायली आक्रमणको निन्दा गरेका थिए ।

त्यसपछिका दिनहरूमा भने बिस्तारै चीन आक्रमणविरुद्ध खुल्दै गएर मुखर आलोचक बन्यो । चिनियाँ विदेशमन्त्री वाङ यीले चेतावनी दिँदै आक्रमणले 'संसार जंगलजालमा फर्किएको' प्रमाणित भएको बताए । तैपनि उनका सबै कडा शब्दका बाबजुद वाङले स्पष्ट रूपमा अमेरिका वा इजरायललाई आक्रमणकारी बताएनन्, भलै उनले कुन देशका बारेमा कुरा गरिरहेको थियो भन्ने शंका थिएन । यसबाहेक, चीनले इरानलाई सहयोग दिने सम्बन्धमा खासै केही बोलेको छैन ।

युद्ध सुरु भएपछि चीनले कैयौँ मध्यपूर्वी देशहरूसँग सम्पर्क गरेर त्यस भेगमा विशेष दूत पठाएको थियो । यो कदमले कतिपय इरानका छिमेकी युद्धमा तानिने अवस्थाबाट रोक्न मद्दत गऱ्यो । तथापि, बेइजिङले अमेरिकासँग प्रत्यक्ष सामना गर्ने कुनै प्रयास गरेन न त इरानलाई सैन्य सहायता पठाउने कुरा नै गऱ्यो । अन्तर्राष्ट्रिय हस्तक्षेपलाई उक्साउने प्रयासमा इरानले स्ट्रेट अफ हर्मुज बन्द गर्दा पनि चीनको प्रतिक्रिया मौन रह्यो, जुन समुद्री करिडोरबाट चीनको आयातीत तेलको ४० प्रतिशत तेल आयात हुन्छ । आफ्नो आर्थिक जीवनरेखामाथि प्रत्यक्ष खतराको सामना गर्दासमेत बेइजिङले खाली सबै पक्षलाई शत्रुता बन्द गर्न र वार्ताको टेबलमा फर्कन आह्वान गऱ्यो । खासमा इरान चीनको प्राथमिकता नै होइन । उसको एक मात्र प्राथमिकता ताइवान हो ।

■ चीनका लागि इरान महत्त्वपूर्ण छैन

अमेरिका-इजरायली आक्रमण हुनुभन्दा एक महिनाअघि जब अमेरिकाले मध्यपूर्वमा विशाल सैन्य तैनाथी गर्दै थियो तब चिनियाँ राष्ट्रपति सी जिनपिङ र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पबिच फोन वार्ता भएको थियो । अमेरिकाले जारी गरेको सो फोनवार्ताको रिडआउटमा दुई नेताले बढ्दो अमेरिका-इरानी तनावसहित कैयौँ विषयमा कुरा गरेका थिए । तथापि, फोनवार्ताको चिनियाँ संस्करणमा भने चीन-अमेरिका सम्बन्ध र ताइवानमा मात्र ध्यान केन्द्रित गरिएको थियो । त्यसमा बढ्दो अमेरिका-इरान तनावको विषय नै थिएन ।

सीले ट्रम्पलाई ताइवान चीनको अविभाज्य अंग हो भनेर दोहोऱ्याए । चीन-अमेरिका सम्बन्धका लागि यसको महत्त्वमा जोड दिए, र सो टापुको स्वतन्त्रता आफूहरूलाई सह्य नहुने बताए । सीले ताइवानलाई हतियार बिक्रीको सम्बन्धमा अमेरिकाले अत्यन्त सावधानी अपनाउनुपर्ने ट्रम्पलाई चेतावनी पनि दिए ।

बेइजिङका अनुसार जवाफमा ट्रम्पले ताइवानको बारेमा चीनको चिन्तालाई ठुलो महत्त्व दिने र चीन-अमेरिका सम्बन्धलाई सुदृढ र स्थिर राख्ने

> रुस आफ्नै युद्धमा व्यस्त हुँदा, इरानले अमेरिकासँगको युद्धमा आफ्नो एक मात्र सहयोगी चीनतर्फ आशाको नजरले हेरेको थियो । तर, युद्धको दुई दिनपछि, चिनियाँ विदेश मन्त्रालयमा नियमित पत्रकार सम्मेलनको क्रममा सामान्य प्रतिक्रिया दिएर इरानलाई हिस्स बनाइदियो । चीनले युद्धबारे केही नबोलेपछि उपस्थित एकजना इरानी पत्रकारले विरोध जनाए ।

वाचा गरे । चीनको तर्फबाट इरानको विषयमा देखिएको मौनताले धेरै कुरा बोल्छ । बेल्ट एन्ड रोड इनिसिएटिभ(बिआरआई), सांघाई सहयोग संगठन र ब्रिक्सलगायत चिनियाँ नेतृत्वमा भइरहेका पहलमा इरान सदस्य छ । यसको बाबजुद पहिले अनुमान गरिएजस्तो इरान चीनका लागि त्यति महत्त्वपूर्ण छैन । र, बेइजिङ एक टाढाको सहयोगीका लागि आफ्ना अन्य महत्त्वपूर्ण लाभलाई जोखिममा पुऱ्याउन इच्छुक थिएन ।

वास्तवमा, देशभित्र खस्कँदो लोकप्रियता बढाउन ट्रम्पले आफ्नो देशको तेस्रो ठुलो व्यापारिक साझेदार चीनसँग व्यापार सम्झौता सुरक्षित गर्न सीसँगको फोन वार्तापछिका दिनमा ताइवानलाई कैयौँ अर्ब डलरको हतियार बिक्री ढिलाइ गरेका थिए । त्यसबाहेक, ट्रम्पले चाँडै चीन भ्रमण गर्ने योजना बनाइरहेको समयमा अमेरिकालाई प्रत्यक्ष रूपमा चुनौती चीन-अमेरिका सम्बन्ध लामो समय चिसिने जोखिम हुनेछ । चीनले लामो समयदेखि पन्छाउन खोजेको यो अवस्था इरान हतियार पठाउनाले प्रभावित हुने थियो । जवाफमा अमेरिकाले ताइवानमा उस्तै कदम चाल्न सक्छ ।

■ युद्धले चीनलाई खासै असर गर्दैन

अमेरिकाले सन् २०२५ मा ल्याएको 'राष्ट्रिय सुरक्षा रणनीति'ले चीनलाई शत्रुको वर्गीकरणमा नराखेको र आफूलाई 'विश्वको प्रहरी'को भूमिकाबाट पछि हटेको भनेको छ । उसले आफूलाई 'डोनरो सिद्धान्त'अनुरूप पश्चिमी गोलार्धमा सीमित गर्ने भनेको छ । यसका बावजुद बेइजिङले अमेरिकासँगको प्रतिद्वन्द्विता अन्त्य भएको वा वासिङटन चुप रहनेछ भन्ने भ्रम राखेको छैन । यस्तोमा अमेरिकाले सहयोगी मान्ने ताइवानमाथि आफूहरूबाट जोखिम रहेसम्म वासिङटनले आफूलाई नियन्त्रण गर्ने प्रयास गर्ने बेइजिङको बुझाइ छ । अमेरिकाका लागि मध्यपूर्वभन्दा पनि ताइवानको मुद्दा अहिले बढी महत्त्वपूर्ण रहेको पनि चीनको ठम्याइ छ ।

त्यसैले, सबै विकल्प टेबलमा रहेको ट्रम्पको भनाइको बाबजुद, अमेरिका इरान युद्धमा पूर्ण रूपमा प्रतिबद्ध रहने सम्भावना छैन । अर्थात्, लामो समय यस युद्धमा रहनेछैन । द्वन्द्व सम्भवतः इरानको जमिनमा सेना नउतारी हवाई आक्रमणमै सीमित रहनेछ । इराक र लिबियामा स्थल सेनाले मात्र शासन परिवर्तन गराएको इतिहासलाई ध्यानमा राख्दा अमेरिकी कारबाहीले इरानलाई उल्लेखनीय रूपमा कमजोर पार्न त पार्ला, तर शासन परिवर्तनको सम्भावना छैन । इरान युद्ध अन्त्य गर्ने सम्बन्धमा ट्रम्पसँग अझै पनि यथार्थपरक योजना नभए पनि बढ्दो तेलको मूल्यका कारण देशभित्र असन्तुष्टि चुलिरहँदा युद्ध चाँडै समाप्त हुने सम्भावना छ । पछिल्ला केही ट्रम्प आफैँ कसै गरी युद्धबाट बाहिरिने बाहना खोजिरहेको संकेत देखिन थालेको छ ।

यस्तै, यो युद्धले चीनको अर्थतन्त्रमा ठुलो खतरा उत्पन्न गर्ने सम्भावना पनि देखिएको छैन । युद्ध चार महिनासम्म लम्बिदासम्म चीन तेलको मूल्यवृद्धि सामना गर्न सक्षम हुनेछ । त्यस्तो आकस्मिक अवस्थाको शंकामा चीनले विशाल तेल भण्डार तयार पारेको छ । यदि अमेरिकाले वर्तमान इरानी सरकार ढाल्न सक्यो भने पनि तेल र ग्यासको विश्वको सबैभन्दा ठुलो आयातकर्ता भएकाले नयाँ बन्ने अमेरिकी समर्थक सरकारले पनि बेइजिङसँग सौहार्दपूर्ण सम्बन्ध कायम राख्न खोज्नेछ । आखिर, इरानको सरकारमा जो आए पनि तेल र ग्यास राजस्वमा धेरै निर्भर रहनेछ । त्यस अवस्थामा इरान पनि आर्थिक रूपमा चीनमाथि निर्भर र सैन्य रूपमा अमेरिकामाथि निर्भर अन्य धेरै देशकै लहरमा उभिनेछ । बरु केही चिनियाँ विद्वान्हरूले त इरानमाथिको अमेरिकी प्रतिबन्ध हट्दा इरानमा चिनियाँ लगानी बढ्न सक्ने बताएका छन् । किनकि लगानीकर्ताहरूले अहिलेजस्तो त्यहाँ लगानी गर्दा अमेरिकी कारबाहीको डर मान्नु पर्नेछैन ।

तर, अहिलेको अवस्थामा चीन इरानको सहयोगबाट निष्क्रिय रहँदा महान् शक्तिको रूपमा यसको बढ्दो हैसियतमा धक्का लाग्नेछ । साथै, यसले एउटा असहज सत्यलाई पनि उजागर गर्नेछ । बेइजिङले अमेरिकी कारबाहीलाई 'शक्ति सधैँ सही' हुँदैन भनेर सार्वजनिक रूपमा निन्दा गरेर साझेदारको प्रतिरक्षामा अघि नआउँदा खासमा त्यही विरोध गरेको विचार नै सही देखिन्छ । अर्थात्, अझै पनि 'शक्तिले नै सिद्धान्तको सीमा तय गर्नेरहेछ ।'

- अलजजिराबाट

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश स्वास्थ्य निर्देशनालय

मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

मिति : २०८२/१२/१०

यस कार्यलयबाट मिति २०८२/०९/०४ गते राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरूको आर्थिक मुल्यांकन गर्दा तपशिल बमोजिमका बोलपत्रहरू न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई मूल्याङकन समितिबाट स्वीकृतिको लागि सिफरीस भै आए बमोजिम सार्वजानिक खरिद ऐन २०६३ को दफा २७(२) तथा सार्वजानिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सि. नं.	ठेक्का नं.	कामको विवरण	छनौट भएको बोलपत्र दाता	कबोल अंक (मु.अ.कर सहित)	कैफियत
1.	MBHTC/ MORANG/ GOODS/ NCB(1S2E)-6-2082-2083	PROCUREMENT OF MODULAR OT (OPERATION THREATER)	श्री डाईग्नो केम ईन्टरनेशनल, हाडिगाँउ, काठमाडौ	१,४१,२५,०००.०० (अक्षरुपी एक करोड एकचालीस लाख पच्चीस हजार रुपैयाँ मात्र)	

मेडिकल सुपरिन्टेन्डेन्ट

नागार्जुन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिसिद्धि, सीतापाइला

बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रकाशित मितिः २०८२/१२/१०

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट हुने तपसिल अनुसारको निर्माण कार्यको लागि इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट रितपूर्वकको ३० दिने विद्युतीय बोलपत्र आव्हान सम्बन्धी सूचना प्रकाशित गरिएको छ। सोको विस्तृत विवरण PPMO को website: www.bolpatra.gov.np/egp मा हेर्न सकिने छ।

तपसिल

S. N.	Contract Identification No.	Name of project	Estimated Amount (With VAT and PS)	Bid Security Amount (NRs.)	Bid Document Fee (NRs.)
1.	Nagarjun/NCB/W/50/2082-83	Bishwomitra Rishi Samudayik Bhawan Nirman Nagarjun 05	68,41,389.34/-	1,70,000/-	3,000/-
2.	Nagarjun/NCB/W/51/2082-83	Ichangunarayan Mul Khane Pani Ayojana , Nagarjun 03	25,14,286.30	63,000/-	3,000/-
3	Nagarjun/NCB/W/52/2082-83	Ward No. 1 Paryatan Padmarga Nirman	1,02,42,398.64/-	2,55,000/-	3,000/-
4	Nagarjun/NCB/W/53/2082-83	Ward No. 9 Bhitri Sadak Staronnati	52,50,270.02/-	1,30,000/-	3,000/-

प्रमुख प्रशासकीय अधिकृत

कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको सानिमा बैक लिमिटेड, केन्द्रीय कार्यालय नक्सालको ३५ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८२/१२/१० गते)

यस बैकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएको हुनाले सम्पूर्ण बक्यौता कर्जा सुविधा फिर्ता गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा धितो सुरक्षण लिलाम बिक्रि गर्ने र सो धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

साथै, उल्लिखित ऋणीहरूले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत/संस्थागत जमानत दिनुहुने पक्षहरूलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र बैकको कर्जा भुक्तानी गर्नु गराउनुहुन सुचित गरीन्छ ।

तपसिल:

ऋणीको नाम, थर र ठेगाना :
दान बहादुर रावलको नाती, राम बहादुर रावलको छोरा, काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ४ बस्ने **यज्ञ बहादुर रावल...१** तथा दान बहादुर रावलको नाती, राम ब. रावलको छोरा, काठमाडौ जिल्ला, का.म.न.पा. वडा नं. ४ बस्ने **तोप ब. रावल...१** तथा चिन्त ब. बस्नेतको छोरी, यज्ञ बहादुर रावलको श्रीमती, काठमाडौ जिल्ला, का.म.न.पा. वडा नं. ४ बस्ने **श्रीमती सपना रावल...१ समेत जना ३** ।
व्यक्तिगत जमानतकर्ताको विवरण :
राम बहादुर रावलको नाती, यज्ञ बहादुर रावलको छोरा, काठमाडौ जिल्ला, का.म.न.पा. वडा नं. ४ बस्ने **रावल रावल** ।
धितो सुरक्षणको विवरण :
यज्ञ बहादुर रावल र तोप बहादुर रावलको नाममा मालपोत कार्यालय डिल्लीबजार काठमाण्डौमा दर्ता श्रेस्ता कायम रहेको काठमाडौ जिल्ला, का.म.न.पा. वडा नं. ४ (नक्सा सिट नं. १०२१०२६१८) को कित्ता नं. १३८ को १,१५९.५२ ब.मी क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

सानिमा बैंक www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४५२८९६९, ईमेलः sanima@sanimabank.com

Madi Rural Municipality
Office of The Rural Municipal Executive
Thumakodada, Kaski
Gandaki Province, Nepal

Invitation forElectronic Bids
Re-Tender

Second Date of Publication : 2082/12/10 (24th Mar 2026)

1. **MadiRural Municipality,Office of the rural municipal executive, Thumakodada, Kaski** invites the Online bids from Nepalese eligible and qualified bidders under e-procurment system for the Procurement of projects mentioned below;

SN	Contract No. (IFB No.)	Name of Project	Estimated Amount NRS (with VAT & PS but Excluding contingence)	Bid Security Amount (NRS).	Bid Security Validity Period	Cost of Bidding Document (NRs.)
1	MRM/NCB/W08/082-083	Construction Of Krishi Upaj Sankalan Kendra Tarkang at Madi R.M-4	Nrs.70,03,685.6	Nrs. 168000	120 days	3000

2. **Purchase, Submission and Opening:**

Contract No.	Submission of Bid		Opening of Bid	
MRM/NCB/W08/082-083	Date	Time	Date	Time
	2082/12/25	12:00	2082/12/25	13:00
Bank Name	**Name of Office**	**Revenue Account No**	**Deposit Account No.**	
Machhapuchhre Bank ltd, Thumakodada Kaski.	Madi Rural Municipality, Office of the Municipal Executive, Thumakodada, Kaski	GA.1.1 0790051472900083	GA.3.1 0790051472900011	

3. Tender Procurment shall follow Public Procurment Act (1st Amendment 2073) and public Proucrment Regulation (14th Amendment. 2082).
4. Bidders shall download the bidding documents and submit their bids electronically through e-procurment section of PPMO'S Website http://bolpatra.gov.np/egp, as specified in the bidding data sheet for provision of E-Bidding.
5. A new firm established by any person or manager of a firm or company that is blacklisted according to PPA will be ineligible to submit bids.
6. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

Chief Administrative Officer

सालमनीदेवीले आइपिओ जारी गर्ने

काठमाडौं/ सालमनीदेवी हाइड्रोपावर लिमिटेडले चौथो वार्षिक साधारणसभा शुक्रबार सम्पन्न गरेको छ। सभाबाट कम्पनीले जारी पुँजीको २० प्रतिशतबराबरको १० लाख कित्ता आइपिओ निष्कासन गर्ने प्रस्ताव पारित गरेको हो। कम्पनीले डोटीस्थित कापडीगाड जलविद्युत् आयोजनामार्फत ३.३ मेगावाट विद्युत् ०७६ देखि व्यावसायिक उत्पादन गर्दै आएको छ। साथै, साधारणसभाबाट नयाँ सञ्चालक समिति पनि निर्वाचित गरिएको छ।

भाखा नाघेको कर्जा बुझाउने बारे जोइन बचत तथा ऋण सहकारी संस्था लि. को २१ दिने सूचना

(सूचना प्रकाशित मिति :२०८२।१२।१०)

यस संस्थाको तपसिल बमोजिमका सदस्यहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज तथा संस्थाले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा सहकारी ऐन २०७४, यस संस्थाको कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी संस्थाको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं। साथै तपसील बमोजिमका सदस्यहरुलाई संस्थाबाट कर्जा लिन मञ्जूरीनामा (जमानत) दिने व्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन सुचित गरिन्छ।

तपशिल

ऋणीको विवरण	कर्जाको विवरण
१. कर्जा ग्राहकको नाम : **मिरा ताम्राकार** ठेगाना : कालीमाटी, काठमाडौं बाजेको नाम : चिनिया दास ताम्राकार बाबुको नाम : बसन्त ताम्राकार उद्देश्य : व्याबसायिक	साँवा रकम रु. ४९,६३,६३८।- मिति २०८२।१२।०९ सम्मको व्याज तथा अन्य रकम : रु.२२३,२०५।- जम्मा तिर्नुपर्ने रकम : रु.५१,८६,८४३।- जमानत बस्नेको नाम : बिमल ताम्राकार बिबेक ताम्राकार
२. कर्जा ग्राहकको नाम : **बाग्मती घर्ती** ठेगाना : तारकेश्वर, काठमाडौं बाजेको नाम : नन्द बहादुर घर्ती बाबुको नाम : पुर्ण बहादुर घर्ती उद्देश्य : व्याबसायिक	साँवा रकम रु. ३९,१३,२६६।- मिति २०८२।१२।०९ सम्मको व्याज तथा अन्य रकम : रु.२८२,५८०।- जम्मा तिर्नुपर्ने रकम : रु.४१,९५,८४६।- जमानत बस्नेको नाम : बिष्णु बहादुर भुजेल
३. कर्जा ग्राहकको नाम : **कृष्ण कुमार बखती** ठेगाना : मनमैजु, काठमाडौं बाजेको नाम : भैरब बहादुर बखती बाबुको नाम : बाबु राम बखती उद्देश्य : व्याबसायिक	साँवा रकम रु. ४८,०९,५८५।- मिति २०८२।१२।०९ सम्मको व्याज तथा अन्य रकम : रु.३४६,३८९।- जम्मा तिर्नुपर्ने रकम : रु.५१,५५,९७४।- जमानत बस्नेको नाम : सन्दिप कुमार श्रेष्ठ

दर्ता नं. ३३६९/०६७/०६८

जोइन बचत तथा ऋण सहकारी संस्था लि.
Join Saving & Credit Co-operative Ltd.
सोह्रखुट्टे, काठमाडौं, फोन नं :०१-४९५६६२४, ९८५१३३३७४८

धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति २०८२/१२/१० गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंकको तपसिलमा उल्लेखित शाखा कार्यालयमा ऋणीले लिनु भएको ऋण कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋणकर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई बेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रूपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याइन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धित कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

बोलपत्र दर्ता गर्ने अन्तिम मिति: **२०८२/१२/२४ गते, मंगलबार**
बोलपत्र खोलिने मिति/समय: **२०८२/१२/२६ गते बिहीबार, दिनको ३ बजे/स्थान सम्बन्धित शाखा कार्यालय**

क्र.सं.	**शाखा कार्यालय कालीमाटी, काठमाण्डौ**	
१.	**ऋणीको नाम, ठेगाना**	
	नाम : रबिन सुनार ना.प्र.प.नं. १३६४१, जि.प्र.का. काठमाण्डौं जारी मिति २०५९/०१/१८ बाबुको नाम : विदुर सुनार बाजे : सेती सुनार ठेगाना : काठमाण्डौं जिल्ला, थानकोट गा.वि.स. वडा न-०२ हालको : काठमाण्डौं जिल्ला, चन्द्रागिरी न.पा.वडा नं ३	**नाम : सुरेन्द्र सुनार** ना.प्र.प.नं. १०४२४, जि.प्र.का. काठमाण्डौं जारी मिति २०६१/११/२८ बाबुको नाम : विदुर सुनार बाजे : सेती सुनार ठेगाना : काठमाण्डौं जिल्ला, थानकोट गा.वि.स. वडा नं ०२ हालको : काठमाण्डौं जिल्ला, चन्द्रागिरी न.पा.वडा नं ३
	व्यक्तिगत जमानतकर्ताको विवरण	
	१. **नाम : चनमती सुनार** ना.प्र.प.नं. : ८२, जि.प्र.का. काठमाण्डौ जारी मिति २०४६/०१/२० पति : विदुर सुनार ससुराको नाम : सेती सुनार ठेगाना : काठमाण्डौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं ३	२. **नाम : गायत्री सुनार** ना.प्र.प.नं. : २७-०१-७५-१३९५३, जि.प्र.का. काठमाण्डौं जारी मिति २०७५/११/२९ पति : रबिन सुनार ससुराको नाम : विदुर सुनार ठेगाना : काठमाण्डौं जिल्ला, चन्द्रागिरी न.पा.वडा नं ३
	३. **नाम : सर्मिला बिश्वकर्मा** ना.प्र.प.नं. : ३०-०१-७१-१०९०६, जि.प्र.का. काभ्रेपलाञ्चोक, जारी मिति २०७१/१२/२०, पति : सुरेन्द्र सुनार, ससुराको नाम : विदुर सुनार ठेगाना: काभ्रेपलाञ्चोक जिल्ला, उग्रचण्डी नाला गा.वि.स. वडा नं ५, हाल : काठमाण्डौं जिल्ला, चन्द्रागिरी न.पा.वडा नं ३	
	धितोको विवरण	
	चनमती सुनार, सुरेन्द्र सुनार र रबिन सुनारको संयुक्त नाममा मालपोत कार्यालय कलंकीमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, थानकोट वडा नं. ३/३ क स्थित कित्ता नं. १७० को क्षेत्रफल ११९.२२ व.मि. भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	
२.	**शाखा कार्यालय न्यूरोड, काठमाडौ**	
	ऋणीको नाम, ठेगाना	
	नाम : सावित्री क्लिनिक एण्ड डाइग्नोष्टिक नेपाल सरकार घरेलु तथा साना उद्योग विभाग घरेलु तथा साना उद्योग कार्यालय काठमाण्डौ दर्ता नं.:प्र.फ.नं. ३३०/३३०, दर्ता मिति: २०७४/०१/१७, पान नं.:१०६२७१६६७ जारी मिति :२०७४/०४/२९ ठेगाना : का.म.न.पा. वडा नं. २९, मैतिदेवी, काठमाण्डौ **प्रोप्राइटर : धर्मेन्द्र शाह**	
	व्यक्तिगत जमानतकर्ताको विवरण	
	१. **नाम : धर्मेन्द्र शाह** ना.प्र.नं. : १९५६, जारी मिति : २०५४/०३/११, सप्तरी बाबुको नाम : राम प्रसाद शाह बाजेको नाम : भोलाई शाह स्थायी ठेगाना : सप्तरी जिल्ला, खो.प्रवाह गा.वि.स. वडा न.०३ हालको ठेगाना : का.म.न.पा. वडा नं. २९, मैतिदेवी, काठमाण्डौं	२. **नाम : राम प्रसाद शाहु हलुवाई** ना.प्र.न. : ८०४४१६४२ , जारी मिति : २०३४/०२/०६, सप्तरी बाबुको नाम : भोलाई शाह बजेको नाम : पलट शाह स्थायी ठेगाना : सप्तरी जिल्ला, संभुनाथ गा.वि.स., वडा नं .८ हालको ठेगाना : सप्तरी जिल्ला, संभुनाथ गा.वि.स.,वडा नं .८
	३. **नाम : सावित्री देवी** ना.प्र.न.: ८०४४१६४३, जारी मिति २०३४/०१/०१, सप्तरी पतिको नाम : राम प्रसाद शाह ससुराको नाम : भोलाई शाह स्थायी ठेगाना : सप्तरी जिल्ला, शम्भुनाथ गा.वि.स., वडा नं .८ हालको ठेगाना : सप्तरी जिल्ला, शम्भुनाथ गा.वि.स., वडा नं .८	४. **नाम : अनिता साह हलुवाई** ना.प्र.न. : ४२९३ , जारी मिति २०६३/०३/०६, सप्तरी बाबुको नाम : राजदेव साह हलुवाई पतिको नाम : धर्मेन्द्र शाह ससुराको नाम : राम प्रसाद शाह स्थायी ठेगाना : सप्तरी जिल्ला, राजविराज गा.वि.स., वडा नं .८ हालको ठेगाना : का.म.न.पा. वडा नं. २९, मैतिदेवी, काठमाण्डौं
	धितोको विवरण	
	१. सावित्री देवी को नाममा मालपोत कार्यालय सप्तरीमा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला, खोक्सर प्रवाहा गा.वि.स. वडा नं.०३, स्थित कित्ता नं.५६४, को क्षेत्रफल क्रमश: ०-१२-०-० (बिघा) ४०६३.६७ व.मि. भएको जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत। २. राम प्रसाद शाहको नाममा मालपोत कार्यालय सप्तरीमा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला, खोक्सर प्रवाहा गा.वि.स. वडा नं.०३, स्थित कित्ता नं. ८१३ को क्षेत्रफल ०-०-१९.२५-० (बिघा) ३२५.९० व.मि भएको जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय :
का.म.न.पा. वडा नं ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६/०७/०८/०९/१०
शाखा कार्यालयः कालीमाटी, काठमाडौं फोन नं. ०१५६७२६५८
website: www.jbbl.com.np, Email:info@jbbl.com.np

मुक्तिनाथ विकासको 'अवसरको झोला' अभियान



काठमाडौं/ मुक्तिनाथ विकास बैंकले 'अवसरको झोला' अभियान सञ्चालनमा ल्याएको छ। बैंकले यो अभियानअन्तर्गत आर्थिक रूपमा कमजोर तथा अवसरबाट वञ्चित विद्यार्थीलाई विद्यालय झोला र स्टेसनरी सामान वितरण गरेको छ।

कसैका लागि साधारण देखिने एउटा झोला बालबालिकाका लागि भने अवसरको ढोका बन्न सक्ने बैंकको बुझाइ छ। यही बुझाइसहित बैंकले विद्यार्थीको काँधमा केवल झोला मात्र होइन, सम्भावना, आत्मविश्वास र उज्ज्वल भविष्यको आशा पनि सुम्पिएको बताएको छ। यसै अभियानसँगै बैंकले शिक्षालाई प्रोत्साहन गर्न विद्यालय पोसाक तथा मिहिनेती तथा उत्कृष्ट विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्दै उनीहरूको लगनशीलताको कदर गरिएको बैंकको भनाइ छ।

बैंकले आफ्नो सामाजिक उत्तरदायित्वअन्तर्गत यस्ता पहललाई निरन्तरता दिँदै समुदायमा दिगो प्रभाव सिर्जना गर्ने प्रतिबद्धता जनाएको छ। हालसम्म बैंकले सुर्खेत, कालीकोट, धनुषालगायतका जिल्लामा गरी करिब पाँच सयभन्दा बढी विद्यालय झोला प्रदान गरिसकेको छ।

कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्ने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी ७ दिने सूचना

प्रकाशित मितिः २०८२/१२/१०, मंगलबार, नयाँ पत्रिका राष्ट्रिय दैनिक
बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२ चैत्र १६ गते, सोमबार

यस वित्तीय संस्थाको तपसिलमा उल्लेखित ऋणीले यस संस्थाबाट उपभोग गरेको कर्जाको सांवा र ब्याजको भुक्तानी म्याद समाप्त भई लामो समय देखि बक्यौता रहिरहेको हुनाले कर्जा भुक्तानी गर्न पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत हाल सम्म कर्जा चुक्ता भुक्तानी नगरेकोले कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नुभएकोले र पत्रपत्रिकाद्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जा सम्बन्धी साँवा, ब्याज हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुको साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नका लागि ७ दिने सूचना प्रकाशित गरी आह्वान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्रमा पनि कर्जाको सम्पूर्ण सांवा, ब्याज तथा हर्जना समेत चुक्ता भुक्तानी नगरेमा यस वित्तीय संस्थालाई कर्जाको सुरक्षण बापत लेखिदिएको तपसील बमोजिमको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ ले दिएको अधिकार प्रयोग गरी लिलाम बिक्री तथा अन्य कुनै व्यवस्था गरी वित्तीय संस्थाले आफ्नो लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत सम्बन्धित ऋणी, धितो जमानीकर्ता, व्यक्तिगत जमानीकर्ता तथा सबैलाई जानकारी गराईन्छ। कथंकदाचित धितो लेखिदिएको सम्पत्ति कच्चा नकरा ठहरी वा अन्य कुनै कारणले लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुंदा समेत यस वित्तीय संस्थाको सम्पुर्ण लेना असुल उपर नभएमा तपाईले कर्जा लिदाको बखत यस वित्तीय संस्थामा गरिदिएको लिखत अनुसार तपाईको घरघरानाको चल अचल श्री सम्पत्तिबाट समेत असुल उपर गर्नका लागि आवश्यक कानुनी कारवाहीहरु अगाडि बढाउने व्यहोरा समेत जानकारी गराईन्छ। साथै तपसिलमा उल्लेखित ऋणीले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र वित्तीय संस्थाबाट लिएको कर्जाको सम्पुर्ण रकम चुक्ता भुक्तान नगरेमा नेपाल राष्ट्र बैंकको कालोसुची सम्बन्धी निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई यसै सुचनाद्वारा जानकारी गराईन्छ।

ऋणी तथा जमानी दिनेहरूको विवरण

कुपण्डोल शाखा

१ न्यू पूजा स्टोर प्रा. लि., अख्तियार प्राप्त सञ्चालक तुलमाया राई
कम्पनी ऐन २०६३ बमोजिम दर्ता भएको
दर्ता नं. १३९७६१/०७२/०७३
दर्ता मिति : २०७२/०५/२१
स्थायी लेखा नं. ६०३४३४२५१
मिति : २०७२/०५/२५
ठेगाना : टोखा न.पा. वडा नं ७, सामाखुसी काठमाण्डौं

सञ्चालकहरु/व्यक्तिगत धनजमानी दिनेहरु

१. तुलमाया राई
ना.प्र.नं. ०४३०३२/१८१०, झापा
जारी मिति : २०६३/११/११
बाबुको नाम : नर बहादुर राई
बाजेको नाम : केश राई
पतिको नाम : मिण्डु शेर्पा
ठेगाना : सतासीधाम गा.वि.स वडा नं. ८, झापा

२. पासाङ्ग लमु शेर्पा
ना.प्र.नं. : ११३५६/३९५, संखुवासभा
जारी मिति : २०६३/०४/१७
बाबुको नाम : दावा शेर्पा
पतिको नाम : पासाङ्ग शेर्पा
ससुराको नाम : फुर्वा शेर्पा
ठेगाना : संखुवासभा जिल्ला, मुलखर्क गा.वि.स. वडा नं. २

३. सुनिता अधिकारी रिमाल
ना.प्र.नं. : ५१५९१,
जारी मिति : २०६१/०३/२५, काठमाण्डौ
बाबुको नाम : चेत बहादुर अधिकारी
पतिको नाम : महेश रिमाल
ससुराको नाम : नारायण प्रसाद रिमाल
ठेगाना : चितवन जिल्ला, माडी गा.वि.स, वडा नं. ६

४. पासाङ्ग लामु शेर्पा
ना.प्र.नं. १०२०३६/४५५, संखुवासभा
जारी मिति : २०७३/०४/१४
बाबुको नाम : छुति लामा शेर्पा
बाजेको नाम : प्रेम छिरि शेर्पा
ठेगाना : संखुवासभा जिल्ला, मादी गा.वि.स. वडा नं. ५

व्यक्तिगत धनजमानी दिने

१. मिण्डु शेर्पा
ना.प्र.नं.९१३, संखुवासभा
जारी मिति : २०६०/११/१३
बाबुको नाम : प्रेम छिरि शेर्पा
बाजेको नाम : दोर्जे शेर्पा
ठेगानाः संखुवासभा जिल्ला, मादी मूलखर्क गा.वि.स. वडा नं. २

२. पासाङ्ग शेर्पा
ना.प्र.नं. ११९८७/१००, संखुवासभा
जारी मिति : २०६०/०७/३०
बाबुको नाम : फुर्वा शेर्पा
बाजेको नाम : दोर्जे शेर्पा
ठेगानाः संखुवासभा जिल्ला, मादी मूलखर्क गा.वि.स. वडा नं. २

धितोको विवरण

१. केश राईको नातिनी, नर बहादुर राईको छोरी जिल्ला झापा, सतासीधाम गा.वि.स. ८, हाल टोखा न.पा. वडा नं. ७, सामाखुसी, काठमाण्डौं बस्ने श्री तुलमाया राईको नाममा मालपोत कार्यालय, भद्रपुर झापामा श्रेष्ता दर्ता कायम रहेको जिल्ला झापा साविक दुवागढी गा.वि.स. वडा नं. ९ नक्सा सिट नं. ९ स्थित कि.नं. क्रमशः २००५, २०१३, १९९९, २०२०, २०३०, २०१६, २००२, २०२३, २०३४, २०१८, २०२७, २०३२ र २१६७ को जग्गा क्षेत्रफल क्रमशः ०-१-११-०, ०-०-९.५-०, ०-१-५.७५-०, ०-१-८-०, ०-१-४.२५-०, ०-०-७.५-०, ०-१-८.५-०, ०-१-९.५-०, ०-१-२-०, ०-०-१५.५-०, ०-१-०-०, ०-३-२-०, ०-२-१८.७५-० (बि-क-धु-क) जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत।
२. फुर्वा शेर्पाको बुहारी, पासाङ्ग शेर्पाको श्रीमती जिल्ला संखुवासभा, मुलखर्क गा.वि.स. २, हाल काठमाण्डौ म.न.पा. वडा नं. ६, नयाँबस्ती, काठमाण्डौं बस्ने श्रीमती पासाङ्ग लमु शेर्पाको नाममा मालपोत कार्यालय, भद्रपुर झापामा श्रेष्ता दर्ता कायम रहेको जिल्ला झापा साविक दुवागढी गा.वि.स. वडा नं. ९ नक्सा सिट नं. ९ स्थित कि.नं. क्रमशः २०३९, २०५०, २०५२, २०५४, २०५९, २०४२ को जग्गा क्षेत्रफल क्रमशः ०-०-९-०, ०-०-१४.२५-०, ०-०-१६.२५-०, ०-०-१५-०, ०-०-७.२५-०, ०-१-२.२५-० (बि-क-धु-क) जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत।
३. प्रेम छिरि शेर्पाको नातिनी, छवि लामा शेर्पाको छोरी जिल्ला संखुवासभा, मादी गा.वि.स, वडा नं. ५, हाल का.म.न.पा. वडा नं. २९, सामाखुसी, काठमाण्डौं बस्ने पासाङ्ग लामु शेर्पाको नाममा मालपोत कार्यालय, भद्रपुर झापामा श्रेष्ता दर्ता कायम रहेको जिल्ला झापा साविक दुवागढी गा.वि.स. वडा नं. ९ नक्सा सिट नं. ९ स्थित कि.नं. क्रमशः १९८३ र १९८६ को जग्गा क्षेत्रफल क्रमशः ०-०-१६.२५-०, ०-२-२-० (बि-क-धु-क) जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत।
४. दोर्जे शेर्पा को नाति, प्रेम छिरि शेर्पाको छोरा जिल्ला संखुवासभा, मादी मूलखर्क गा.वि.स, वडा नं. २, हाल टोखा न.पा. वडा नं. ७, खरिबोट सामाखुसी, काठमाण्डौं बस्ने श्री मिण्डु शेर्पाको नाममा मालपोत कार्यालय, भद्रपुर झापामा श्रेष्ता दर्ता कायम रहेको जिल्ला झापा साविक दुवागढी गा.वि.स. वडा नं. ९ नक्सा सिट नं. ९ स्थित कि.नं. क्रमशः २०१९, २०२८, २०३५, २०००, २०३१, २०१४, २०११, २००६, २०२४, २०२६, २००९, २००३, २०२१, २०३७ र २२५० को जग्गा क्षेत्रफल क्रमशः ०-०-७.५-०, ०-०-५-०, ०-०-१६-०, ०-०-८-०, ०-२-१५.७५-०, ०-०-१२.५-०, ०-०-११.५-०, ०-०-३-०, ०-२-३-०, ०-०-१२.५-०, ०-०-१६.५-०, ०-०-७.५-०, ०-१-०-०, ०-०-१७-० र ०-३-८-० (बि-क-धु-क) जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत।
५. दोर्जे शेर्पाको नाति, फुर्वा शेर्पाको छोरा जिल्ला संखुवासभा, मादी गा.वि.स, वडा नं. २, हाल का.म.न.पा. वडा नं. ६, बौद्ध नयाँ बस्ती, काठमाण्डौं बस्ने श्री पासाङ्ग शेर्पाको नाममा मालपोत कार्यालय, भद्रपुर झापामा श्रेष्ता दर्ता कायम रहेको जिल्ला झापा साविक दुवागढी गा.वि.स. वडा नं. ९ नक्सा सिट नं. ९ स्थित कि.नं. क्रमशः २०४०, २०४९, २०४३, २०५१, २०५५, २०६०, २०५३, २०५७, २०४६ को जग्गा क्षेत्रफल क्रमशः ०-०-११.७५-०, ०-०-१८.५-०, ०-१-४.७५-०, ०-०-११.२५-०, ०-१-७-०, ०-०-५-०, ०-०-१४.७५-०, ०-०-७.७५-०, ०-०-९-० (बि-क-धु-क) जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत।

लिलामीका शर्तहरू

१. गोप्य शिलबन्दी बोलपत्र फाराम यस संस्थाको कुपण्डोल शाखाबाट रु. १,०००।०० तिरी (फिर्ता नहुने गरी) खरिद गर्न सकिने छ। फोटोकपी बोलपत्र फारामलाई मान्यता दिइने छैन।
२. गोप्य शिलबन्दी बोलपत्र फाराममा आफूले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।
३. गोप्य शिलबन्दी बोलपत्रका साथ आफूले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम नगदै यस संस्थाको खाता रहेको बैंक तथा वित्तीय संस्थामा जम्मा गरेको भौचर वा यस संस्थाको नाममा खिचिएको Good For Payment को चेक बोलपत्रसाथ पेश गर्नुपर्ने छ।
४. बोलपत्रका साथ बोलपत्रदाता व्यक्ति भए नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाण पत्र तथा कर दर्ता प्रमाण पत्रको प्रतिलिपी पेश गर्नुपर्ने छ।
५. लिलामीमा चढाएको सम्पत्ति सम्बन्धमा आवश्यक जानकारी लिन चाहने व्यक्तिले कार्यालय समय भित्र संस्थाको कुपण्डोल शाखामा सम्पर्क राखी जानकारी लिन सक्नुहुनेछ।
६. बोलपत्र स्वीकृत भई संस्थाद्वारा निर्णय जानकारी गराएको १५ दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरिलिनु पर्नेछ। म्याद भित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ।
७. कुनै शर्त राखी वा रित नपुगी वा म्याद नाघी पेश हुन आएको गोप्य शिलबन्दी बोलपत्र स्वतः रद्द हुनेछ।
८. गोप्य शिलबन्दी बोलपत्र खोलिने दिन बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी, दाखिला खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, कर तथा अन्य शुल्कहरु बोलपत्रदाता स्वयंले नै व्यहोर्नु पर्ने छ।
१०. यो सूचना प्रकाशित भईसकेपछि धितो सुरक्षण लिलामी सम्पन्न हुनु अगावै ऋणीले सम्पूर्ण कर्जा चुक्ता भुक्तान गरेमा लिलाम प्रक्रिया रद्द गरी धरौटी बापत जम्मा भएको रकम सम्बन्धित बोलपत्रदातालाई फिर्ता गरिने छ।
११. बोलपत्र सदर बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा ब्याज दावी गर्न पाइने छैन।
१२. गोप्य शिलवन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थामा निहित रहनेछ।

शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२ साल चैत्र महिना १६ गते सोमबार कार्यालय समयभित्र।
शिलबन्दी बोलपत्र खोलिने मिति : २०८२ साल चैत्र महिना १७ गते मंगलबार दिनको ३:०० बजे।
बोलपत्र खोलिने स्थान : सेन्ट्रल फाईनान्स लिमिटेड, कुपण्डोल शाखा।

सेन्ट्रल फाईनान्स लिमिटेड
CENTRAL FINANCE LIMITED
Serving Your Financial Needs
केन्द्रीय कार्यालय : कानदेवता स्थान, कुपण्डोल, ललितपुर, फोन नं. ५९७०००५
इमेलः info@centralfinance.com.np वेबसाइटः www.centralfinance.com.np

निसान म्यागनाइटमा एक वर्ष निःशुल्क इन्धन



काठमाडौं/ नेपालमा निसान गाडीको आधिकारिक वितरक पायोनियर मोटोकर्प प्रालिले कम्प्याक्ट एसयुभी निसान म्यागनाइटमा ग्राहकका लागि एक वर्ष शून्य इन्धन योजना घोषणा गरेको छ। यो योजनाअन्तर्गत ग्राहकले ५० हजार रुपैयाँसम्म नगद छुट पाउनुका साथै एक लाखसम्म एक्सचेन्ज बोनस, एक वर्षको कम्प्रिहेन्सिभ बिमा तथा एकै वर्षको निःशुल्क इन्धन सुविधा प्राप्त गर्नेछन्। अहिलेलाई निसान म्यागनाइटको सुरुवाती मूल्य ३५ लाख ७५ हजार रुपैयाँ तोकिएको छ। यो अफर देशभरका आधिकारिक निसान सोरुममा लागू हुने कम्पनीले जनाएको छ।

त्यसैगरी, निसानले सजिलो स्वामित्व योजना पनि ल्याएको छ। जसअन्तर्गत म्यागनाइट भिसिआ अब प्रतिदिन नौ सय ९९ रुपैयाँमा उपलब्ध हुनेछ, जसले यसलाई कम्प्याक्ट एसयुभी सेग्मेन्टमा सबैभन्दा सुलभ विकल्पमध्ये एक बनाएको बताइएको छ।

यस गाडीमा ५-स्टार ग्लोब एनक्याप सेफ्टी रेटिङसहित यसमा सेग्मेन्टकै उत्कृष्ट २०५ मिमी ग्राउन्ड क्लियरेन्स, ६ वटा एयरब्याग, हिल-स्टार्ट असिस्ट, इलेक्ट्रोनिक स्टेबिलिटी कन्ट्रोल, टचस्क्रिन तथा रियर पार्किङ सेन्सरजस्ता सुरक्षा सुविधा सबै भेरियन्टमा उपलब्ध छन्। कम्पनीले ग्राहकलाई नजिकको निसान सोरुममा गई टेस्ट ड्राइभ लिन पनि अनुरोध गरेको छ।

भायानेटले ल्यायो अत्याधुनिक वाइफाई-६



काठमाडौं/ इन्टरनेट सेवाप्रदायक भायानेट कम्युनिकेसन लिमिटेडले अत्याधुनिक वाइफाई-६ प्याकेज ल्याएको छ। कम्पनीले इन्टरनेटमा हुने अवरोध, बफरिङ र कमजोर सिग्नलजस्ता समस्यालाई समाधान गर्न प्रविधिमा आधारित नयाँ इन्टरनेट प्याकेज सार्वजनिक गरेको हो। यसले घरभित्र धेरै उपकरण एकैसाथ चलाउनुपर्ने अवस्थामा पुरानो प्रविधिको तुलनामा चार गुणाभन्दा बढी कार्यक्षमता प्रदान गर्नेछ।

भायानेटले ग्राहकका लागि २५० एमबिपिएसदेखि ६ सय एमबिपिएससम्मको उच्च गतिको वाइफाई-६ प्याकेज उपलब्ध गराएको छ। जसमध्ये २५० एमबिपिएस गतिको वार्षिक योजना १३ हजार आठ सय रुपैयाँमा प्राप्त गर्न सकिनेछ। यस्तै, वार्षिक ग्राहक बन्नेले थप एक महिनाको इन्टरनेट सेवा निःशुल्क प्राप्त गर्ने कम्पनीको भनाइ छ। घरभरि समान रूपमा इन्टरनेट सिग्नल पुऱ्याउन कम्पनीले ३५ सयमा वाइफाई-६ मेस राउटरको विकल्प पनि ल्याएको छ। साथै, कम्पनीले पुराना ग्राहकका लागि अपग्रेड प्रक्रियालाई पनि निकै सहज र किफायती बनाएको छ।

वेबोरका डबल डोर रेफ्रिजेरेटर



काठमाडौं/ घरायसी उपकरण ब्रान्ड वेबोरले प्रविधियुक्त रेफ्रिजेरेटर सार्वजनिक गरेको छ। कम्पनीले साना र मध्यम परिवारका लागि अत्यन्तै उपयोगी हुने गरी अत्याधुनिक डबल डोर मोडेल सार्वजनिक गरेको हो।

कम्पनीले २६५ लिटर, ३२५ लिटर र ३६५ लिटर क्षमताका डबल डोर मोडेल उपलब्ध गराएको छ। यी मोडेल आकर्षक डिजाइन र मजबुत बनावटका साथ आएको कम्पनीले जनाएको छ। सबै नयाँ मोडेलमा इन्भर्टर कम्प्रेसर प्रयोग गरिएको छ, जसले बिजुलीको खपत निकै कम गर्छ। यसमा उपभोक्ताले १० वर्षको वारेन्टी पनि पाउनेछन्। यसमा रहेको टोटल नो फ्रोस्ट प्रविधिले फ्रिजभित्र अनावश्यक हिउँ जम्ने समस्या हुँदैन भने खानेकुरा पनि ताजा र स्वास्थ्यकर रहन्छ। यसैगरी, फ्रिजको हरेक तहमा समान चिसो हावा पुग्ने र हानिकारक ब्याक्टेरियाबाट खानालाई जोगाउने प्रणाली पनि यसमा जडान गरिएको बताइएको छ।

'महान्यायाधिवक्ताको निर्णयले इन्टरनेट उद्योगको रक्षा गरेको छ'

काठमाडौं/ इन्टरनेट सेवाप्रदायकले इन्टरनेट सेवाको कुल महसुलमध्ये ५० प्रतिशतमा मात्रै दूरसञ्चार सेवा शुल्क (टिएससी) लाग्ने गरी महान्यायाधिवक्ताको कार्यालयले गरेको पछिल्लो निर्णयको स्वागत गरेका छन्। इन्टरनेट प्रदायक कम्पनीहरूको संस्था इन्टरनेट सर्भिस प्रोभाइडर एसोसिएसन अफ नेपाल (इस्पान)ले सोमबार विज्ञप्ति जारी गर्दै महान्यायाधिवक्ता कार्यालयको उक्त निर्णयले उपभोक्तालाई थप आर्थिक भार नपर्ने र इन्टरनेट उद्योगको अस्तित्व रक्षा हुने दाबी गरेको हो।

इन्टरनेट महसुल र टिएससीका सम्बन्धमा लामो समयदेखि विवाद चल्दै आएको छ। राजस्व कार्यालयले इन्टरनेट सेवाको कुल महसुलमा टिएससी लगाउनुपर्ने भन्दै भएको छ। तर, सेवाप्रदायकले भने नियममा व्यवस्था भएअनुसार कुल महसुलको ५० प्रतिशतमा मात्रै टिएससी लाग्ने दाबी गर्दै आएका छन्। लामो समयदेखि चल्दै आएको विवादको अन्त्य गर्दै महान्यायाधिवक्ताको कार्यालयले ५० प्रतिशत शुल्कमा मात्रै टिएससी लाग्ने गरी निर्णय गरेको हो।

'इन्टरनेट सेवाप्रदायकले मर्मत-सम्भार शुल्कमा ग्राहकलाई दिँदै आएको टिएससी छुट नेपाल सरकारको विद्यमान नीति र आर्थिक ऐनको अनुकूलअनुरूप नै रहेको छ,' महान्यायाधिवक्ताको कार्यालयले गरेको निर्णयलाई इस्पानले उल्लेख गरेको छ, 'कुल महसुलको ५० प्रतिशतमा मात्रै टिएससी उठाई समयमै सरकारी राजस्व खातामा जम्मा गर्ने सेवाप्रदायकको अभ्यास पूर्णतः सही र कानुनी रहेको छ।' यस निर्णयले मर्मत-सम्भारमा समेत थप कर थोपर्नुपर्छ भन्ने आधारहीन तर्कलाई खारेज गरेको इस्पानको दाबी छ। 'यसबाट उपभोक्ता थप आर्थिक भारबाट जोगिएका छन् भने लाखौँको रोजगारी र अर्बौँको लगानी भएको इन्टरनेट उद्योगको समेत रक्षा भएको छ,' इस्पानले विज्ञप्तिमा उल्लेख गरेको छ।

एनएमबि बैंक लिमिटेड,
बबरमहल, काठमाडौं फोन नं: ५३४६१६०
हकदावी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना
प्रकाशित मिति: २०८२/१२/१०

यस बैंकको निक्षेपकर्ता श्री राम बिलास साहु सुडीको नाति, शिव शकंर नायकको छोरा, सिरहा जिल्ला गोलबजार न.पा. वडा नं. ०१ घर भई हाल सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं ०६ बस्ने वर्ष २३ को **दिपक नायक** (ना.प्र.नं.१५-०१-७६-१४१२९), जारी मिति २०७६/११/१३) को मिति २०८२/०९/२७ गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको बचत खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनी निजको आमा अनिता कुमारी साहले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा निवेदक बाहेक अन्य कुनै व्यक्तिको हकदावी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदावी गर्न आउनु हुन अनुरोध छ। अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकको आमा अनिता कुमारी साहको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

अर्थ पत्रिका

नयाँ पत्रिका
मंगलबार १० चैत ०८२

संक्षेप

घट्यो कच्चा तेलको भाउ

काठमाडौं/ अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको भाउ घटेको छ। सोमबार साँझ आठ बजे अन्तर्राष्ट्रिय बजारमा कच्चा तेल प्रतिब्यारेल एक सय डलरआसपासमा खरिद-बिक्री भइरहेको छ। दुई साताअघि २५ फागुन साँझ प्रतिब्यारेल ११६.७८ डलर पुगेको कच्चा तेलको भाउलगत्तै घटे पनि पुनः बढेर उच्च विन्दुमा स्थिर रहेको थियो।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानका विद्युत् केन्द्र र ऊर्जा पूर्वाधारमाथि योजना गरिएको सैन्य आक्रमण पाँच दिनका लागि रोक्ने निर्णय भएको घोषणा गरेकाले मध्यपूर्वमा द्वन्द्व घट्ने अपेक्षाका कारण सोमबार कच्चा तेलको भाउ तीव्र दरले घटेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन्। सोमबार साँझ कच्चा तेलको भाउ १५ प्रतिशतसम्म घटेर ९६ डलर प्रतिब्यारेलमा आइपुगेको थियो। करिब दुई सातापछि कच्चा तेलको भाउ प्रतिब्यारेल सय डलरतल आएको थियो। तर, साँझ पुनः प्रतिब्यारेल सय डलरआसपास पुगेको छ।

नाडा र बागमती सरकारले सहकार्य गर्ने

काठमाडौं/ काठमाडौंलगायतका सहरी क्षेत्रमा ट्राफिक र पार्किङलगायतका समस्या समाधान गर्न बागमती प्रदेश सरकार र नाडाले सहकार्य गर्ने भएका छन्। नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालका अध्यक्ष सुरेन्द्रकुमार उप्रेतीको नेतृत्वमा गएको प्रतिनिधिसँगको भेटमा मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले यस्तो बताएका हुन्। भेटमा मुख्यमन्त्री बानियाँले देशको ५० प्रतिशत सवारीसाधन बागमती प्रदेशमा नै दर्ता हुने भएकाले प्रदेश सरकार र नाडा सहकार्य गरेर अघि बढनुपर्ने धारणा राखे। यसैक्रममा मुख्यमन्त्री बानियाँले देशका लागि आवश्यक हुने जनशक्ति तयार गर्ने र सवारीसाधनका लागि ट्रायल सेन्टर खोल्ने सम्बन्धमा पनि प्रदेश र नाडाबिच सहकार्य गरेर अघि बढ्न सकिने बताए।

छलफलमा नाडाका अध्यक्ष उप्रेतीले नेपालको अटोमोबाइल क्षेत्रमा एक खर्बभन्दा बढीको लगानी रहेको बताए। सोही क्रममा उनले नेपालको अटोमोबाइल क्षेत्रमा वार्षिक पाँच हजार जनशक्तिको आवश्यकता हुने जानकारी गराए। कुन क्षेत्रमा सहकार्य गरेर प्रदेश सरकारसँग अघि बढ्न सकिन्छ, त्यस विषयमा मोडालिटी तयार गरी पेस गरिने उनले बताए।

अर्थशास्त्री आचार्यको निधन




काठमाडौं/ वरिष्ठ अर्थशास्त्री केशव आचार्यको काठमाडौंस्थित अन्नपूर्ण न्युरो अस्पतालमा उपचारका क्रममा सोमबार बिहान निधन भएको छ। ब्रेन स्ट्रोक भई बेहोस भएपछि उपचारका लागि अस्पतालमा भर्ना गरिएको थियो। उपचारकै क्रममा सोमबार बिहान ९:५५ बजे निधन भएको पारिवारिक स्रोतले जानकारी दिएको छ। नेपाल राष्ट्र बैंकमा तीन दशकभन्दा धेरै समय सेवा गरेका आचार्य दुईपटक अर्थ मन्त्रायको वरिष्ठ आर्थिक सल्लाहकार भएका थिए। आर्थिक नीति, अनुसन्धान र विश्लेषणमा दखल राख्ने आचार्य मौद्रिक तथा आर्थिक नीति, वित्तीय क्षेत्रका ज्ञाताका रूपमा चिनिन्छन्। उनको पार्थिव शरीरको मंगलबार मात्रै अन्त्येष्टि गरिने पारिवारिक स्रोतले जनाएको छ। उनका पत्नी, एक छोरा र एक छोरी छन्।

सात प्रदेशको बजेट खर्च २१ प्रतिशत मात्रै

धनगढीमा **तेजराज भट्ट**, सुर्खेतमा **रमेश रावल**, बुटवलमा **विष्णु घिमिरे**, कास्कीमा **रोहितराज पराजुली**, मकवानपुरमा **पोष्टराज अधिकारी**, लहानमा **मणिलाल विश्वकर्मा**, विराटनगरमा **गणेश लम्साल**

चालू आर्थिक वर्ष ०८२/८३ को आठ महिनामा सात प्रदेशको औसत बजेट खर्च २१ प्रतिशत मात्रै भएको छ। फागुन मसान्तसम्म मधेश प्रदेश बजेट खर्च गर्नमा सबैभन्दा कमजोर (करिब ११.८२ प्रतिशत) रहेको छ। सबैभन्दा बढी लुम्बनी प्रदेशको भने २७.६३ प्रतिशत बजेट खर्च भएको छ।



बागमतीमा चार महिनामा ७८ प्रतिशत खर्चको दबाब

चालू आर्थिक वर्ष सकिन चार महिना मात्रै बाँकी हुँदा बागमती प्रदेश सरकारलाई लक्ष्यअनुसारको बजेट खर्चमा उपलब्धि हासिल गर्न कठिन हुने देखिएको छ। चालू आर्थिक वर्ष ०८२/८३ को आठ महिना बितिसक्दा पनि प्रदेश सरकारको बजेट खर्च सन्तोषजनक छैन। फागुन मसान्तसम्म कुल बजेटको २२.३१ प्रतिशत मात्रै खर्च भएको छ। अब बाँकी चार महिनामा ७८ प्रतिशत बजेट खर्च गर्नुपर्ने दबाबमा प्रदेश सरकार छ।

बागमतीको आर्थिक मामिला तथा योजना मन्त्रालयका अनुसार ६७ अर्ब ४७ करोड ७३ लाख रुपैयाँको कुल बजेटमध्ये हालसम्म १५ अर्ब पाँच करोड आठ लाख रुपैयाँ मात्र खर्च भएको छ। विशेषगरी विकास निर्माणसँग प्रत्यक्ष जोडिएको पुँजीगत खर्च अत्यन्त कमजोर देखिएको छ। खर्चको गति सुस्त रहँदा निर्धारित लक्ष्य हासिल गर्न सरकारलाई चुनौती थपिएको छ।

प्रदेश सरकारले पुँजीगततर्फ विनियोजित ४१ अर्ब ४३ करोड ३५ लाखमध्ये सात अर्ब नौ करोड १८ लाख (१७.१२ प्रतिशत) मात्रै खर्च गरेको छ। यसले अधिकांश विकास बजेट अझै कार्यान्वयन हुन नसकेको देखाउँछ। यसको विपरीत चालू खर्च भने तुलनात्मक रूपमा अगाडि देखिएको छ। चालूतर्फ विनियोजित २६ अर्ब चार करोड ३७ लाख रुपैयाँमध्ये ३०.५६ प्रतिशत खर्च भइसकेको छ। समग्रमा बागमती प्रदेश सरकारको बजेट खर्चको अवस्था कमजोर देखिएको छ। समयमै योजना कार्यान्वयन, प्रशासनिक सुधार र प्रभावकारी अनुगमन नगरेसम्म हरेक वर्ष दोहोरिने 'असारे खर्च' प्रवृत्ति रोक्न कठिन हुने देखिन्छ।

लुम्बिनीको पुँजीगत खर्च २५ प्रतिशत मात्र

लुम्बिनी प्रदेश सरकारले चालू आर्थिक वर्षको आठ महिनामा २५ दशमलव ४० प्रतिशत मात्रै पुँजीगत खर्च गरेको छ। समीक्षा अवधिमा पाँचवटा मन्त्रालयको खर्च १० प्रतिशतभन्दा कम रहेको प्रदेश लेखा नियन्त्रण कार्यालय लुम्बिनीले जनाएको छ।

लुम्बिनी प्रदेश सरकारले चालू आर्थिक वर्ष ०८२/८३ का लागि ३८ अर्ब ९१ करोड रुपैयाँको बजेट विनियोजन गरेको छ। यो बजेटमध्ये फागुन मसान्तसम्मको पुँजीगत खर्च पाँच अर्ब ९६ करोड २९ लाख १९ हजार पाँच सय तीन अर्थात् (२५.४०) प्रतिशत खर्च भएको छ। त्यस्तै, चालूतर्फ ३१.०१ प्रतिशत खर्च भएको छ। चालू तथा पुँजीगत गरी कुल बजेटमा आठ महिनाको खर्च १० अर्ब ७५ करोड एक लाख ७३ हजार (२७.६३ प्रतिशत) रहेको छ।

लेखा नियन्त्रण कार्यालयका अनुसार आन्तरिक मामिला तथा कानुन मन्त्रालयले आठ महिनामा एक प्रतिशत पनि पुँजीगत खर्च गर्न सकेको छैन। सो मन्त्रालयले नौ लाख ८१ हजार तीन सय १९ अर्थात् शून्य दशमलव ५९ प्रतिशत मात्रै खर्च गरेको छ।

सुदूरपश्चिमको पुँजीगत खर्च कमजोर

चालू आर्थिक वर्षका आठ महिनासम्म सुदूरपश्चिम प्रदेश सरकारले कुल पुँजीगत बजेटको १० प्रतिशत मात्रै खर्च गरेको छ। विकास निर्माणका कामले गति लिन नसक्दा प्रदेशमा पुँजीगत खर्चको अवस्था निकै कमजोर देखिएको प्रदेश लेखा नियन्त्रक कार्यालयको तथ्यांकले देखाएको छ। सरकारले चालू वर्षको बजेटमा समावेश गरेका अधिकांश योजना अझै कार्यान्वयनमा जान सकेका छैनन्। कार्यालयको तथ्यांकअनुसार फागुन मसान्तसम्म पुँजीगत खर्च ९.९९ प्रतिशत मात्रै छ। पुँजीगततर्फको १९ अर्ब ८२ करोड २३ लाख ५६ हजार बजेटमध्ये आठ महिनामा एक अर्ब ९७ करोड ९७ लाख मात्रै खर्च भएको छ। नयाँ अधिकांश योजना कार्यान्वयनमा नगएकाले खर्च भएको पुँजीगत बजेटमा पनि धेरैजसो बहुवर्षीय योजनाका रहेका छन्।

प्रदेश सरकारले चालूतर्फको १३ अर्ब ६० करोड बजेट विनियोजन गरेकोमा तीन अर्ब ६९ करोड ४७ लाख (२७.१७ प्रतिशत) खर्च गरेको छ। चालू वर्षका लागि ३३ अर्ब ४३ करोड २५ लाख ९८ हजारको बजेट सार्वजनिक गरेको सरकारले आठ महिनामा पाँच अर्ब ६७ करोड ४४ लाख रुपैयाँ (१६.९७ प्रतिशत) खर्च गरेको छ।

सबैभन्दा बढी १५ अर्ब ३१ करोड ६७ लाख बजेट र सात हजार नौ सय योजना रहेको भौतिक पूर्वाधार मन्त्रालय तथा मातहतका निकायले फागुनसम्म एक अर्ब ८८ करोड ५३ लाख रुपैयाँ (१२.३१ प्रतिशत) खर्च गरेका छन्। भौतिक पूर्वाधार मन्त्रालयका सचिव विष्णु भण्डारीले पूर्वतयारी नभएका, बहुवर्षीय स्रोत सहमति लिने भनेका र दुईभन्दा बढीलाई एउटै 'क्लस्टर'मा राखेर बजेट विनियोजन गरिएका र विनियोजनभन्दा बढी स्टिमेट गरिएका अधिकांश योजना कार्यान्वयनमा नगएको बताए।

कर्णालीमा बजेटको १९ प्रतिशत मात्रै कुल खर्च

कर्णाली प्रदेश सरकारले आर्थिक वर्ष ०८२/८३ का लागि ३२ अर्ब ९९ करोड ६६ लाख ५५ हजार ल्याएकोमा फागुन समान्तसम्म ६ अर्ब ४८ करोड १६ लाख ४८ हजार खर्च गरेको छ। समीक्षा अवधिमा प्रदेश सरकारले चालूतर्फ ३०.८९ र पुँजीगततर्फ १२.९७ प्रतिशत खर्च गरेको छ। समग्रमा कर्णालीले १९.६४ प्रतिशत बजेट खर्च गरेको प्रदेश लेखा नियन्त्रक कार्यालयका सूचना अधिकारी दीपेन्द्र मगरातीले बताए। उनका अनुसार प्रदेशको आन्तरिक आम्दानीतर्फ हालसम्म ४२ करोड ४२ लाख जम्मा भएको छ।

गण्डकीको वित्तीय खर्च भएन

गण्डकी प्रदेश सरकारले चालू आर्थिक वर्ष ०८२/८३ को आठ महिनामा २३.५७ प्रतिशत बजेट खर्च गरेको छ। चालू आवका लागि ३१ अर्ब ९७ करोड ९९ लाख ९९ हजारको बजेट ल्याएको प्रदेश सरकारले फागुन मसान्तसम्म सात अर्ब ५३ करोड ६३ लाख ९६ हजार (२३.५७ प्रतिशत) खर्च गरेको प्रदेश कोष तथा लेखा नियन्त्रण कार्यालय गण्डकीका सूचना अधिकारी लक्ष्मीकान्त शर्माले जानकारी दिए। कुल बजेटमध्ये चालूतर्फ १२ अर्ब ६३ करोड ६६ लाख ७५ हजार विनियोजन गरिएकोमा तीन अर्ब ५२ करोड ६९ लाख १९ हजार आठ सय ७३ रुपैयाँ (२७.९१ प्रतिशत) खर्च भएको छ। पुँजीगततर्फ १९ अर्ब नौ करोड ३३ लाख २४ हजार बजेट विनियोजन भएकोमा त्यसको चार अर्ब ९४ लाख ७७ हजार ८२ रुपैयाँ (२१ प्रतिशत) खर्च भएको शर्माले जानकारी दिए। यसैगरी २५ करोड विनियोजन भएको वित्तीय व्यवस्थातर्फको शीर्षकबाट हालसम्म कुनै खर्च नभएको उनले बताए। चालू आवमा गण्डकीले प्रदेशको राजस्व परिचालनबाट अर्थात् आन्तरिक स्रोतबाट पाँच अर्ब ४५ करोड ८४ लाख ८८ हजार राजस्व संकलन गर्ने लक्ष्य लिएको छ। आठ महिना सकिँदा जम्मा २७.७० प्रतिशत अर्थात् एक अर्ब ५१ करोड ११ लाख ३३ हजार दुई सय पाँच रुपैयाँ संकलन भएको शर्माले जानकारी दिए।

कोशीमा एकचौथाइ मात्रै बजेट खर्च

कोशी प्रदेश सरकारले चालू आर्थिक वर्ष ०८२/८३ को फागुन मसान्तसम्म बजेटको एकचौथाइ मात्र करिब आठ अर्ब ५९ करोड ३९ लाख रुपैयाँ खर्च गरेको छ। सरकारले विनियोजन गरेको कुल बजेट ३५ अर्ब ९४ करोड ९९ लाखमध्ये चालू र पुँजीगत खर्चसहित आठ महिनामा आठ अर्ब ५९ करोड ३९ लाख (२३ दशमलव ८३ प्रतिशत) खर्च गरेको हो। विनियोजित खर्च मध्ये चालु तर्फ १८ अर्ब ७० करोड ६९ लाखमध्ये पाँच अर्ब ७० करोड ७३ लाख खर्च भएको छ। यसैगरी, पुँजीगततर्फको बजेट १७ अर्ब १४ करोड २९ लाखमध्ये दुई अर्ब ८८ करोड ६५ लाख रुपैयाँ मात्र खर्च गरेको छ। वित्तीय व्यवस्थातर्फ भने विनियोजित रकम खर्च हुन सकेको छैन। यसैगरी, कोशी प्रदेशले चालू आवको फागुनसम्म संघीय अनुदानसहित करिब १९ अर्ब ३८ करोड ८८ लाखभन्दा बढी राजस्व संकलन गरेको छ। कोशी प्रदेश लेखा नियन्त्रक कार्यालयको तथ्यांकअनुसार संघीय सरकारको ससर्त र समान्यीकरण अनुदानसहित जम्मा १९ अर्ब ३८ करोड ८८ लाख रुपैयाँ आम्दानी गरेको हो।

सात प्रदेशमा मधेशको खर्च सबैभन्दा कमजोर

आर्थिक वर्ष ०८२/८३ का लागि मधेश प्रदेश सरकारले विनियोजन गरेको बजेटमध्ये ११.८२ प्रतिशत मात्र खर्च गरेको छ। चालू आवमा मधेश सरकारको चालूतर्फ १६ अर्ब ४६ करोड ५५ लाख, पुँजीगततर्फ ३० अर्ब ५१ करोड ७८ लाख गरी कुल ४६ अर्ब ९८ करोड ३३ लाख बजेट विनियोजन गरेको थियो। प्रदेश लेखा नियन्त्रण कार्यालयका अनुसार आठ महिनामा चालूतर्फ तीन अर्ब ४६ करोड ७३ लाख र पुँजीगततर्फ दुई अर्ब आठ करोड ६३ लाख कुल पाँच अर्ब ५५ करोड ३७ लाख खर्च भएको छ। खर्चका आधारमा चालूतर्फ २१.०६ र पुँजीगततर्फ ६.८४ प्रतिशत खर्च हो। धेरै योजनाहरू टेन्डर प्रक्रियामा गइसकेका र त्यसको भुक्तानी नदिएसम्म खर्च नदेखिने हुँदा लेखा नियन्त्रणको तथ्यांकमा खर्च कम देखिएको मधेश प्रदेशका आर्थिक मामिलामन्त्री महेशप्रसाद यादवले बताए। तेस्रो त्रैमासको अन्तिम महिना चैतसम्म ५० प्रतिशत खर्च हुने उनको भनाइ छ। उनले भने, 'बढी बजेट परिचालन गर्ने भौतिक पूर्वाधार विकास मन्त्रालयमातहतका आठवटै जिल्लामा रहेका कार्यालयमार्फत योजना टेन्डर प्रक्रियामा गइसकेकाले अब क्रमशः खर्च बढ्छ।'

वरिष्ठ उपाध्यक्ष खाली राखेर उद्योग वाणिज्य महासंघमा एउटा प्यानल घोषणा

आगामी अध्यक्ष अञ्जन श्रेष्ठको समर्थनमा वस्तुगततर्फ घिमिरे, एसोसिएटमा पाण्डे, जिल्लानगरमा शर्मा र श्रेष्ठ उपाध्यक्ष रहेको प्यानल

काठमाडौं/ नेपाल उद्योग वाणिज्य महासंघ (एफएनसिसिआई)को आगामी निर्वाचनका लागि वरिष्ठ उपाध्यक्षको टुंगो नलगाई प्यानल घोषणा गरिएको छ। शिवप्रसाद घिमिरे, प्रबलजंग पाण्डे, दिलसुन्दर श्रेष्ठ र कृष्णप्रसाद शर्माले प्यानलसहित उपाध्यक्ष पदमा उम्मेदवारी घोषणा गरेका हुन्। घिमिरेले वस्तुगत उपाध्यक्ष, पाण्डेले एसोसिएसट उपाध्यक्ष र शर्मा तथा श्रेष्ठले जिल्ला नगर उपाध्यक्षमा प्यानलसहित उम्मेदवारी घोषणा गरेका हुन्।

काठमाडौंमा सोमबार आयोजित एक समारोहमा उनीहरूले औपचारिक रूपमा उम्मेदवारी घोषणा गरेका हुन्। यो प्यानललाई वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठको समर्थन रहेको छ। श्रेष्ठ आसन्न साधारणसभापछि स्वतः अध्यक्ष बन्नेछन्। उक्त कार्यक्रममा वर्तमान अध्यक्ष चन्द्रप्रसाद ढकालले अहिलेको अवस्थामा बलियो निजी क्षेत्र आवश्यक हुने भन्दै सर्वसम्मतिमा नेतृत्व चयन गर्नुपर्ने बताए। त्यस्तै, आगामी अध्यक्ष श्रेष्ठले अन्तिम समयसम्म सहमतिको प्रयास गर्ने बताए।



वस्तुगततर्फको उपाध्यक्ष पदमा घिमिरेले १६ सदस्यीय सदस्य पदका उम्मेदवारसहितको समूह सार्वजनिक गरेका छन्। ऊर्जा र एलपी ग्यास क्षेत्रमा स्थापित व्यवसायी घिमिरे समूहका वस्तुगत सदस्यका उम्मेदवारमा अरनिको राजभण्डारी, रविन पुरी, राजकुमार कार्की, वसन्तचन्द्र मरहट्ठा, सुनीता न्हेमाफुकी, संघर्ष विष्ट, रघुनन्दन मारू, राजेशभक्त श्रेष्ठ, होमप्रसाद घिमिरे, धनप्रसाद लामिछाने, धर्मराज सापकोटा, कृष्णप्रसाद अवाले, एबबहादुर थापा, विश्वनाथ खनाल, नानीराज घिमिरे र ध्रुवबहादुर गौतम रहेका छन्।

आसन्न निर्वाचनमा एसोसिएट उपाध्यक्षका प्रत्याशी पाण्डेले बलियो टिम बनाएका छन्। उनको टिममा अम्बिकाप्रसाद पौडेल, बाबुकाजी कार्की, अभया मल्ल, सुशील थापा, हेमन्त गोल्छा, ईश्वर जिसी, जुना माथेमा, कृष्णलाल महर्जन, मनोज पौडेल, निकोलश पाण्डे, सुयोस प्याकुरेल, प्रियाराज रेग्मी, राजेशकुमार अग्रवाल, आरएस भण्डारी, शक्तिकुमार बेगानी, उज्वल श्रेष्ठ र ऋषि अग्रवाल रहेका छन्।

यसअघि उपाध्यक्ष हेमराज ढकालले प्यानलसहित वरिष्ठ उपाध्यक्षको उम्मेदवारी घोषणा गरिसकेका छन्। ढकालको प्यानलमा एसोसिएट उपाध्यक्षमा ज्योत्सना श्रेष्ठ, वस्तुगत उपाध्यक्षमा नरेशलाल श्रेष्ठ, महिला उपाध्यक्षमा कमला श्रेष्ठ र जिल्ला नगर उपाध्यक्षमा उमेश डालमिया र कल्पना गैरे छन्।

सकियो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन

काठमाडौं/ शनिबारदेखि सुरु भएको पाँचौं राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन २०८२ नौबुँदे घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ। सम्मेलनले लघुवित्तमार्फत उद्यमशीलता फैलाउने, संस्थागत अनुशासन कायम गर्ने, वातावरणमैत्री बन्ने, गरिबी न्यूनीकरण र रोजगारी सिर्जना गर्ने तथा समग्र आर्थिक रूपान्तरणमा योगदान दिने घोषणा गरेको हो।

सम्मेलनले जारी गरेको घोषणापत्रमा उद्यमशीलता फैलाऔं, युवालाई स्वरोजगार बनाऔं भन्ने मूल नारालाई आत्मसात् गर्दै देशको आर्थिक रूपान्तरणमा योगदान पुऱ्याउने दृढ संकल्प व्यक्त गरेको छ। यसका लागि संस्थाहरूले विद्यालयस्तरमा 'पढ्दै कमाउँदै' कार्यक्रमलगायत युवालाई स्वरोजगार सिर्जना गर्ने संकल्प गरेको छ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौं
सडक डिभिजन काठमाडौं

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मितिः २०८२/१२/१०)

यस डिभिजनको मिति २०८२/१०/१९ को राजधानी राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं. १४-२०८२/८३ को बोलपत्र आह्वान सूचना बमोजिम तपसिलका ठेक्काको लागि म्यादभित्र E-Bid मार्फत दर्ता भएका बोलपत्रहरु मध्येबाट न्यूनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही निम्नानुसारको बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने आशयले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

ठेक्का नं.	कामको विवरण	निर्माण व्यवसायी	कवोल अंक रु. (VAT, PS सहित)
RDKTM/337011384/082/83/041	Road protection works along Tokha Gurje Bhanjyang Road (NH-40)	Harati Maa Construction And Suppliers Pvt. Ltd.	39,56,901.23

डिभिजन प्रमुख

Request for Proposal

First Published Date: 24/03/2026

Nabil Bank Ltd. invites sealed proposals from interested firms/companies for the **Supply, Installation, Implementation & Support of Prepaid Instrument Solution for Electronic Toll Payment**

Terms and Conditions:

1. RFP documents with detailed Scope of works, Terms & Conditions can be received upon submission of a request letter in the official company letterhead along with proof of deposit of **non-refundable application fee of NPR 15,000/- (In words: NPR. Fifteen Thousand Only) to the bank.** Companies in Nepal are requested to physically visit the bank to submit the request letter along with proof of deposit and collect the RFP document from the **Administration Department, 4th floor, Ghantaghar building, Kathmandu, Nepal.** Whereas, Companies outside of Nepal can email their request letter along with proof of deposit to **admin@nabilbank.com** to request the RFP document.

   a. **In case service provider firm/companies are from Nepal,** deposit of NPR. 15,000/- is to be made in the below mentioned bank account:
   A/C Name: Miscellaneous Deposit Receipt
   A/C Number: 93254001006
   Bank: Nabil Bank Limited, Head Office
   Bank BIC (Swift code): NARBNPKA (for international transfers)

   b. **In case service provider firm/companies are from India,** deposit of INR equivalent to NPR. 15,000/- is to be made in any one of the following bank accounts:

Standard Chartered Bank Ltd., Kolkata A/C Name: Nabil Bank Ltd. A/C No. 33105139469 SWIFT code: SCBLINBB IFSC code: SCBL0036001	ICICI Bank Ltd., Mumbai A/C Name: Nabil Bank Ltd. A/C No. 000405075236 SWIFT code: ICICINBB IFSC code: ICIC0000004	Axis Bank Ltd., Silgudi A/C Name: Nabil Bank Ltd. A/C No. O35010200025230 SWIFT Code: AXISINBB IFSC code: UTIB0000035

   c. In case service provider firm/companies are from countries other than India, deposit of USD equivalent to NPR. 15,000/- to be made in any one of the following bank accounts:

Standard Chartered Bank Ltd., New York, USA A/C Name: Nabil Bank Ltd. A/C No. 3582021695001 SWIFT code: SCBLUS33	Mashreq Bank Ltd., New York, USA A/C Name: Nabil Bank Ltd. A/C No. 70010135 SWIFT code: MSHQUS33

2. The Physical copy of Proposal document along with copy of other supporting documents must be submitted to Nabil Bank Limited, **Administration Department, Ghantaghar Building 4th floor, Kathmandu, Nepal,** not later than **4:00 PM, 22nd April, 2026 i.e. Baishakh 9, 2083.** In addition, bidders must mandatorily submit password-protected soft copies of the proposals via email to **admin@nabilbank.com** Bid documents received after this deadline will not be accepted.
3. The Proposal documents must be complete and properly bound. Unbound or loosely compiled submissions shall be disqualified without any further clarification or query.
4. In case the last day of submission falls on government holiday, then submission can be done on the next working day. Same applies for bid opening day as well.
5. The received Bids shall be opened at **Nabil Bank Ltd, Ghantaghar, Kathmandu at 11:00 A.M. on 23rd April, 2026 i.e. Baishakh 10, 2083.** Non-attendance of any or all the bidder's representatives shall not hinder the opening of the bid.
6. The Bank reserves the ultimate rights to accept/ reject any proposals and shall not be required to disclose any reason whatsoever.

NABIL BANK®
Nabil Bank Limited, Administration Department, Ghantaghar, Kathmandu Contact No:- 01-5971871

कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखिनेबारे कृषि विकास बैंक लि. शाखा कार्यालय ढल्केवरको ३५ दिने सूचना

सूचना प्रकाशित मिति : २०८२/१२/१० गते

यस बैंकबाट तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनिहरूले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउने बारेको २१ (एक्काईस) दिने सूचना पत्र पत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको सावाँ, ब्याज लगायतका रकम समेत नबुझाएको हुँदा यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र बुझाउन यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन,२०७३ को दफा ५७ तथा नेपाल राष्ट्र बैंकबाट जारी कालोसूची सम्बन्धी निर्देशन र कृषि विकास बैंक लि.को प्रचलित कर्जा असुली कार्यविधि बमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सोको प्रोप्राईटर/साझेदार/सञ्चालकहरू तथा बैंकबाट कर्जा लिन धितो मञ्जुरीनामा/व्यक्तिगत जमानत दिनेहरू समेतलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरी अन्य आवश्यक कानूनी कारवाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइएको छ।

तपसिल

१.ग्राहकको नाम : भगवन्ति देबी सिंह		**कर्जाको उद्देश्य : सरल कृषि घरायसी कर्जा**			**Customer ID : १७५५३८६**		
नाम	**ठेगाना**	**नागरिकता नं.**	**जारी भएको जिल्ला र मिति**	**पिता/पतिको नाम**	**बाजेको नाम/ससुराको नाम**	**उद्देश्य**	**भा.ना.ब्याज र साँवा**
भगवन्ति देबी सिंह	बंगाडावर -२	१७३०९७/२१७	धनुषा, २०६३/१०/१९	सुरेश कुमार सिंह	लाली महतो	सरल कृषि /घरयासी कर्जा	२,५५९,०५२
२.ग्राहकको नाम : दिलिप कुमार बलम्पाकी		**कर्जाको उद्देश्य : सरल कृषि कर्जा**			**Customer ID : ५४९८६६९**		
नाम	**ठेगाना**	**नागरिकता नं.**	**जारी भएको जिल्ला र मिति**	**पिता/पतिको नाम**	**बाजेको नाम/ससुराको नाम**	**उद्देश्य**	**भा.ना.ब्याज र साँवा**
दिलिप कुमार बलम्पाकी	हरिहपुर-०९	१७३०९१/१३७४	धनुषा, २०६३/११/०५	चन्द्र बहादुर बलम्पाकी	दितासिंह बलम्पाकी	सरल कृषि कर्जा	१,६३२,०५५
३.ग्राहकको नाम : दिनेश कुमार महासेठ		**कर्जाको उद्देश्य : घरायसी कर्जा**			**Customer ID : ५५११७७१**		
नाम	**ठेगाना**	**नागरिकता नं.**	**जारी भएको जिल्ला र मिति**	**पिता/पतिको नाम**	**बाजेको नाम/ससुराको नाम**	**उद्देश्य**	**भा.ना.ब्याज र साँवा**
दिनेश कुमार महासेठ	लक्ष्मीनिवास - ०१	१४७८२९५७	धनुषा, २०५९/०९/२२	रामब्रिक्स महासेठ	किशोरी महासेठ	घरयासी कर्जा	८७,८५४
४.ग्राहकको नाम : रामेश्वर मिष्ठान भण्डार		**कर्जाको उद्देश्य :व्यापार कर्जा**			**Customer ID : ६८०२८४**		
नाम	**ठेगाना**	**दर्ता नं.र मिति**	**दर्ता भएको कार्यालय**	**पान**	**जारी भएको जिल्ला**	**उद्देश्य**	**भा.ना.ब्याज र साँवा**
रामेश्वर मिष्ठान भण्डार	मिथिला - ०६	८०५६/१९४/७१-७२ २०७१/०८/२६	घरेलु तथा साना उद्योग कार्यालय, जनकपुर	६०२८०४५१८	धनुषा	व्यापार कर्जा	४,४०९,३२७
			प्रोपाइटरको विवरण				
नाम	**ठेगाना**	**नागरिकता नं.**	**जारी भएको जिल्ला र मिति**	**पिता/पतिको नाम**	**बाजेको नाम/ससुराको नाम**		
रिता कुमारी शाह	ढल्केवर - ०३	१७३०९६ /४००	धनुषा, २०६३/१०/६	रामेश्वर शाह	भगवान दत्त शाह		
५.ग्राहकको नाम : अम्बिका फर्नीचर शोरुम		**कर्जाको उद्देश्य : उद्योग कर्जा**			**Customer ID : १५६३०९४**		
नाम	**ठेगाना**	**दर्ता नं.**	**दर्ता भएको कार्यालय**	**पान**	**जारी भएको जिल्ला**	**उद्देश्य**	**भा.ना.ब्याज र साँवा**
अम्बिका फर्नीचर शोरुम	मिथिला - ०२	३७५/०७५/०७६	घरेलु तथा साना उद्योग कार्यालय, जनकपुर	६०९३४११७५५	धनुषा	उद्योग कर्जा	३१४०२८७
			प्रोप्राईटरको विवरण				
नाम	**ठेगाना**	**नागरिकता नं.**	**जारी भएको जिल्ला र मिति**	**पिता/पतिको नाम**	**बाजेको नाम/ससुराको नाम**		
श्री राम महतो कोइरी	मिथिला - ०२	६४४०११८५	धनुषा, २०६७/११/०५	गंगाई महतो	दोरिक महतो		
६.ग्राहकको नाम : विजय दुध डेरी उद्योग		**कर्जाको उद्देश्य : युवा कृषि कर्जा**			**Customer ID : १८३८९६९**		
नाम	**ठेगाना**	**दर्ता नं.**	**दर्ता भएको कार्यालय**	**पान**	**जारी भएको जिल्ला**	**उद्देश्य**	**भा.ना.ब्याज र साँवा**
विजय दुध डेरी उद्योग	महेन्द्रनगर ०५	४९५२९४६५	घरेलु तथा साना उद्योग कार्यालय, जनकपुर	६००८१२६८३	धनुषा	युवा कृषि कर्जा	३,४३६,४९७
			प्रोप्राईटरको विवरण				
नाम	**ठेगाना**	**नागरिकता नं.**	**जारी भएको जिल्ला र मिति**	**पिता/पतिको नाम**	**बाजेको नाम/ससुराको नाम**		
विजय यादव	महेन्द्रनगर ०५	४९६३६५	धनुषा, २०६३/१०/१०	बिसेश्वर यादव	रजाई यादव		
७.ग्राहकको नाम : भरतपुर कन्ट्रक्सन प्रा लि		**कर्जाको उद्देश्य : व्यापार कर्जा**			**Customer ID : १०८३८२०**		
नाम	**ठेगाना**	**दर्ता नं.**	**दर्ता भएको कार्यालय**	**पान**	**जारी भएको जिल्ला**	**उद्देश्य**	**भा.ना.ब्याज र साँवा**
भरतपुर कन्ट्रक्सन प्रा लि	भरतपुर -०१	१२७३३८/७१/७२	घरेलु तथा साना उद्योग कार्यालय, जनकपुर	६०२४२४३४५	धनुषा	व्यापार कर्जा	३,०६०,५५१
			प्रोप्राईटरको विवरण				
नाम	**ठेगाना**	**नागरिकता नं.**	**जारी भएको जिल्ला र मिति**	**पिता/पतिको नाम**	**बाजेको नाम/ससुराको नाम**		
मनोज कुमार शाह	तल्लो गोदार , ०८		धनुषा,				
८.ग्राहकको नाम : चाँदनी कस्मेटिक सेन्टर		**कर्जाका् उद्देश्य : व्यापार कर्जा**			**Customer ID : ६८२६२७**		
नाम	**ठेगाना**	**दर्ता नं.**	**दर्ता भएको कार्यालय**	**पान**	**जारी भएको जिल्ला**	**उद्देश्य**	**भा.ना.ब्याज र साँवा**
चाँदनी कस्मेटिक सेन्टर	मिथिला - ०५	९०७८/३७९/०७३/७४	घरेलु तथा साना उद्योग कार्यालय, जनकपुर	६०५११००६७	धनुषा, जनकपुर	व्यापार कर्जा	३,६४०,१५२
			प्रोप्राईटरको विवरण				
नाम	**ठेगाना**	**नागरिकता नं.**	**जारी भएको जिल्ला र मिति**	**पिता/पतिको नाम**	**बाजेको नाम/ससुराको नाम**		
श्याम सुन्दर महतो	मिथिला - ०५	२५२६८९८४	२०५०/०७/१२	नन्दलाल महतो	राम गुलाम महतो		
९.ग्राहकको नाम : किरण रेडीमट स्टोर्स		**कर्जाको उद्देश्य : व्यापार कर्जा**			**Customer ID : ६८१३४७**		
नाम	**ठेगाना**	**दर्ता नं.**	**दर्ता भएको कार्यालय**	**पान**	**जारी भएको जिल्ला**	**उद्देश्य**	**भा.ना.ब्याज र साँवा**
किरण रेडीमट स्टोर्स	मिथिला - ०५	६८०४/१९६/०७०/७१	घरेलु तथा साना उद्योग कार्यालय, जनकपुर	३०६२३११२४	धनुषा, जनकपुर	व्यापार कर्जा	४,६४१,०५२
			प्रोप्राईटरको विवरण				
नाम	**ठेगाना**	**नागरिकता नं.**	**जारी भएको जिल्ला र मिति**	**पिता/पतिको नाम**	**बाजेको नाम/ससुराको नाम**		
राम किशोर महतो कोइरी	नक्टाझिज ०८	६४४०२१०६	२०४५/०१/२५	राम प्रसाद महतो	लालधारी महतो		
१०.ग्राहकको नाम : गीता कुमारी साह		**कर्जाका उद्देश्य : घडेरी खरिद कर्जा**			**Customer ID : १८४८६४५**		
नाम	**ठेगाना**	**नागरिकता नं.**	**जारी भएको जिल्ला र मिति**	**पिता/पतिको नाम**	**बाजेको नाम/ससुराको नाम**	**उद्देश्य**	**भा.ना.ब्याज र साँवा**
गीता कुमारी साह	मिथिला - ०७	१७१०९६/४७५	धनुषा , २०६७।११।०२	बालबोध साह लहेरी	राम विलास साह	घडेरी खरिद कर्जा	४८७,२४८
११. ग्राहकको नामः लामा होटल		**कर्जाका उद्देश्य : व्यापार कर्जा**		**Customer ID : १२९४३७९**			
नाम	**ठेगाना**	**दर्ता नं.र मिति**	**दर्ता भएको कार्यालय**	**पान र जारी मिति**	**जारी भएको जिल्ला**	**उद्देश्य**	**भा.ना.ब्याज र साँवा**
लामा होटल	धनुषाधाम ०९	१०२१४/६३/०७५/७६	घरेलु तथा साना उद्योग कार्यालय, जनकपुर	६०८१७५८३४	धनुषा, जनकपुर	व्यापार कर्जा	३,१७२,४७२
			प्रोप्राईटरको विवरण				
नाम	**ठेगाना**	**नागरिकता नं.**	**जारी भएको जिल्ला र मिति**	**पिता/पतिको नाम**	**बाजेको नाम/ससुराको नाम**		
सुबाश स्यांगदन	धनुषाधाम ,०९	१७३०५०- ५७३	२०६/३१११८	छत्रमान स्यांगदन	मखन सिंह स्यांगदन		
१२. ग्राहकको नामः न्यु कुशवाहा बिज ट्रेडर्स		**कर्जाका उद्देश्य : व्यापार कर्जा**		**Customer ID : १०७९४२४**			
नाम	**ठेगाना**	**दर्ता नं**	**दर्ता भएको कार्यालय**	**पान**	**जारी भएको जिल्ला**	**उद्देश्य**	**भा.ना.ब्याज र साँवा**
न्यु कुशवाहा बिज ट्रेडर्स	बटेश्वर ०१	७६९१/८६०/०७१/७२	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, जनकपुर	३०६१६८८३६	धनुषा, जनकपुर	व्यापार कर्जा	७,४०७,८४१
			प्रोप्राईटरको विवरण				
नाम	**ठेगाना**	**नागरिकता नं.**	**जारी भएको जिल्ला र मिति**	**पिता/पतिको नाम**	**बाजेको नाम/ससुराको नाम**		
पुष्पलाल महतो	बटेश्वर ०१	१७१०८९/८५	धनुषा, २०६७/०४/२४	बिशेस्वर महतो	कर्मबिर महतो		
१३. ग्राहकको नामः चन्दर वति देवी यादव		**कर्जाका उद्देश्य जग्गा खरिद कर्जा**		**Customer ID : १२५०६९९**			
नाम	**ठेगाना**	**नागरिकता नं**	**जारी भएको जिल्ला र मिति**	**पिता/पतिको नाम**	**बाजेको नाम/ससुराको नाम**	**उद्देश्य**	**भा.ना.ब्याज र साँवा**
चन्दर वति देवी यादव	गणेशमान चरनाथ १	१२८८८००४	धनुषा, २०६१२०६२१४	कारी यादव	दिलेश्वर यादव	जगगा खरिद कर्जा	२१२४१२७
१४. ग्राहकको नामः हिरा देवी साह लहेरी		**कर्जाका उद्देश्य : सरल कृषि कर्जा**		**Customer ID : ५३५४९९७**			
नाम	**ठेगाना**	**नागरिकता नं**	**जारी भएको जिल्ला र मिति**	**पिता/पतिको नाम**	**बाजेको नाम/ससुराको नाम**	**उद्देश्य**	**भा.ना.ब्याज र साँवा**
हिरा देवी साह लहेरी	मिथिला - ०६	४४८	धनुषा, २०४८/०१/१५	राजेन्द्र साह लहरी	सिन्धेस्वोर साहु लहेरी	सरल कृषि कर्जा	१,६४५,७१८
१५. ग्राहकको नाम : मुकेश कुमार महतो		**कर्जाका उद्देश्य : घरायसी कर्जा**		**Customer ID: ५४९३१०७**			
नाम	**ठेगाना**	**नागरिकता नं**	**जारी भएको जिल्ला र मिति**	**पिता/पतिको नाम**	**बाजेको नाम/ससुराको नाम**	**उद्देश्य**	**भा.ना.ब्याज र साँवा**
मुकेश कुमार महतो	मिथिला - ०१	७०-०१-७२-०३९४४	धनुषा, २०७२/०४/०७	राम लखन महतो कोइरी	राम प्रसाद महतो	घरयासी कर्जा	३,१४२,७६४
१६.ग्राहकको नाम :रमेश कुमार महतो		**कर्जाका उद्देश्य : सरल कृषि कर्जा**		**Customer ID ५४७९२४७**			
नाम	**ठेगाना**	**नागरिकता नं**	**जारी भएको जिल्ला र मिति**	**पिता/पतिको नाम**	**बाजेको नाम/ससुराको नाम**	**उद्देश्य**	**भा.ना.ब्याज र साँवा**

» पृष्ठ ९ मा क्रमशः

अनुमतिविना पाठ्यपुस्तक नफेर्न निर्देशन

धनगढी/ धनगढी उपमहानगरपालिकाले नगरभित्रका निजी विद्यालयाई अनुमतिविना पाठ्यपुस्तक परिवर्तन नगर्न निर्देशन दिएको छ। उपमहानगरले सूचना जारी गर्दै अनुमतिविना पाठ्यपुस्तक परिवर्तन गरिएको पाइएमा प्रचलित कानुनबमोजिम कारबाही गर्ने चेतावनी दिएको छ। उपमहानगरको शिक्षा शाखा प्रमुख घुम्मनसिंह बडायकले निजी विद्यालयले हरेक शैक्षिक सत्रमा पाठ्यपुस्तक परिवर्तन गर्दा अभिभावकलाई आर्थिक बोझ परेको गुनासो आएकाले पाठ्यपुस्तक परिवर्तन नगर्न निर्देशन जारी गरिएको बताए। अधिकांश निजी विद्यालयले हरेक शैक्षिक सत्रमा पाठ्यपुस्तक परिवर्तन गर्दै आएका छन्। विद्यालय सञ्चालकले पाठ्यपुस्तक प्रकाशकसँग कमिसनका लागि पाठ्यपुस्तक परिवर्तन गर्दा त्यसको मारमा अभिभावक पर्ने गरेका छन्।

अनैतिक क्रियाकलाप गरेको आरोपमा आठजना पक्राउ

लहान/ होटेल तथा लजमा अनैतिक क्रियाकलाप चलाइरहेको आरोपमा सिराहाको लहान र धनगढी बजार क्षेत्रबाट आठजना पक्राउ परेका छन्। लहान नगरपालिका- ३ बाट चार, ८ बाट दुई र धनगढीमाई नगरपालिका- ११ बाट दुईसहित आठजनालाई पक्राउ गरी सिराहा जिल्ला अदालतबाट मानव बेचविखनविरुद्ध मुद्दा चलाइएको सिराहा प्रहरीका डिएसपी रमेशबहादुर पालले बताए। लहान-३ अस्पताल चोकनजिक रहेको अनलाइन होटेल एन्ड लजकी सञ्चालिका अर्चनाकुमारी चौधरीसहित चारजनालाई ५ चैतमा पक्राउ गरिएको हो। उजुरी परेपछि ग्राहकको रूपमा आएका सप्तरीको सुरुंगा नगरपालिका-९ टिकुलियाका २१ वर्षीय अशोककुमार चौधरी, २० वर्षीय नितिककुमार चौधरी, १९ वर्षीय आकाश चौधरीलाई लजबाटै पक्राउ गरिएको प्रहरीले जनाएको छ। चारजनाविरुद्ध मानव बेचबिखन तथा ओसारपसार मुद्दामा सिराहा जिल्ला अदालतबाट सात दिनको म्याद थप गरी अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ। त्यस्तै, लहान-११ पिडरबोनीका दिलीप साह र उनकी श्रीमती सुनिता साह पक्राउ परेका छन्। प्रहरीमा उजुरी परेपछि साहदम्पतीलाई ६ चैतमा पक्राउ गरी मानव बेचबिखन तथा ओसारपसार मुद्दामा सिराहा जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरी अनुन्धान भइरहेको छ। धनगढीमाई नगरपालिका- ११ स्थित खुस्बु होटेल एन्ड लजका सञ्चालक गुजेश्वर साह र सप्तरीको बलानबिहुल गाउँपालिका-६ रौतहटका शिवकुमार यादवलाई पक्राउ गरी मानव बेचबिखन तथा ओसारपसार मुद्दाअन्तर्गत अदालतबाट सात दिनको म्याद थप गरी अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ।

डढेलो नियन्त्रण गर्न सहकार्यमा जोड

काठमाडौं/ वन डढेलो सप्ताहको अवसरमा वन डढेलो व्यवस्थापनसम्बन्धी राष्ट्रियस्तरको बहुसरोकारवाला संवाद सोमबार काठमाडौंमा भएको छ। वन तथा वातावरण मन्त्रालयले खाद्य तथा कृषि संगठन, सामुदायिक वन उपभोक्ता महासंघ नेपाल तथा रिकफ्ट नेपालसँगको सहकार्यमा आयोजना गरेको कार्यक्रममा नेपालमा बढ्दो वन डढेलो जोखिम, त्यसका कारण, प्रभाव तथा नियन्त्रणका लागि आवश्यक रणनीतिबारे विस्तृत छलफल भएको हो। कार्यक्रममा पछिल्ला वर्षहरूमा बढ्दो तापक्रम, लामो खडेरी, जलवायु परिवर्तन र वनभित्र थुप्रिएको सुक्खा जैविक पदार्थका कारण वन डढेलोको आवृत्ति र तीव्रता दुवै बढ्दै गएको निष्कर्ष प्रस्तुत गरिएको थियो। वन मन्त्रालयका सचिव डा. गोविन्दप्रसाद शर्माले वन डढेलोबाट हुने आर्थिक, भौतिक तथा वातावरणीय क्षतिबारे वैज्ञानिक अध्ययनलाई प्राथमिकता दिनुपर्ने बताए। वन मन्त्रालयका योजना, अनुगमन तथा समन्वय महाशाखा प्रमुख डा. राजेन्द्र केसीले संघीय, प्रादेशिक र स्थानीय तहबिच समन्वयविना प्रभावकारी नियन्त्रण सम्भव नहुने धारणा राखे।

बोलेरो दुर्घटनाका घाइतेमध्ये तीनको अवस्था गम्भीर

रामेछाप/ खाँडादेवी गाउँपालिका-७ बाट यात्रु लिएर काठमाडौंतर्फ हिँडेको बागमती प्रदेश ०८-००१ ज ०२२४ नम्बरको बोलेरो गाडी सोमबार माकादुममा दुर्घटना हुँदा ६ जना घाइते भएका छन्। घाइतेमध्ये गम्भीर रहेका ६० वर्षीया ठुली तामाङ, ४५ वर्षीया रिता तामाङ र ४८ वर्षीया सुनमाया तामाङलाई उपचारका लागि काठमाडौं पठाइएको छ। सामान्य घाइते भएका थप दुईजना पनि उपचारका लागि काठमाडौंतर्फ गएको खाँडादेवी गाउँपालिका- ६ का वडाध्यक्ष नारायणबहादुर कार्कीले बताए। गाडीचालक २५ वर्षीय किशोर कार्कीलाई प्रहरीले नियन्त्रणमा लिएको छ। गुड्दै गरेको गाडी अकस्मात सडकमा पल्टिएको थियो। दुर्घटनाको विषयमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रामेछापले जनाएको छ।

साँघुरो हलमा...

पृष्ठ १ बाट क्रमशः

नवनिर्वाचित सांसदहरूको शपथ र बैठकका लागि अन्तरिम व्यवस्था गरिएको हो । २१ फागुनको निर्वाचनबाट प्रतिनिधिसभामा निर्वाचित सांसदले निर्माणाधीन संसद् भवनको बहुउद्देश्यीय साधुरो हलमा विहीवार शपथ लिँदै छन् ।

संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले निर्माणाधीन भवनको बहुउद्देश्यीय हललाई अस्थायी रूपमा प्रतिनिधिसभा हलको रूपमा विकास गरी शपथ गराउन लागिएको बताए । बहुउद्देश्यीय हलमा सभामुखको चेयर, सांसदहरूको कुर्सी, साउन्ड सिस्टम र भिडियो लाइभलगायत सबै व्यवस्थापन गरिएको छ ।

२९५ सिट क्षमता भएको हलमा सांसदहरूका लागि पाँच रोह बनाइएको छ । यद्यपि, सरकार गठन नभइसकेकाले रोह विभाजन गरिएको छैन । तर, सचिवालयले बहुमतप्राप्त दललाई हलको दायाँतर्फ राख्ने प्रबन्ध मिलाएको छ । 'सिट व्यवस्थापन सभामुखले तोक्ने नियमावलीको व्यवस्था हो । अहिले सभामुख नै नभएको वेला तोकिरहनु जरुरी भएन । सरकार गठन भएपछि बल्ल राख्छौं,' प्रवक्ता गिरीले भने ।

उनका अनुसार शपथसँगै प्रतिनिधिसभाका केही बैठक त्यही अस्थायी हलमा हुनेछन् । अस्थायी हलको भौतिक पूर्वाधारको काम सकिएको र सूचना प्रविधि पूर्वाधारको काम भइरहेको गिरीले बताए । उनका अनुसार अहिले सुरक्षाको काममा समन्वय भइरहेको छ । संसद् सचिवालयले दलहरूसँग परामर्श गरेर सांसदहरूको शपथ गराउँदै छ ।

सांसदहरूलाई ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीले शपथ गराउनेछन् । ज्येष्ठ सदस्य केसीले भने ११ चैतमा ११:१५ बजे राष्ट्रपतिबाट शपथ लिँदै छन् । राष्ट्रपतिबाट शपथ लिएर भोलिपल्ट २ बजे केसीले २७४ सांसदलाई शपथ गराउने कार्यसूची तय भैसकेको छ ।

शपथका लागि २ घण्टाअगावै पुगिसक्न संसद् सचिवालयले सांसदहरूलाई सूचना गरिसकेको छ । त्यस अवधिमा नागरिकता र निर्वाचन आयोगले दिएको प्रमाणपत्रको फोटोकपी, हालसालै खिचेको दुईप्रति फोटो र मातृभाषामा शपथ लिन चाहनेले त्यसको अनुवादलगायत विवरण उपलब्ध गराउनुपर्छ ।

संसद् सचिवालयका अनुसार २४ जना सांसदले मातृभाषामा शपथ लिने भएका छन् । सोमबार साँझसम्म सोका लागि २४ निवेदन प्राप्त भइसकेको प्रवक्ता गिरीले बताए । मातृभाषामा शपथ लिन निवेदन दिने अन्तिम समय आज राति १२ बजेसम्म तोकिएको छ ।

शपथग्रहणका लागि तयार पारिएको हलमा दर्शकदीर्घा राखिएको छैन । फोटो पत्रकारका लागि सीमित व्यवस्था गरिएको भए पनि अन्य पत्रकारलाई प्रवेश दिन नसकिने प्रवक्ता गिरीले बताए । स्थान अभावका कारण सर्वसाधारण तथा अन्यको हकमा प्रत्यक्ष प्रसारणमार्फत हेर्ने व्यवस्था गरिनेछ ।

'शपथको दिन सभा कक्षसम्मको प्रवेश नै कठिन हुन्छ । हलको स्पेस अत्यन्त सीमित छ । तल ग्राउन्ड फ्लोरसम्म सांसदका स्वकीयलाई व्यवस्थापन गर्ने योजना छ । माथि भइरहेको शपथग्रहणलाई तल ठुलो स्क्रिनमा देखाउने व्यवस्था भने छैन । कार्यक्रम १०-१५ मिनेटमै सम्पन्न हुन्छ,' प्रवक्ता गिरीले भने ।

१६ चैतमा संसद्को हिउँदे अधिवेशन बोलाउने तयारी

निर्वाचन आयोगले राष्ट्रपतिलाई निर्वाचन परिणाम बुझाएको एक महिनाभित्र संसद् अधिवेशन बोलाउनुपर्ने संवैधानिक व्यवस्था छ । यसैअनुसार १६ चैत्रमा संसद्को हिउँदे अधिवेशन बोलाउने तयारी छ । प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले संसद् अधिवेशन आह्वान गर्ने व्यवस्था छ । संसद् सचिवालयका अनुसार शपथसँगै प्रतिनिधिसभाका केही बैठक शपथ लिएकै अस्थायी हलमा हुनेछन् । जेन-जी आन्दोलनका क्रममा बानेश्वरस्थित संसद् भवनमा आगजनी भएपछि संसद् बैठक बस्न हल छैन । राष्ट्रिय सभाका लागि संसद् सचिवालयपरिसरको कृषि समितिको हललाई पुनर्निर्माण गरेर सञ्चालनमा ल्याइएको छ । फागुन २१ को निर्वाचनबाट निर्वाचित प्रतिनिधिसभाका लागि भने हल तयार नहुँदा अस्थायी हलबाट काम चलाउन लागिएको छ ।

संसदीय दलको अस्थायी व्यवस्थापन, माओवादीले प्रयोग गर्दै आएको कार्यालय अब रास्वपालाई



काठमाडौं/ संसद् सचिवालयले संसद्मा प्रतिनिधित्व गर्ने दलहरूका लागि संसदीय दल कार्यालय व्यवस्थापन गरेको छ । सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार अहिले अस्थायी व्यवस्था गरिएको हो भने संसद्को नयाँ भवन निर्माण भएपछि स्थायी व्यवस्थापन गरिनेछ । प्रवक्ता एकराम गिरीका अनुसार पहिलो दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई सिंहदरबारस्थित संसद् सचिवालयको दुई नम्बर भवनको तेस्रो तलमा रहेको हलमा राखिएको छ । उक्त हल यसअघि माओवादी केन्द्रको संसदीय दलको कार्यालय थियो । रास्वपाका १८२ सांसद रहेकामा हलमा करिब १८० कुर्सी मात्र व्यवस्थापन गरिएको छ ।

काग्रेस र एमालेलाई भने सिंहदरबारभित्रकै पुरानै स्थानमा यथावत् राखिएको छ । नेकपा, श्रम संस्कृति पार्टी र राप्रपालाई पुरानो गृह मन्त्रालयनजिकको भवनमा कार्यालय दिइएको छ । यसअघि सोही भवनमा रास्वपा र राप्रपाको कार्यालय थियो । स्वतन्त्र सांसद महावीर पुनका लागि पनि छुट्टै कार्यालय व्यवस्थापन गर्ने तयारी गरिएको छ । नयाँ संसद् भवन बनेपछि संसदीय दलका साथै सांसदहरूलाई व्यक्तिगत रूपमा काम गर्ने छुट्टै डेस्क उपलब्ध गराउने योजना सचिवालयको छ । हाल संसदीय दल कार्यालयमा बैठक कक्ष, पदाधिकारीका कार्यकक्ष तथा आवश्यक कर्मचारीको व्यवस्था गरिँदै आएको छ । यसअघि सचिवालयले १२ वटा दल र स्वतन्त्र सांसदहरूका लागि कार्यालय व्यवस्थापन गरिसकेको थियो ।

नयाँ सरकारको...

पृष्ठ १ बाट क्रमशः

प्रधानमन्त्री कार्की अहिले देशका पर्यटकीय र धार्मिक क्षेत्रहरूको भ्रमणमा छिन् । बिहीबार मुगुको रारातल गएकी उनी शुक्रबार सुर्खेतबाट हेलिकोप्टरमा धनुषा पुगेर जानकी मन्दिरको दर्शन गरिन् । त्यसअघि मुस्ताङको मुक्तिनाथ र पछि पशुपतिनाथको दर्शन पनि गरिसकेकी छिन् ।

यसैबिचमा राजनीतिक दलका नेताहरूलाई भेटेर चुनाव सम्पन्न गराउन सहयोगी भूमिका खेलेको भन्दै धन्यवादसमेत दिएकी छिन् । यी गतिविधिले पछिल्ला दिनमा प्रधानमन्त्री कार्की नियमित सरकारी कामभन्दा शान्तिपूर्ण रूपमा चुनाव सम्पन्न भएकामा त्यससँग सरोकार राख्ने पक्षलाई धन्यवाद दिने, धार्मिक/पर्यटकीय भ्रमण र बहिर्गमनको मनस्थितिमा देखिन्छिन् ।

यद्यपि, प्रधानमन्त्रीका प्रेस सल्लाहकार रामबहादुर रावलले भने प्रधानमन्त्री कार्की आफ्नो जिम्मेवारीमा सक्रिय नै रहेकी बताए । 'प्रधानमन्त्रीज्यू काममै हुनुहुन्छ । उहाँले आफ्नो भूमिका निभाइरहनुभएको छ,' उनले भने ।

प्रधानमन्त्रीका दुईजना सल्लाहकारले राजीनामा दिइसकेका छन् । मुख्य सल्लाहकार अजयभद्र खनाल र गोविन्दनारायण तिमिल्सिनाले राजीनामा दिइसकेका प्रेस सल्लाहकार रावलले बताए । खनालले २९ फागुन र तिमिल्सिनाले गत सोमबार राजीनामा दिएका हुन् ।

गृहमन्त्री ओमप्रकाश अर्यालसमेत अहिले मन्त्रालयको सामान्य गतिविधिमा कम सक्रिय देखिएका छन् । मन्त्रालयको प्रकृतिका हिसाबले सुरक्षा मामिलामा संवेदनशील हुनुपर्ने भए पनि साबिकजस्तो नयाँ गतिविधि र निर्णयहरूमा उनी सक्रिय नरहेको मन्त्रालयका अधिकारीहरूले बताए । 'सुरक्षा संवेदनशीलताबाहेक नयाँ कामहरूमा हात हाल्ने गरी सक्रिय हुनुहुन्न,' मन्त्रालयका ती अधिकारीले भने, 'अफिस त सामान्य आइरहनुभएकै छ ।'

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको समेत जिम्मेवारी सम्हालेका अर्थमन्त्री रामेश्वरप्रसाद खनाल मन्त्रालयको भूमिकाबाट अलग्गिएका छन् । आफ्नो सामाजिक सञ्जाल फेसबुकमा स्टाटस लेख्दै उनले आज (शुक्रबार) देखि 'कुलिङ पिरियड' सुरु भएको बताएका छन् । आफ्नो नाम जोडेर 'ड्रायल बेलुन' नफाल्न पनि उनले स्टाटसमार्फत आग्रह गरेका छन् ।

सहरी विकास मन्त्रालयको कार्य जिम्मेवारीसमेत सम्हालेका भूमि व्यवस्थामन्त्री प्रा.डा. कुमार इङ्नाम पनि दुवै मन्त्रालयको कामबाट अलग्गिसकेका छन् । उनी मन्त्रालयहरूको भूमिकाबाट निष्क्रिय छन् । स्वकीय सचिव प्रवेश सिवाकोटीका अनुसार मन्त्री इङ्नाम अहिले दुवै मन्त्रालयको निर्णय प्रक्रियामा संलग्न छैनन् । 'भूमि व्यवस्था मन्त्रालयमा आइतबारदेखि र सहरी विकास मन्त्रालयमा बिहीबारदेखि नै मन्त्रीज्यूले नियमित काम छाडिसक्नुभएको छ,' उनले नयाँ पत्रिकासँग भने, 'मन्त्रीका रूपमा संलग्न हुनैपर्ने र निर्णय गर्नैपर्ने अत्यावश्यक कामबाहेक नियमित गतिविधिमा उहाँ संलग्न हुनुहुन्न ।'

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसमेतको थप जिम्मेवारीमा रहेका वन तथा वातावरणमन्त्री माधवप्रसाद चौलागाईं पनि आफ्नो भूमिकाबाट निष्क्रिय छन् । मन्त्रालयका एक सहसचिवका अनुसार मन्त्री चौलागाईंले पदीय जिम्मेवारीका हिसाबले गर्नैपर्ने सामान्यबाहेक महत्त्वपूर्ण निर्णय गर्न छोडिसकेका छन् । नियमित कार्यालय आए पनि महत्त्वपूर्ण निर्णयमा मन्त्री चौलागाईं संलग्न हुन छोडेका मन्त्रालयका एक अधिकारीले बताए ।

उद्योग, पर्यटन र ऊर्जा मन्त्रालयसमेतको जिम्मेवारी सम्हालेका कानुनमन्त्री अनिलकुमार सिन्हाले समेत सक्रिय भूमिका कम गरेका छन् । उनले केही दिनयता नै महत्त्वपूर्ण निर्णय गर्न छाडेका छन् । 'नयाँ सरकार बन्न लागेकाले उहाँमा बिदाइको मुड देखिन्छ,' मन्त्रालयका एक सहसचिवले भने, 'सक्रियता छोड्नुभएको छ ।'

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री राजेन्द्रसिंह भण्डारी पनि मन्त्रालयका काममा कम सक्रिय देखिएका छन् । गत २१ फागुनको निर्वाचनयता नै मन्त्रीले सक्रियता घटाउँदै लगेको मन्त्रालयका एक अधिकारीले बताए । 'मन्त्रीज्यू महत्त्वपूर्ण निर्णयमा संलग्न हुनुभएको छैन,' ती सहसचिवले भने, 'नयाँ सरकार आउने तरखर भएकाले नयाँ आउने सरकारले नै गर्छ भनेर सक्रियता घटाउनुभएको छ ।'

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री श्रद्धा श्रेष्ठ हालसम्म मन्त्रालयको काममा सक्रिय नै छिन् । मन्त्रालय स्रोतका अनुसार आगामी आइतबारदेखि भने निष्क्रिय हुने संकेत उनले दिएकी छिन् । 'आइतबार मन्त्रीज्यूले धन्यवाद कार्यक्रम राख्नुभएको जानकारी छ,' मन्त्रालय स्रोतले भन्यो, 'सम्भवतः त्यसपछि निष्क्रिय रहनुहुन्छ ।'

स्वास्थ्य तथा जनसंख्यामन्त्री डा. सुधा शर्मा हालसम्म मन्त्रालयका गतिविधिमा सक्रिय छिन् । तर, आइतबारदेखि भने महत्त्वपूर्ण निर्णय नगर्ने र कम सक्रिय हुने स्वास्थ्यमन्त्री शर्माको योजना रहेको मन्त्रालयका एक अधिकारीले बताए ।

कृषि तथा पशुपन्छी विकासमन्त्री डा. मदनप्रसाद परियार भने मन्त्रालयको भूमिकामा सक्रिय नै छन् ।

दुई खिल्ली...

पृष्ठ १ बाट क्रमशः

किशोरले रेनुको हत्या गरे । प्रहरीले घटनामा संलग्न किशोरलाई पक्राउ गरेको छ । घटनाबारे भोलिपल्ट बिहान थाहा पाएका स्थानीयले प्रहरीलाई खबर गरेपछि इलाका प्रहरी कार्यालय बुटवलबाट प्रहरी नायव उपरीक्षक निशान्त श्रीवास्तव र इलाका प्रहरी कार्यालय रन्यौराबाट प्रहरी निरीक्षक प्रलाद केसीको कमान्डमा प्रहरी टोली घटनास्थल पुगेको थियो । घटनास्थल र शवको जाँच मुचुल्का उठाएपछि प्रहरीले अनुसन्धान तथा सोधपुछलाई तीव्रता दिएको थियो । अनुसन्धानले घटनामा एक किशोरको प्रत्यक्ष संलग्नता देखाएपछि पक्राउ गरिएको रुपन्देही प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक कृष्णकुमार चन्दले बताए ।

'चुरोट किन्ने क्रममा वादविवाद हुँदा सोही पसलमा भएको कैँचीले रेनुको अनुहार, टाउको, घाँटीलगायत विभिन्न भागमा बीभत्स तरिकाले प्रहार गरी हत्या गरेर कैँची घटनास्थलमै छाडी फरार भएको देखिन आएको छ,' चन्दले भने । रेनुले चुरोटको पैसा माग्दा किशोरले आक्रमण गरेको उनले बताए । शनिबार पक्राउ परेका किशोरलाई पाँच दिनको म्याद थपेर थप अनुसन्धान भइरहेको छ ।

रेनुको हत्या आरोपी किशोर लागुऔषध सेवनकर्तासमेत रहेको प्रहरीले जनाएको छ । प्रहरीले पक्राउ गरी प्रारम्भिक बयान लिने क्रममा किशोरले घटनामा संलग्न रहेको स्विकारेका छन् ।

'डंकी...

पृष्ठ १ बाट क्रमशः

मानव तस्करीमा लागेको देखियो । उसले २५० युवाबाट ७० करोडभन्दा धेरै जम्मा गरेको देखिन्छ ।' कानुनतः वैदेशिक रोजगारका लागि श्रमिक पठाउन कुनै पनि व्यक्तिले कम्पनी दर्ता गर्नुपर्छ । तर, कलबहादुरले कम्पनी दर्ता गरेका छैनन् । तर, करिब आठ वर्ष अनेक प्रलोभन दिएर युवा अमेरिका पठाइरहे । जब युवा बाटोमा अलपत्र परे, तब ब्युरोमा उजुरी पर्न थाल्यो । उजुरीकै आधारमा प्रहरीले उनलाई एक वर्षअघि पक्राउ गरेको थियो । पुर्पक्षका लागि डिल्लीबजार कारागारमा रहेका कलबहादुरको सम्पत्ति खोजबिन गर्दा अस्वाभाविक देखिएपछि उनीविरुद्ध ब्युरोले गत ४ फागुनमा सम्पत्ति शुद्धीकरणअन्तर्गतको मुद्दा पनि अदालतमा दर्ता गरेको छ ।

'कलबहादुरको सम्पत्ति छानबिन गर्दा अस्वाभाविक देखियो । उसको जति पनि सम्पत्ति छ, सबै मानव तस्करी धन्दाबाटै जोडेको देखिएकाले सम्पत्ति शुद्धीकरणअन्तर्गतको मुद्दा पनि दर्ता गरिएको छ,' ब्युरोका प्रवक्ता एसपी राजन लिम्बूले भने । प्रहरीका अनुसार धन्दामा बस्नेतसँगै रुकुम पूर्वको सिस्ने गाउँपालिका- ५ का ३१ वर्षीय अमित बस्नेत पनि संलग्न छन् । तर, उनी अहिले फरार छ । अमितविरुद्ध पनि ब्युरोले २७ करोड ४५ लाख २९ हजार २८ रुपैयाँ बिगोसहित सम्पत्ति शुद्धीकरण कसुरअन्तर्गतको मुद्दा दर्ता गरेको छ । ब्युरोका एसपी लिम्बूका अनुसार उनले पनि मानव तस्करीबाटै सम्पत्ति आर्जन गरेको अनुसन्धानबाट देखिएको छ ।

'मानव तस्करीमा कलबहादुरसँगै अमित बस्नेत पनि संलग्न रहेका देखिन्छन् । फरार बस्नेतको बैंक खाता र जोडिएको जग्गाजमिन हेर्दा अस्वाभाविक देखिन्छ,' उनले भने, 'त्यसैले उनीविरुद्ध पनि २७ करोड ४५ लाखको बिगो दाबीसहित सम्पत्ति शुद्धीकरणअन्तर्गतको मुद्दा दर्ता भएको छ ।'

पृष्ठ ८ बाट क्रमशः

रमेश कुमार महतो	बटेश्वर ०२	१११८५७८८	धनुषा, २०५८/११/२०	रघु महतो कोइरी	नारायण महतो	सरल कृषि कर्जा	२७६,२१२
१७. ग्राहकको नाम : शिव कुमार महतो		कर्जाका उद्देश्य : घरायसी कर्जा		Customer ID १२७४६१४			
नाम	ठेगाना	नागरिकता नं	जारी भएको जिल्ला र मिति	पिता/पतिको नाम	बाजेको नाम/ससुराको नाम	उद्देश्य	भा.ना.व्याज र साँवा
शिव कुमार महतो	मिथिला - ०१	१७१०९६/१	धनुषा, २०६४/०१/०४	रुपलाल महतो	होतीलाल महतो	घरयासी कर्जा	१,२२८,०८५
१८. ग्राहकको नाम : पूजा रेडिमेट स्टोर		कर्जाका उद्देश्य : व्यापार कर्जा		Customer ID ६८१३४८			
नाम	ठेगाना	दर्ता नं.र मिति	दर्ता भएको कार्यालय	पान	जारी भएको जिल्ला	उद्देश्य	भा.ना.व्याज र साँवा
पूजा रेडिमेट स्टोर	ढल्केवर ,०४	७१९३२३६८/०७१/०७२	घरेलु तथा साना उद्योग कार्यालय, जनकपुर	६०२७५२५२७	धनुषा	व्यापार कर्जा	३,७७७,६१५
	–		प्रोप्राईटरको विवरण	–			
नाम	ठेगाना	नागरिकता नं	जारी भएको जिल्ला र मिति	पिता/पतिको नाम	बाजेको नाम/ससुराको नाम		
लक्ष्मण महतो	ढल्केवर ,०४	६४४०२००४	धनुषा, २०५७/०७/२६	बहादूर महतो कोइरी	रौदी महतो		
१९. ग्राहकको नामः रेश होटल		कर्जाका उद्देश्य : व्यापार कर्जा		Customer ID १७२५७५८			
नाम	ठेगाना	दर्ता नं.र मिति	दर्ता भएको कार्यालय	पान र जारी मिति	जारी भएको जिल्ला	उद्देश्य	भा.ना.व्याज र साँवा
रेश होटल	बटेश्वर ०२	१५५२९/३०९/०७७/०७८	घरेलु तथा साना उद्योग कार्यालय, जनकपुर	६१३६५३२३७	धनुषा	व्यापार कर्जा	१,६०७,८५१
			प्रोप्राईटरको विवरण				
नाम	ठेगाना	नागरिकता नं.	जारी भएको जिल्ला र मिति	पिता/पतिको नाम	बाजेको नाम/ससुराको नाम		
राम कुमार माझी	बटेश्वर ०२	११७९३३४४	धनुषा, २०६२/०५/२२	जयराम माझी	जितु माझी		
२०. ग्राहकको नामः शम्भु माछा पालन फर्म		कर्जाका उद्देश्य : मत्स्य पालन कर्जा		Customer ID १३३८९३९			
नाम	ठेगाना	दर्ता नं	दर्ता भएको कार्यालय	पान	जारी भएको जिल्ला	उद्देश्य	भा.ना.व्याज र साँवा
शम्भु माछा पालन फर्म	धनुशाधम ०६	१०६१६/५१६/०७५/०७६	वाणिज्य विभाग	६०९००९०१५	धनुषा	मत्स्य पालन कर्जा	२,२८९,२७३
			प्रोप्राईटरको विवरण				
नाम	ठेगाना	नागरिकता नं.	जारी भएको जिल्ला र मिति	पिता/पतिको नाम	बाजेको नाम/ससुराको नाम		
श्याम कुमारी देबी	धनुशाधम ०६	१७३०१७/२२	धनुषा,२०६३/१०/१५	सुर्य देव महतो/गंगाई	हितलाल महतो		
२१. ग्राहकको नाम : श्री नारायण यादव		कर्जाका उद्देश्य : व्यक्तिगत ओ.डि.		Customer ID : ६८०७७६			
नाम	ठेगाना	नागरिकता नं	जारी भएको जिल्ला र मिति	पिता/पतिको नाम	बाजेको नाम/ससुराको नाम	उद्देश्य	भा.ना.व्याज र साँवा
श्री नारायण यादव	मिथिला - ०१	२५६६३८१५	धनुषा, २०५१/१२/२१	रामदेव यादव	गणपति यादव	व्यक्तिगत ओ.डि.	१,०२६,३५४
२२. ग्राहकको नाम : श्याम कुमार बस्नेत		कर्जाका उद्देश्य : सरल कृषि कर्जा		Customer ID : ११०४५२०			
नाम	ठेगाना	नागरिकता नं	जारी भएको जिल्ला र मिति	पिता/पतिको नाम	बाजेको नाम/ससुराको नाम	उद्देश्य	भा.ना.व्याज र साँवा
श्याम कुमार बस्नेत	बंगाडावर -८	१११८४६८०	धनुषा, २०४४/१०/२७	न्यैना बहादुर बस्नेत	कर्ण बहादुर बस्नेत	सरल कृषि कर्जा	२२७,८९१
२३. ग्राहकको नाम : यम बहादर पाटा मगर		कर्जाका उद्देश्यः सरल कृषि कर्जा		Customer ID : १५२९५४७			
नाम	ठेगाना	नागरिकता नं	जारी भएको जिल्ला र मिति	पिता/पतिको नाम	बाजेको नाम/ससुराको नाम	उद्देश्य	भा.ना.व्याज र साँवा
यम बहादुर पाटा मगर	गणेशमान चरनाथ ०५	१०३५/१४४३	धनुषा, २०४१/०१/१८	सन्त बहादुर पाटा मगर	मर्कत सिंह	सरल कृषि कर्जा	१,०००,८२१
२४. ग्राहकको नाम : राम दयाल राउत		कर्जाका उद्देश्य : सरल कृषि कर्जा		Customer ID : ६८१०७०			
नाम	ठेगाना	नागरिकता नं	जारी भएको जिल्ला र मिति	पिता/पतिको नाम	बाजेको नाम/ससुराको नाम	उद्देश्य	भा.ना.व्याज र साँवा
राम दयाल राउत	मिथिला - ०३	४९०२३७७	धनुषा, २०४६/११/१०	सिताराम राउत	शिवनन्दन राउत	सरल कृषि कर्जा	१,३६२,३८२
२५. ग्राहकको नाम : मनोहर साह रौनियार		कर्जाका उद्देश्य : सरल कृषि कर्जा		Customer ID : ५४५४६७३			
नाम	ठेगाना	नागरिकता नं	जारी भएको जिल्ला र मिति	पिता/पतिको नाम	बाजेको नाम/ससुराको नाम	उद्देश्य	भा.ना.व्याज र साँवा
मनोहर साह रौनियार	महेन्द्रनगर ०३	४९०२३७७	धनुषा, २०४६/११/१०	सिताराम राउत	शिवनन्दन राउत	सरल कृषि कर्जा	६१,००७
२६. ग्राहकको नाम : उन्नत जातको बंगुर पालन फर्म		कर्जाका उद्देश्य : सरल कृषि कर्जा		Customer ID : १७१७०५७			
नाम	ठेगाना	दर्ता नं	दर्ता भएको कार्यालय	पान	जारी भएको जिल्ला	उद्देश्य	भा.ना.व्याज र साँवा
उन्नत जातको बंगुर पालन फर्म	मि.न.पा ६	११८९९/६५३/०७६/७७	वाणिज्य विभाग	६०८७०३०२८	धनुषा	सरल कृषि कर्जा	१,०५५,४२९
			प्रोप्राईटरको विवरण				
नाम	ठेगाना	नागरिकता नं.	जारी भएको जिल्ला र मिति	पिता/पतिको नाम	बाजेको नाम/ससुराको नाम		
राज कुमार पाख्रिन	ढल्केवर ३	१७३६०७५४१७	धनुषा,२०५२/०८/०५	गर्जमान पाख्रिन	सोमन पाख्रिन		

कृषि विकास बैंक लि.
कर्जा असुली तथा संकलन विभाग
मुख्य कार्यालय रामशाहपथ, काठमाडौं ।

का.नि.इ.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.इ.न. १७/०६९/०७७
मंगलबार १० चैत ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

■ प्रधानमन्त्री कप

कर्णालीविरुद्ध हेमन्तले लिए ६ विकेट

हेमन्त धामी चम्किएपछि सुदूरपश्चिमले प्रधानमन्त्री कप एकदिवसीयमा आफ्नो पहिलो खेलमा कर्णालीविरुद्ध चार विकेटको जित निकाल्यो

नयाँ पत्रिका

हेमन्त धामीले प्रधानमन्त्री एकदिवसीय (पिएम) कप क्रिकेट प्रतियोगिताको सोमबार एकै खेलमा ६ विकेट लिएका छन् । जनकपुर मैदानमा भएको खेलमा हेमन्तको उत्कृष्ट प्रदर्शनको सहयोगमा सुदूरपश्चिम प्रदेशले छिमेकी कर्णालीलाई ४ विकेटले हरायो । उनी चालू पिएम कपमा ६ खेल सकिँदा ६ विकेट लिने पहिलो बलर बनेका छन् ।

कर्णालीले पहिलो ब्याटिङ गरी ३२ ओभरमा सबै विकेट गुमाएर ११९ रन बनाएको थियो । प्रत्युत्तरमा सुदूरपश्चिमले २९.६ ओभरमा ६ विकेटको नोक्सानीमा १२२ रन जोड्दै चार विकेटको जित निकाल्यो । जितसँगै सुदूरपश्चिमले महत्त्वपूर्ण दुई अंक जोडेको छ । कर्णालीका सुनील धमलाले २८ रन, अरविन्द घर्तीले १२ रन तथा विपिन रावलले सर्वाधिक ३३ रनको योगदान दिएका थिए । यसबाहेक अन्य कुनै पनि ब्याट्सम्यानले कर्णालीका लागि गतिलो योगदान दिन सकेनन् ।

कर्णालीले अतिरिक्तबाट २२ रन पाएको थियो । सुदूरपश्चिमका बलरले १५ वाइड अतिरिक्त रन दिएको थियो । यसैगरी, सुदूरपश्चिमले पाँच नोबल फ्याँकेको थियो । पहिलो ब्याटिङ गरेको इनिङ्समा कर्णालीका ओपनर रवीन्द्र शाही, दीपेन्द्र रावत र दिवान पुन डकआउट भएका थिए । अर्जुन चनारा शून्य रनमा नटआउट रहे ।

ह्याट्रिक गर्न भने चुके

कर्णालीविरुद्ध म्यान अफ बनेका हेमन्त दुईपटक ह्याट्रिक विकेट लिन चुकेका थिए । इनिङ्सको तेस्रो बलमै उनले रवीन्द्रलाई आउट पार्दै उत्कृष्ट सुरुवात गरेका थिए । उनले २८औँ ओभरमा तीन विकेट लिँदा पनि ह्याट्रिक गरेनन् । २८.१ ओभरमा उनले घर्ती र २८.२ ओभरमा रावतको विकेट लिएका थिए । २८.६ ओभरमा हेमन्तले रावलको विकेट लिएका थिए । यसैगरी, ३०औँ ओभरमा पनि उनले लगातार दुई विकेट हात पारेका थिए । उनले ३९.४ ओभरमा दिनेश अधिकारी तथा ३०.५ ओभरमा दिवान पुनको विकेट लिए । कर्णालीविरुद्ध कसिलो बलिङ स्पेल गरेका उनले सात ओभरमा एक मेडन राखी १६ रन खर्चदै सर्वाधिक ६ विकेट लिएका थिए ।

सुदूरपश्चिमको मध्यम ब्याटिङ

१२२ रनको सहज लक्ष्य पछ्याएको सुदूरपश्चिमले मध्यम ब्याटिङ गरेको थियो । खड्क बोहराले २३ रन र किरण ठगुन्नाले२६ रनको योगदान दिएका थिए । त्यसपछि मिला बोहराले १८ रन तथा कप्तान शेर मल्लले १० रन जोडेका थिए । यसबाहेक अन्य ब्याट्सम्यानले गतिलो रनको योगदान दिन सकेनन् । राजु रिजाल र नरेन भट्टले समान सात रन जोडेका थिए । नारायण जोशीले ११ बल सामना गरे पनि शून्य रनमा आउट भए । कर्णालीको बलिङमा अनुज चनाराले ६ ओभरमा ३३ रन खर्चेर दुई विकेट लिएका थिए । दिवनले नौ ओभरमा एक मेडन राखी २७ रन दिँदै दुई विकेट हात पारेका थिए । सुदूरपश्चिमले जितमा अतिरिक्त २५ रन पाएको थियो । मुख्य बलर विपिन शर्माको अनुपस्थितिमा कर्णाली बलिङमा कमजोर देखियो । पहिलो खेलमा लुम्बिनीसँग अंक बाँडेको कर्णाली भने दोस्रो खेलमै पराजित भयो ।



सुदूरपश्चिमका हेमन्त धामी

लुम्बिनीको पहिलो जित

कप्तान देव खनाल शतक बनाउन मात्र ८ रनले चुके पनि लुम्बिनी प्रदेशले पिएम कपमा पहिलो जित निकालेको छ । लुम्बिनीले कोशीलाई एक सय ४८ रनको फराकिलोअन्तरले पराजित गऱ्यो । पहिलो ब्याटिङ गरेको लुम्बिनीले ४९.३ ओभरमा सबै विकेट गुमाएर दुई सय ४९ रन बनायो । प्रत्युत्तरमा कोशी ३१.४ ओभरमा अलआउट हुँदा मात्र एक सय एक रन बनायो ।

लुम्बिनी दुई खेलमा तीन अंक जोड्दै शीर्ष स्थानमा छ । कोशी पहिलो खेलमै पराजित भयो । कोशीको इनिङ्समा अंकित सुवेदीले सर्वाधिक ३० रन बनाए । उनले ४६ बलमा तीन चौका प्रहार गरे । लुम्बिनीका सन्तोष यादवले सर्वाधिक चार विकेट लिएका थिए । राजेन्द्र बमले तीन तथा निर्मल गुरुङले दुई विकेट लिए । जनकपुरको रामजानकी बहुउद्देशीय रंगशालामा लुम्बिनीका कप्तान देवले ९२ रन बनाए । उनले एक सय बलमा आठ चौका र एक छक्का प्रहार गरे । ओपनर रञ्जित खड्काले ३५ रनको योगदान गरे । सन्तोष यादव रनआउट हुनुअघि ४८ रन बनाए । पहिलो विकेटका लागि देव र रञ्जितले १३.२ ओभरसम्म ८६ रनको बलियो साझेदारी गरेका थिए । कोशीका सुजन थपलियाले सर्वाधिक चार विकेट लिएका थिए ।

लुम्बिनीको कसिलो बलिङ

लुम्बिनीले दिएको २५० रनको लक्ष्य त्यति गाह्रो थिएन । प्रतिओभर पाँच रनरेटमा ब्याटिङ गर्दा पनि कोशीले सहजै लक्ष्य पछ्याउन सकिन्थ्यो । तर, कोशीको ब्याटिङ अनपेक्षित रूपमा कमजोर देखियो । यसमा लुम्बिनीका बलरले उत्कृष्ट बलिङ प्रदर्शन गरेका थिए । लुम्बिनीको फराकिलो जितमा सन्तोष यादवले घातक प्रदर्शन गरेका थिए । उनले सात ओभरमा एक मेडन राखी ११ रन खर्चेर चार विकेट लिएका थिए । उनले दुई ओभरको अन्तरमा चार विकेट हात पारेका हुन् ।

इनिङ्सको १७.२ ओभरमा सन्तोषले कोशीका सोनु अन्सारी र १७.४ ओभरमा बजागाईंको विकेट लिँदै कोशीलाई ६१-६ को स्थितिमा राखे । त्यसपछि इनिङ्सको १२ ओभरमा फिर्दौस अन्सारी र १९.३ ओभरमा महतोको विकेट लिँदै उनले कोशीलाई ६२/८ को कमजोर अवस्थामा राखे । यसैगरी, राजेन्द्र बमले ६.४ ओभरमा ३० रन खर्चेर तीन विकेट लिए । निर्मल गुरुङले पाँच ओभरमा १६ रन दिँदै दुई विकेट हात पारे । कोशीको ब्याटिङमा अंकित सुवेदीले ४६ बलमा तीन चौकाको सहयोगमा ३० रन बनाए । दीपेश कँडेलले १५ रनको योगदान दिए । सो इनिङमा तीनजना ब्याट्सम्यान डकआउट भए ।

साफ यू-२० च्याम्पियनसिपमा भुटानविरुद्ध नेपालको कठिन जित



खेलको १४औँ मिनेटमै दस खेलाडीमा सीमित भएको भुटानलाई नेपालले २-१ ले हराउँदा सुजन डंगोल र सुवास बमले समान एक गोल गरे

नयाँ पत्रिका

नेपालले साफ यू-२० च्याम्पियनसिपको उद्घाटन खेलमा भुटानलाई २-१ ले हराएको छ । माल्दिभ्सको मालेमा आइतबारदेखि सुरु भएको च्याम्पियनसिपमा नेपाललाई महत्त्वपूर्ण तीन अंक दिलाउने क्रममा सुजन डंगोल र सुवास बमले एक गोल गरेका थिए । दक्षिण एसियाली फुटबल महासंघ (साफ) को आयोजना भइरहेको साफ यू-२० च्याम्पियनसिपमा कमजोर प्रतिद्वन्द्वीलाई हराउँदै नेपालले समूह 'ए' मा तीन अंक जोडेको हो ।

मालेको राष्ट्रिय रंगशालामा नेपाल र भुटानबिचको खेल १५० दर्शकले हेरेका थिए । खेलको १४औँ मिनेटमै भुटान १० खेलाडीमा सीमित भएको थियो । सुरुवातमै नेपालको भन्दा एक खेलाडी कम भए पनि भुटानले राम्रो खेल प्रदर्शन गरेको थियो । भुटानले नेपालविरुद्ध रक्षात्मक रणनीति अपनायो भने प्राप्त मौका दबाब पनि दिइरह्यो । नेपालका गोलरक्षक पेम्बा नोर्बु भोटेलाई फाउल गरेपछि भुटानका थिनले दोहोरो पहेँलो कार्ड पाउँदै मैदान छाडेका थिए ।

त्यसपछिको समयमा भुटानले नेपालविरुद्ध १० खेलाडीमै रहेर प्रतिस्पर्धा गरेको थियो । नेपालले भने विपक्षी टोलीमा एक खेलाडी कम भए पनि फाइदा लिन सकेन । नेपालले दुवै हाफमा समान एक गोल गरेको थियो । भुटानले भने नेपालमाथि दबाब राखेको देखिन्छ । यद्यपि, प्रशिक्षक उर्जेन श्रेष्ठको प्रशिक्षणमा रहेको नेपालले खेलको पाँचौँ तथा ५२औँ मिनेटमा गोल गर्दै प्रतिस्पर्धामा २-० को अग्रता लिएको थियो । भुटानका लागि धेनदुप ग्याल्सेनले एक गोल फर्काएका थिए ।

पाँचौँ मिनेटमै नेपालको अग्रता

समूह 'ए'मा आयोजक माल्दिभ्ससँगै नेपाल, श्रीलंका र भुटान छन् । यो समूहमा भुटानलाई कमजोर रेटिङ गरेको छ । प्रशिक्षक श्रेष्ठले यसपटकको च्याम्पियनसिपमा धर्मेन्द्र कुँवरलाई कप्तानीको जिम्मेवारी दिएका छन् । उनी यू-२० राष्ट्रिय टोलीका नयाँ कप्तान हुन् । उमेर समूहमा पहिलोपटक कप्तानी गर्दै नेपाललाई जित दिलाउन पछि परेनन् । तर, नेपालले जित निकाल्न भुटानविरुद्ध धेरै मिहिनेत गर्नुपरेको थियो । यसअघि यू-२० टोलीका कप्तान सुवाष बम थिए ।

खेलको पाँचौँ मिनेटमै नेपालले भुटानका खेलाडी सेट हुन नपाउँदै १-० को अग्रता लियो । सुजनले बक्सबाट उत्कृष्ट फ्रिकिकमा गोल गर्दै नेपाललाई अग्रता दिलाएका हुन् । भुटानी गोलरक्षक पेन्जोरले सहकर्मीले दिएको बल हातले समातेपछि नेपालले डिबक्सअगाडि सीधै फ्रिकिक प्रहार गर्न अवसर पाएको थियो । सुजनले चलाखीपूर्णरुपमा गोल गरे । पहिलो हाफमा नेपालले १-० ले अगाडि रह्यो ।

खेलको ५२औँ मिनेटमा सुवासले नेपालको अग्रता २-० को बनाए । उनले डिबक्स बाहिरबाट प्रहार गरेको बल सिधै गोलका रूपमा परिणत भएको थियो । खेलको ८३औँ मिनेटमा भुटानले एक गोल फर्कायो । भुटानका लागि धेनदुपले २-१ का लागि गोल गरेका हुन् । त्यसपछि भुटानले बराबरी गोल फर्काउने निकै प्रयास गरेको थियो । तर, नेपालको डिफेन्स तोड्न भुटानले सकेन । नेपाललाई दबाबमा राखी भुटानको बराबरी गर्ने लक्ष्य सफल भएन ।

शीर्ष दुई टोली सेमिफाइनलमा पुग्ने

नेपालले बुधबार दोस्रो खेल श्रीलंकासँग खेल्नेछ । त्यसपछि मात्रै समूहको अन्तिम खेलमा नेपालले माल्दिभ्सको सामना गर्नेछ । समूह 'बी'मा बंगलादेश, भारत र पाकिस्तान छन् । आयोजक सफलतामा दुवै समूहका शीर्ष दुई सेमिफाइनलमा पुग्ने जनाएको छ । फाइनल खेल मालेमै ३ अप्रिलमा छ । प्रतियोगितमा साफका सातवटै सदस्य राष्ट्रहरूको सहभागिता रहेको छ । सहभागी राष्ट्रलाई दुई समूहमा विभाजन गरिएको प्रतियोगिता लिग कम नकआउट अनुसार चलिरहेको छ । नेपालले यो फम्र्याटमा चलेको साफ च्याम्पियनसिप दुईपटक जितेको छ । सन् २०१५ र ०१७ मा नेपालले उपाधि जितेको थियो । भारत सर्वाधिक चारपटकको विजेता हो ।

'लिग रोकिँदा लगानी असुरक्षित'

नयाँ पत्रिका

अखिल नेपाल फुटबल संघ (एन्फा) र राष्ट्रिय खेलकुद परिषद् (राखेप) बिचको लडाइँले आफूहरूको लगानी संकटमा परेको सहिद स्मारक 'ए' डिभिजन क्लब संकटाले जनाएको छ । 'एन्फा र राखेपबिच आन्तरिक लडाइँका कारण पुरुष तथा महिला लिगमा सहभागी क्लबहरूका लगानी चरम संकटमा पर्ने सम्भावना छ,' संकटाका अध्यक्ष इन्द्रमान तुलाधरले सोमबार पत्रकार सम्मेलनमा भने, 'अहिले हामीहरूको खेलाडीमाथि गरिएको लगानी असुरक्षित बनेको अवस्था छ ।'

> राष्ट्रिय पुरुष तथा महिला 'ए' डिभिजन लिग अनिश्चितकालीन रूपमा स्थगित हुँदा खेलाडीमाथिको लगानी संकटमा परेको संकटाका अध्यक्ष इन्द्रमान तुलाधरले बताए

एन्फाकै सिइओसमेत रहेका तुलाधरले एन्फाकै कारण नेपालको फुटबलसमेत अन्योलतर्फ बढी रहेको बताए । राखेपले एन्फाको अधिवेशन रोक्न तीनपटक निर्देशन दिएको छ । तर, एन्फा त्यसविपरीत अधिवेशन गर्न चाहन्छ । खेलकुदका यी दुई प्रमुख निकायबिचको युद्ध मैदानसम्म पुगेको छ । राखेपले निर्देशन पालना नगर्दासम्म आफ्नो स्वामित्वमा रहेको दशरथ रंगशाला प्रयोग गर्न नदिने भनेपछि एन्फाले १२ चैतमा हुने नेपाल र हङकङबिचको मैत्रीपूर्ण अन्तर्राष्ट्रिय खेल स्थगित गरेको छ ।

स्वदेशी र विदेशी खेलाडीले मैदानमा प्रतिस्पर्धा गर्न नपाउँदा उनीहरूको भविष्यसमेत अन्योल भएको तुलाधरले बताए । 'संकटाले राष्ट्रिय टोलीको ब्याकअप बनाउन विभिन्न उमेरसमूह सञ्चालन गरिरहेको छ । अहिले खेलाडीहरूले मैदानमा प्रतिस्पर्धा गर्न पाएका छैनन्,' उनले भने, 'यस्तो अवस्थामा कसरी खेलाडीहरूले आफ्नो भविष्य फुटबलमा देख्छन् । वर्तमान अवस्था सक्दो समाधान होस् भन्ने संकटा मात्र नभएर अरू क्लबको पनि चाहना हो ।'

एन्फाकै सिइओ भए पनि उनले घुमाउरो रूपमा एन्फाको निर्णयप्रति असन्तुष्टि व्यक्त गरे । 'हामीले सबै प्रक्रिया पूरा गरेर मात्रै पुरुषतर्फको राष्ट्रिय लिग तथा पहिलो संस्करणको सहिद स्मारक 'ए' डिभिजन लिगमा सहभागिता जनायौँ, तर अहिले आएर लिग नै स्थगित भएको छ,' उनले भने, 'यसले हाम्रो ठुलो लगानी जोखिममा परेको छ । एन्फाकै कारण लगानी असुरक्षित बनेको महसुस गरेका छौँ ।'

प्रिमियरलाई फुटबल र बास्केटबलमा उपाधि



काठमाडौं/ प्रिमियर इन्टरनेसनल आइबी कन्टिनम स्कुलले अन्तरविद्यालय प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्दै दुईवटा उपाधि जितेको छ । प्रिमियरले फुटबल र बास्केटबलतर्फ उपाधि जितेको हो । प्रतियोगिताअन्तर्गत बास्केटबलमा प्रिमियर च्याम्पियन बनेको हो । फुटबलको उपाधि भिडन्तमा आर्जल अधिकारीको उत्कृष्ट प्रदर्शनको सहयोगमा प्रिमियरले जिइएमएसलाई टाइब्रेकरमा ५-४ ले हरायो । ब्रिटिस स्कुललाई २-० ले पराजित गरेको थियो । बास्केटबलमा प्रिमियरले फाइनलमा बिकेएसपी बंगलादेशलाई ६७-४३ ले पराजित गर्दै उपाधि हात पारेको हो ।

माद्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थुमाकोडाँडा, कास्की
गण्डकी प्रदेश

माद्री गाउँपालिका

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८२/१२/१०

यस कार्यालयको मिति २०८२/११/०१ गतेको "नँया पत्रिका राष्ट्रिय दैनिक" पत्रिकामा प्रथम पटक प्रकाशित सूचना अनुसार विभिन्न कार्यको लागि E-Bidding मार्फत आह्वान भई तोकिएको म्यादभित्र दर्ता हुन आएका बोलपत्रहरू मध्ये बाट तपशिल बमोजिमका बोलपत्रदाताको बोलपत्र अधिकतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएको देखिएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ को उपदफा २ तथा सोही ऐनको दफा ४७ समेतको प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल :

ठेक्का नं.	कामको विवरण	बोलपत्रदाताको नामर ठेगाना	कबोल रकम रु. Including (V.A.T. and P.S)	कैफियत
MRM/NCB/ W09/082-083	Construction and Upgrading of Jyamdu-Yangjakot Sadak at Madi R.M-3	Delight Builders and Consultant,New baneshwor, Kathmandu,Nepal	NRs.54,64,140.16/-	

प्रमुख प्रशासकीय अधिकृत

Neelakantha Municipality
Office Of Municipal Executive
Dhadingbesi, Dhading

Invitation For Bids

Date of Publication: 24th March, 2026

1. Neelakantha Municipality invites electronic bids from eligible bidders for the execution of below mentioned works under National Competitive Bidding Procedures.
2. The Detailes of projects are tabulated below.Bidding is open to all eligible Nepalese Bidders.

S.N	Identifiction No.	Name Of Project	Estimated Amount (Without VAT and Contingencies including P.S) (NRs)	Bank Address for Bid Document Fee	Bid Document Fee(NRs)	Bid Security Amount(NRs)	Bank Address for Bid Security Amount	Last Date Of Bid Submission	Bid Validity/Bid Bond Validity Period
1	NEE-NCB:-22/2082/83	Chaptari Tintale and Manakamana Tole Road Upgrading Works	6,331,390.16	Rastriya Banijya Bank,Dhadingbesi Branch,Amount to be deposited in the name of Office of Municipal Executive Neelakantha Muicipality Office Deposit Account No.:-1030100301010006	3,000.00	160,000.00	Rastriya Banijya Bank,Dhadingbesi Branch,Amount to be deposited in the name of Office of Municipal Executive Neelakantha Muicipality Office Deposit Account No.:-1030100303000006	24th April, 2026, 12:00 Hrs	90 days from last date of bid submission shall be valid for 30 days beyond the validity period of the bid.

3.Eligible bidder may obtained further information from PPMO's website www.bolpatra.gov.np/egp
4.The Bid will be opened in the presence of Bidder's representative who choose to attened at24th April, 2026 of 14:00 Hrs at the office of Nelakantha Municipality,Dhadingbesi Dhading
5. Neelakantha Municipality,Dhadingbesi,Dhading reserves the right to accept or reject any bid and annual the process and reject all bids at any time prior to contract award.

Chief Administrative Officer

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com